सूचना र मनोरञ्जनको सँगालो
कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
# साप्ताहिक
saptahik.ekantipur.com
● वर्ष २५ ● अंक ४ ● FRIDAY, 7 JUN 2019 ● काठमाडौं शुक्रबार, जेठ २४, २०७६ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-




# चिन्ता हिमालको

मध्यपृष्ठमा
शुभेच्छा



## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | गलबन्दी | च्यानल | प्रकाश सपूत |
| २ | सभ्यसाची | च्यानल | आदित्य म्युजिक |
| ३ | कारण खुल्यो | च्यानल | तातातो खबर |
| ४ | स्टुडेन्ट लाइभ | च्यानल | आशिष चाँचलानी |
| ५ | मिस्टर डि | च्यानल | मि.डि अफिसियल |
| ६ | १६ वर्षे सुन्दरी | च्यानल | माइक्रोलिंक |
| ७ | एक्स्क्लूसिभ भोजपुर | च्यानल | स्मार्ट नेपाल |
| ८ | भद्रगोल-२१३ | च्यानल | मिडिया हब |
| ९ | श्रीमती काण्ड | च्यानल | रामसार मिडिया |
| १० | के हो त श्रीमती काण्ड | च्यानल | साइघाली अनलाइन |

भूकम्प आउँछ भन्ने ज्योतिष पक्राउ पऱ्यो । अब हावाबाट बिजुली, पानी जहाज र रेल आउँछ भन्नेको पालो कहिले आउने हो कुन्नी ?

**अशु थापा**

भविष्यवाणी गरेअनुसार भूकम्प आयो भने ज्योतिष बाजे छुट्छ कि नाईं ? हल्का जिज्ञासा !

**सुवास बोस**

भ्रम, आतंक, सपना र झुठा आश्वासन फैलाउने सबै कानुनी दायरामा आउनुपर्छ। कानुन सबैलाई समान रूपमा लागू होस्।

**रोहिणी**

भूकम्प आउँछ भनेर हल्ला फैलाउने ज्योतिषलाई त पक्रिस, अब पानी जहाज र रेल आउँछ भनेर हल्ला फैलाउनेलाई कैले पक्रिन्छस् सरकार ?

**प्रकाशकुमार खड्का**

भूकम्पवाला ज्योतिष जेल परेपछि धेरैले भने-रेल, पानी जहाज, समृद्धि, हावाबाट बिजुलीको गफ गर्ने गफाडीलाई जेल कोच्ने हिम्मत छ भनेर । को रै'छ त्यो हँ गफाडी ?

**विमल ढकाल**

देशमा ठूलो भूकम्प आउँदैछ भनेर भविष्यवाणी गर्ने ज्योतिष भनिने अर्जुन क्षेत्रीलाई आफैंमाथि यसरी महाभूकम्प आउँछ भन्ने त चालसमेत थिएन होला है ? पीडा छ हजुर ।

**मदन क्षेत्री**

जेठमा भूकम्प आउँछ भन्ने ज्योतिषलाई मात्र होइन, अघिल्लो दसैंमै मेलम्ची आउँछ, एक वर्षमा रेल आउँछ, एक वर्षमै नेपालमा तेलखानी सञ्चालनमा आउँछ भनेर जनतालाई उल्लु बनाउने र अफवाह फैलाउने नेतालाई पनि पक्राउ गर सरकार- यो कुरा ज्योतिषको सपोर्टमा गरेको होइन है ।

**प्रदीप**

जेठमा भूकम्प आउँछ भन्ने ज्योतिष समातियो । अघिल्लो साल दसैंमा मेलम्ची आउँछ भन्ने नेता/मन्त्री अनि एक वर्षमा पानी जहाज आउँछ भनेर अफवाह फैलाउने, देश विकास हुन्छ भनेर सोझा-साझा जनताको आँखामा छारो हाल्नेहरू चाहिँ कहिले पक्राउ पर्छन् सरकार ?

**अनु सापकोटा**

जेठमा भूकम्प आउँछ भन्ने ज्योतिष, अघिल्लो दसैंमा मेलम्ची आउँछ, माघमा पानी जहाजको टिकट काटेर बस्नु पानी जहाज आउँछ, एक वर्षमा रेल आउँछ, एक वर्षमै नेपालमा तेलखानी आउँछ, सिलिन्डर फाल्नुस्, अब घर-घरमा ग्यासको पाइप आयो भनेर नआउँदा अब ती पनि पक्राउ पर्ने त होइनन् ? लुक्ने पो हुन् कि ?

**मनिष गिरी**

भूकम्प कति बेला जान्छ भनेर हेर्ने ज्योतिषले आफू कति बेला जेल जान्छु भनेर हेर्नै बिर्सिएछन् ।

**विष्णु**

देशमा शक्तिशाली भूकम्प आउँछ, राजा फर्कन्छन्, यही जेठभित्र अनिष्ट हुन्छ भन्ने अफवाह फैलाउँदै आमजनतामा त्रास फैलाउने स्वघोषित ज्योतिष अर्जुन क्षेत्री पक्राउ । यत्रो भविष्यवाणी गर्न सक्नेले आफूलाई पुलिसले पक्राउ गर्दैछ भन्ने चैं कसरी थाहा पाएनछन् त ?

**सिरु शर्मा**

भूकम्प आउँछ भन्ने ज्योतिषलाई पुलिसले पक्राउ गरेछ, आएन भने सुसाइड गर्छु त आफैं भन्दैथ्यो भन्न त ।

**प्रविशा पन्त**

जेठमा भूकम्प आउँछ भन्ने ज्योतिष समातिएछ, मेलम्ची आउँछ भनेर त्रास फैलाउनेलाई चाहिँ के हुन्छ सरकार ?

**मन्जिल भाइ**

भूकम्पको भविष्यवाणी गर्ने ज्योतिष पक्राउ हुँदा रेल र पानीजहाजको टिकट काट्न लगाउने मेलम्चीको पानी घर-घरमा बाँड्ने दिन घोषणा गर्ने तथा ग्यासको पाइप भान्छा-भान्छामा पुऱ्याउने भविष्यवाणी गर्ने ज्योतिषीहरूले मुख छोप्नु पर्ने होइन ?

**प्रमिला चापागाईं**

एउटा हावाको गफलाई लिएर ज्योतिष विद्या र यो पेसालाई नडुबाऔं । ज्योतिष शास्त्र एउटा एक विशिष्ट विद्या हो । ज्योतिषीले बनाएको पात्रो सधैं मिल्छ, ग्रहण भनेकै समयमा लाग्छ । भूकम्प, मान्छेको आयु यो विद्याको क्षेत्र नै होइन ।

**अशोक दाहाल**

फलानो दिन भूकम्प आउँछ भनेर सर्वसाधारण जनता तर्साउने ज्योतिषलाई पक्रेर प्रहरीले फेरि जनताको मन जितेको छ । त्यस्ता पागललाई आजीवन जेल सजाय दिनुपर्छ । २०७२ साल वैशाखको भूकम्पपछि समाजमा यस्ता समूहको चलखेल बढ्दो छ । यसमा अझ बढी सक्रिय समाजसेवी भनाउँदाहरू छन् ।

**डा.एलिया अर्याल**

भूकम्प आउँदैछ भन्ने ज्योतिष अर्जुन क्षेत्रीलाई प्रहरीले आफूलाई समाउँदै छ भन्ने चाहिँ थाहा थिएन होला, तर हाँसो लाग्दो कुरा त के छ भने ती नक्कली ज्योतिष लाइभमा आउँदा आफ्नो भाग्य बताइदिनु न गुरु भन्दै कमेन्ट गर्ने केही साथीहरू अहिले मज्जाले विरोध गर्दै फोटो सजाइरा'छन् फेसबुकमा ।

**राज रिमाल**



■ **वातावरण दिवस** : विश्व वातावरण दिवसको अवसरमा रूख रोप्दै अभिनेताहरू दीपकराज गिरी, केदार घिमिरे, निर्देशक दीपाश्री निरौला आदि ।



■ **देवानन्दसंग** : गायक आनन्द कार्कीसँग सन् २००९ मा खिचिएको तस्बिरमा दिवंगत बलिउड अभिनेता देवानन्द ।





■ **कीर्तिमानी विमोचन** : गीतकार बीबी थापाले यसै साता २७ वटा गीति एल्बम तथा दुई पुस्तक एउटै समारोहमा विमोचन गरेर नयाँ कीर्तिमान कायम गरेका छन् ।



■ **बबाल एलिसा** : अर्जुन पौडेल र मीना निरौलाको 'बबाल...' गीतको म्युजिक भिडियोमा भीमफेदी गाइजसँगै नृत्य गर्दै अभिनेत्री अलिशा राई ।

## फोटो अफ दि विक



■ **सुन्दर अन्जु** : गायिका अन्जु पन्तको ताजा तस्बिर ।



■ **इद मुवारक** : इदको शुभकामना दिँदै गायक तथा मोडल आमिर शेख ।



■ **आनन्दको एकल गायन** : संगीतकार आनन्द राईको एकल गायन कार्यक्रममा गायक रामकृष्ण ढकाल ।

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

कान्तिपुर को
# करोडपति
## सिजन-३
चलो होइन त फेरि करोडपति!

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको
वार्षिक ग्राहक बन्नुहोस् र लक्की ड्रबाट जित्नुहोस्

१० लाख मासिक पुरस्कार

१ करोड बम्पर पुरस्कार

१ लाख साप्ताहिक पुरस्कार

* शर्तहरु लागु हुनेछन् ।

**पक्का पुरस्कार**
• शिखर ईन्स्योरेन्सको रु.५ लाखको दुर्घटना बीमा • स्वास्थ्य बीमामा रु.७५० छुट

Shikhar Insurance
Happysurance

स्क्र्याच कार्ड मार्फत् रु.२०० देखि रु.२५०० सम्मको छुटका साथै जित्न सक्नुहुनेछ



BALTRA एलइडी टिभी. ASUS ल्यापटप स्मार्ट फोन ब्लुटुथ स्पीकर वायरलेस हेडफोन स्मार्ट वाच

**ग्राहक अवधि बाँकी रहेकाहरुले पनि समय बढाएर यस योजनामा सहभागी हुन सक्नुहुनेछ । "जति छिटो ग्राहक बन्नुहुनेछ, जित्ने मौका त्यति नै बढ्नेछ ।"**

कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नको लागि SUB<space> आफ्नो नाम टाइप गरी ३८०८० मा पठाउनुहोस (NTC प्रयोगकर्ताकालागि मात्र)। एस.एम.एस र अनलाईन सब्सक्रीप्सनका लागि २४ घण्टा भित्र विस्तृत विवरण सहित हाम्रा प्रतिनिधिहरुले तपाईंलाई सम्पर्क गर्नेछन्।




टोल फ्रि नम्बर: १६६० ०१ २२२२२ (NTC), ९८०१ ५७ २२२२ (Ncell) काठमाडौं: शिशिर राज पाण्डे ९८४११६६७८४, राम कृष्ण घिमिरे ९८५१०९८९४४ चितवन: शंकर न्यौपाने ९८५६०४४१४० पोखरा: राजेश पौडेल ९८५६०२५८८५, नेपालगंज: अशोक श्रेष्ठ ९८५८०३०६७७, विराटनगर: अनुज लाल कर्ण ९८५२०२८१२३

We Accept
fonepay payments फटाफट

KANTIPUR DAILY THE KATHMANDU POST


1 Open your mobile banking / eSewa app

2 Scan this code, confirm the payment details and make quick payment.

eSewa
www.esewa.com.np

कान्तिपुर गाथा

# भण्डारखालको नियति



किशोर नेपाल



तस्बिर : नवराज बारो

कान्तिपुर शहर मानिस नै मानिसको समूहले लवालव भरिएको छ । मानिसलाई एकातिर समृद्ध संस्कृतिले मन्त्रमुग्ध तुल्याइरहेको छ भने अर्कातिर श्वास-प्रश्वासमा भएको निरन्तर गडबडीले विक्षिप्तजस्तै बनाएको छ । देशका सबै प्रदेशका मानिस नेपाली शासकीय शक्तिको केन्द्र कान्तिपुरमै रमाउन चाहन्छ । कान्तिपुर उपत्यका नछिरेसम्म उन्नतिको सम्भावना सान्है कम छ । प्रदेशहरू गठन भए पनि अहिलेसम्म शक्तिको विस्तार भएको छैन । एक प्रकारको दुर्दशामा बाँचेका छन् जनता । देशमा दलाली प्रथा मजबुत र जनप्रिय हुँदैछ । दलाली प्रथाको संस्थागत विकासमा राज्यले विशेष ध्यान दिएको बल्ल मालुम हुन थालेको छ सर्वसाधारणजनतालाई । पशुपतिनाथदेखि आदिनाथसम्म- परम शक्तिशाली ईश्वरहरूको स्वामित्वमा रहेका उपत्यकाका बहुमूल्य जग्गाहरू निजी स्वामित्वमा दर्ता हुन थालेका छन् ।

एकातिर ईश्वरको स्वामित्वमा रहेका जग्गा निजी स्वामित्वमा दर्ता हुने अभियान चलिरहेको छ भने अर्कातिर सरकारकै स्वामित्वमा रहेको जग्गामा सरकारको हकदावी नलाग्ने वातावरण बन्दै गएको छ । डेढ दशकअघि हत्या गरिएका राजा वीरेन्द्रको सम्पत्तिको जगेर्ना गर्न नेपाल सरकारले स्थापना गरेको थियो- नेपाल ट्रस्ट । उक्त ट्रस्टले राजदरबारको दक्षिणी मूल ढोका अगाडि (पहिले जाँचबुझ केन्द्र रहेको जग्गा) पर्यटन क्षेत्रका एक जना सर्वाधिक सफल व्यवसायीको जिम्मा लगायो । (ती व्यवसायी पाथीभरा हेली दुर्घटनामा मारिए ।) अहिले त्यो जग्गामा विशाल भवन ठडिँदैछ । यसमा दलालहरूले लामै हात बजाएको चर्चा दरबारमार्गको बजारमा चलेको छ । एक जमाना यस्तो पनि थियो दरबारमार्गमा अग्ला भवन बनाउन प्रतिबन्ध थियो । अहिले त्यो प्रतिबन्ध छैन । बरु, दरबारको जग्गा कतै बिचौलियाले अरुकै नाउँमा दर्ता गराई त सकेनन् ? भन्ने आशंका बढ्न थालेको छ ।

दुई तिहाइभन्दा चर्को बहुमतको वर्तमान सरकार 'जनताको बहुदलीय जनवाद' मा विश्वास गर्छ । त्यसैले प्रधानमन्त्रीको सरकारी निवास वरपरको सयौं रोपनी जग्गा दलालको कब्जामा गैसकेको जानकारी हुँदाहुँदै पनि चुप छ । पहिलो त जनताको बहुदलीय जनबादबाट प्रेरित सरकारले कब्जा गर्ने जनताको हकलाई चुनौती दिने मिलेन । दोस्रो, बालुवाटार जमिनको कब्जामा जबज पार्टीका सुकुमवासी महासचिवको सीधा संलग्नता देखिएपछि त्यसमा कारवाही गर्न अप्ठेरो भयो । यस विषयमा बढी चर्चा नचलोस् भन्नका खातिर सरकारले आफ्ना प्रवक्तालाई सत्य-तथ्य कुरा पर्दा बाहिर ल्याउने आदेश दियो । सरकारी आदेशको पालना गर्दै प्रवक्ताले महासचिवलाई बालुवाटार जग्गा खरिद गरेबापत क्षतिपूर्ति दिनुपर्ने तर्क अघि सारे । राजनीतिक वातावरणमा खैलाबैला भयो । जनताले शुभमंगल कुरा सुन्ने अवसर पाए ।

आजको यो स्तम्भ 'देवस्व' र 'राजस्व' अधीनस्थ जग्गा दलालीमा लगाएर अबौं हसुर्ने बिचौलियाका सम्भावित सिकारका बारेमा छ । कान्तिपुर उपत्यकाभित्र बिचौलियाले हसुर्न सक्ने महत्वपूर्ण जग्गा देखिएको छ भण्डारखाल । श्री पशुपतिनाथमा प्रतिदिन चढाइने फूल फुलाउने बगैंचाका रूपमा प्रसिद्धि कमाएको भण्डारखाल पशुपति क्षेत्र र त्यसवरपरका बस्तीको अपूर्व शोभा हो । यतिबेला भण्डारखालको संरक्षण गर्नुपर्ने अवस्था उत्पन्न भएको छ । यसलाई घेर्ने पर्खाल जीर्ण अवस्थामा छन् । पश्चिमतिरको पर्खालको ठूलै भाग भत्किएको छ । उक्त पर्खाल यसरी भत्किँदै जाने हो भने भण्डारखालमाथि बिचौलियाहरूको अतिक्रमणको सम्भावना द्रुततर गतिमा बढ्नेछ । यो तथ्यमाथि सम्बन्धित सबैको ध्यान जानु आवश्यक छ । यसमा स्थानीय सरकारले आफ्नो स्रोतको परिचालन गर्न सक्ने अवस्था विद्यमान छ । काठमाडौं महानगरपालिका देशका अन्य पालिकाहरूको तुलनामा स्रोत सम्पन्न छ । उसले चाहयो भने एउटा होइन वडैपिच्छे एक-एकवटा भण्डारखाल बनाउन सक्छ ।

पशुपतिक्षेत्र एक विकास कोषअन्तर्गत चलेको छ, तर विकास कोषका निर्णय दूरदर्शी छैनन् । भण्डारखाल विकास कोष अन्तर्गत पर्छ कि पर्दैन ? यो त थाहा भएन । कोषले भण्डारखालजस्ता प्राकृतिक सम्पदाको उपेक्षा गर्न मिल्दैन । भण्डारखालको पूरै वातावरणमा अहिले फोहोर फैलिएको छ । जंगलको रेखदेख र संरक्षण भएको देखिँदैन । फूलको बगैंचा पनि पहिलेको जस्तो झकिझकाउ छैन । खोइ कुन्नि किन हो, भण्डारखालको खण्डीकरण गरिएको छ अहिले । त्यस्तो खण्डीकरण हेर्दा मानिसको मनमा झसक पस्छ, कतै भण्डारखाल पनि बिचौलियाहरूको हातमा परिसकेको त होइन ? त्यसो त पक्कै नहोला, तर जति लामो समय यसलाई यथास्थितिमा राखिन्छ त्यति नै यसमाथि अतिक्रमणको तलबार झुण्डी रहिरहन्छ । सम्भव छ भने गौशालादेखि मित्रपार्कसम्म बाइपास बनाएर भण्डारखाललाई एकमुस्ट वनकाली र मृगस्थलीसम्म जोड्न सकिन्छ । त्यसका लागि मजबुत कलेजो भएको प्रशासक चाहिन्छ । बिचौलियाले सम्पूर्ण शासन-प्रशासनलाई खेलाउने परिस्थिति रहेसम्म यस्ता ठोस निर्णय हुन गाह्रो छ ।

सबैभन्दा ठूलो कुरा भण्डारखाललाई सुन्दर फूलहरूको बगैंचा र पार्कका रुपमा विकसित र व्यवस्थित गर्न सकिन्छ । भण्डारखाललाई पार्कका रुपमा विकास गरेर स्थानीय मानिसहरूलाई यसको सदस्य बनाउन सकिन्छ । मानिसहरू बिहान-बेलुका यहाँ आएर खुला आकाशमा सास फेर्न र आराम गर्न सकून्, तर जनताको बहुदलीय जनवादको सफल कार्यान्वयनका लागि धनवाद प्रोत्साहित भैरहेको समयमा यस्ता साना तर महत्वपूर्ण योजनामा कसैले चासो देलान् र ?

पाठक मञ्च

## नारीलाई आरक्षण दिने मात्र होइन, सक्षम बनाऔं



नारी ईश्वरको अद्भुत रचना हो । नारीलाई देवीको प्रतीक मानिएको छ । नारी रचनाकी खानी हुन् । नारीले नौं महिनासम्म शिशुलाई आफ्नो गर्भमा राख्छिन् । नौ महिनापश्चात् उसलाई जन्म दिन्छिन् र हुर्काउँछिन् । जन्म र पालनपोषणका साथसाथै संस्कार पनि दिन्छिन् । आफ्नो शिशुको खुशी हेरेर प्रसूति व्यथा समेत बिर्सन्छिन् । यसरी नारीले यो संसारमा रचना अर्थात् सिर्जनाको भार बहन गर्छिन् । त्यसकारण नारी साच्चै नै महान् हुन्छन् ।

हाम्रो पितृसत्तात्मक वा पुरुष प्रधान समाजले नारीको साहस, सक्षमता र योगदानलाई रत्तिभर पनि सराहना गरेको पाइँदैन । दुई चार नारीले उच्च पद हासिल गर्दैमा सम्पूर्ण नारीको परिवेश आँकलन गर्न सकिँदैन । केही नारीले आफ्नो सही मूल्यांकनका आधारमा नाम र प्रसिद्धि कमाएका छन् भन्दैमा सम्पूर्ण नारीलाई मापन गर्न कदापी मिल्दैन । अझै पनि हाम्रो समाजमा नारीको अवस्था दयनीय छ । हाम्रो समाज नारी हिंसाले ग्रसित छ । नारीले पाउने अधिकार र सम्मानमा अझै पनि प्रशस्तै कमी-कमजोरी छन् ।

महिला आरक्षण दिँदैमा नारीलाई मूल प्रवाहमा समावेश गर्न सकिँदैन । केहीलाई सकिएला तर सम्पूर्णलाई कदापी होइन । महिलालाई आरक्षण होइन, अवसर चाहिन्छ । महिलाहरू पुरुषको तुलनामा कम क्षमतावान् हुँदैनन् । महिलालाई आरक्षणमा मात्र सीमित गर्नु भनेको महिलामा अन्तरनीहित क्षमता उजागर नगर्नु हो । महिलालाई आरक्षणको साटो आत्मनिर्भर बनाउने खालका योजनाहरू ल्याउनुपर्छ ।

घरको कामको बोझ, बालबच्चाको पालनपोषणको जिम्मेवारी, घरायसी समस्या आदि-इत्यादिको बोझ हुँदाहुँदै पनि नारीहरू ब्याएसम्म अग्रता हासिल गर्ने प्रयासमा लागिरहेकै छन् । तैपनि उनीहरूलाई पाखा लगाउने प्रवृत्ति बढ्दो छ । यदि त्यस्तो नभएको भए पटक-पटक नारी हिंसाका घटना दोहोरिने थिएनन्- कहिले बलात्कार त कहिले मरन्नासन्न हुने गरि कुटपिट, कहिले जिउँदै जलाउने प्रयासका रूपमा ।

वीरगन्जमा सुनिता यादवलाई उनकै श्रीमान् डा. सच्चितानन्दले मरन्नासन्न हुने गरी कुटपिट गर्नु र अस्पतालमा उनको मृत्यु हुनु तथा सिरहाको कल्याणपुरमा कंचन मण्डललाई जिउँदै जलाएर मार्नु नारी हिंसाका ताजा घटना उदाहरणका रूपमा छन् । अझ निर्मला पन्तको बलात्कार पछि हत्याले त सबैलाई मर्माहत तुल्याएको छ । यी सबै नकारात्मक सोच र रूढीवादी परम्पराका उपज हुन् । नारीलाई हाम्रो समाजमा वेतलबी नोकरका रूपमा लिने प्रयास गरिएको छ । दिनभरि काम गर्ने तर खाना खाने बेलामा सबैभन्दा पछि खानुपर्ने, कहिलेसम्म नारीलाई थिचेर राख्ने हो यो समाजले ? नारीलाई तुच्छ मान्ने समाजको यो रोगी मानसिकता जरैदेखि उखेलेर फाल्न हामी सबै एकजुट हुनैपर्छ ।

**मीना गुप्ता**

दरबार हत्याकाण्डसम्बन्धी संग्रह राम्रो छ । (दरबार हत्याकाण्ड, प्रत्यक्षदर्शीले के देखेका थिए) नेपालको इतिहासमा यो एउटा कालो दिनका रूपमा सम्झिनेछ । नेपाली मनका राजाको वंश विनाशको रहस्य कुनै न कुनै समय त पक्कै खुल्नेछ । बयान पढ्दा प्रत्यक्ष देखेका भनिएकाहरू आतंकित तथा डराएका पाइन्छन् ।

**मौसम पनेरु**

छानबिन समितिले स्वतन्त्र रूपमा छानबिन गरेजस्तो देखिँदैन । (दरबार हत्याकाण्डको छानबिन गर्ने कानुनी अधिकार थिएन) आफूभन्दा शक्तिशालीहरूसँग बयान लिँदा चाकडी-चाप्लुसीको भाषामा प्रश्न सोधिनु अनि जनताको आँखामा छारो हाल्न कानुनी अधिकार नै नदिई गरिएको अनुसन्धानको के विश्वास गर्ने ?

**प्रतिमा पौडेल**

एवार्ड पाउने सबै बधाईका पात्र हुन् । (४८ विधामा जिनियस म्युजिक एवार्ड) यी विधालाई सरसर्ती हेर्ने हो भने सबैलाई खुसी तुल्याउने प्रयास गरिएजस्तो देखिन्छ । तथापि स्रष्टाको हौसलाका लागि भए पनि यसलाई सकारात्मक रूपमा लिनुपर्छ ।

**रिसी परियार**

पुराना गायक सञ्जिव पराजुली चर्चामा छन् । (नाइँ मलाई थाहा छैन देखि कर्के नजरसम्म) उनको लामो साधना र तपस्याले भर्खरै फल प्राप्त गर्दैछ । आगामी दिनमा पनि उनको कणप्रिय स्वर सुन्न पाइरहुँ– उनका नयाँ-नयाँ गीत आइरहुन् ।

**भूषण थारु**

सबैले बलेको आगो नै ताप्ने हुन् । (मोदीप्रेमी कलाकार) सत्तामा भएकाहरूको जी-हजुरी गर्नु दक्षिण एसियाको संस्कार नै हो । यसमा त्यति आश्चर्य मान्नु पर्दैन । नेपालमा पनि अधिकांश कलाकार जुन नेता सत्तामा हुन्छ उसकै वरिपरि घुमेको देखिएकै हो ।

**लवण्ड थापा**

तपाइले देखेको या भोगेको कुनै पनि समसामयीक विषयमा बढीमा ३०० शब्दमा आफ्नो विचार saptahik@kmg.com.np वा visa.kafle@kmg.com.np मा पठाउनुहुन अनुरोध छ । उत्कृष्ट विचारलाइ आगामी अंकमा स्थान दिनेछौं ।

समय सन्दर्भ

# काठमाडौं जिन्दगी



अधिकारी रवीन्द्र



भनिन्छ, काठमाडौं सपना र रहरको सहर हो, तर होइन रहेछ । यो बाध्यता र विवशताको सहर हो । सायद यहाँबाट धेरै मानिस उम्कन चाहन्छन् तर सक्दैनन् । धेरैजसोले यसलाई स्थायी थलो मानेका हुँदैनन् । कोही यहाँ दाम कमाउन छिरेका छन्, कोही नाम कमाउन । कोही डिग्री बढाउन, कोही डिभी भराउन । कोही घडेरी बेचाउन, कोही दुःख बेसाउन । काठमाडौं ट्रान्जिट प्वाइन्ट हो । घर नहुने मध्यमवर्गीय व्यक्तिले काठमाडौंमै दीर्घ रूपले बस्छु भनेर अड्डी कसेको हुँदैन । दुई-चारवटा घर काठमाडौंमा भएकाहरूपनि एउटा घर अरू कुनै ठाउँमा किन्न लागिपरेका हुन्छन्, बुढेसकालमा आफू बस्न । पैसा हुनेहरू काठमाडौं खाल्डोमा भएका दूतावासहरूमा भिसा लगाउन धाइरहेका हुन्छन् । उनीहरूको रोजाइ युरोप, अमेरिका वा अस्ट्रेलिया हुन्छ । पैसा नहुनेहरू पनि म्यानपावरको लाइनमा पंक्तिबद्ध छन् । विदेश जाँदै नजाने मजस्ता अक्कडेहरूले एउटा खुट्टा उचालेरै काठमाडौंलाई झेलेका छन्, जसलाई भित्रैदेखि काठमाडौं बस्न मन छैन र यो ठाउँ छोड्न हरसम्भव प्रयास गर्दा पनि केही उपाय नलागेकाहरूको पनि एउटा खुट्टा उचालिएकै छन् । यहाँ घर बनाएर जहान-परिवार पाल्न सक्ने दूरदूरसम्म सम्भावना छैन, अनि दुर्दशापूर्ण कोठे जिन्दगी जीवनपर्यन्त भोग्न सकिँदैन भन्ने भय पनि छ । तसर्थ आफ्नो काम पूरा हुनासाथ वा कुनै उद्देश्य पूर्ति हुनासाथ कुलेलाम ठोक्न एउटा खुट्टा उचालेर तम्तयार भएर बसेका मजस्ता मानवप्राणी धेरै छन् काठमाडौंमा ।

खुट्टा उचाल्नैपर्ने कारण अनगिन्ती छन् । काठमाडौंमा शान्ति छैन, पानी छैन, स्वच्छता छैन । नभएका चिजहरूको सूची तयार गर्ने जाँगर पनि छैन । किनभने लिस्ट त्यति लामो छ । भागदौड, तँछाडमछाड, कोलाहल र धूवाँछारोको कुहीमण्डलमा मानिसको झुन्ड यसरी पिल्सिएको छ कि कसैलाई रोकिएर पछाडि हेर्ने फुर्सद छैन । कसैलाई अफिस भ्याउने चटारो, कसैलाई पसल खोल्ने भ्याँउतो । कोही दुई मिनेटअघि जान पाए १ प्लेट भए पनि बढी मम बेच्थें भन्ठान्दै हुर्रिन्छन् । कोही अलि छिटो हाँक्न पाए दुई जना भए पनि बढी पेसेन्जर हाल्न पाइन्थ्यो भनेर हत्तिन्छन् । यो अस्तव्यस्ततावीच एउटा स्वस्थ मानिसलाई चाहिने कुनै पनि चिज छैन यहाँ । यहाँ केवल भौतिकता र कृत्रिमताका सुविधा र सहुलियतहरू छन् । मानिसले नै पैदा गरेका आवश्यकता पूरा गर्न काठमाडौं धाउनुपर्छ मानिसहरूले ।

एक दिन युरोप लामो समय बसेर आएको साथीसँग काठमाडौंको सडकमा हिँड्दै थिएँ । एउटा स्कुटीको साइड ग्लासले उसलाई बेस्सरी हानेर अलप भयो । ऊ रन्किनसम्म रन्कियो र भन्यो- 'काठमाडौं मानिस बस्ने ठाउँ होइन । यो सहर, सहर नै होइन । यो खोर हो, झुपड्पट्टी हो । सहरमा त कम्तीमा सडकको छेउ पैदलयात्री हिंड्ने ठाउँ हुन्छ । सहरमा त कम्तीमा ५ मिनेट हिँडिसकेपछि गार्डेन वा पार्क हुनुपर्छ । यहाँ त भएका पार्क र हरियालीलाई सखाप पार्दै मानवीय संरचना खडा गरिन्छ । काठमाडौंलाई चिरेर बग्ने पवित्र नाम बोकेका नदीहरू मानव मलमूत्रका डुङ्डुङ गन्हाउने ढल बनेका छन् । हामी आफू बस्ने ठाउँलाई मरुभूम बनाउँदै छौं र भन्ठान्छौं विकासले गति लिँदैछ ।'

मानिस बस्ने सहर देखेर आएको हुनाले मेरो साथीले त्यतिसम्म भन्न सक्यो । नमरी स्वर्ग देखिँदैन भन्छन्, उसले देखेर त आएको होला नि भन्ठानें । हुनत बाध्यताको भड्खाँरोमा काठमाडौं जस्तो विशाल सहर मैले अरु देखेको पनि छैन । एउटा स्कुटरले छोएर जाँदा साथीको कन्सिरीको रौं तात्यो तर त्यो हाम्रा लागि अति सामान्य कुरा हो । आखिर काठमाडौंमा बाँच्नु छ भने सहन सिक्नुपर्छ । माइक्रोमा पेल्लिन सक्नुपर्छ, गल्लीमा लुटिन सक्नुपर्छ । बिहान घरबाट हिंडेको मानिस बेलुका धुलोले चिन्दै नचिनिने गरी फर्कदा पनि हामीलाई रिस उठ्दैन । मास्क लगाएर हिंड्दा पनि स-साना सन्तानलाई दम र खोकीले ग्रस्त बनाउँदा हामी रन्किँदैनौं । साँझ-बिहान हिँड्दा हिँड्दै सडककै छेउछाउमा तार, ढल वा खानेपानीका लागि हप्तौंदेखि खनिएको ठूला खाडलमा परेर खुट्टा मर्किदा पनि हामी आफ्नै भाग्यलाई सराप्न लाचार छौं । खुट्टा घिसारेरै भए पनि आफ्नो गन्तव्यमा पुगेर छोरा, श्रीमान् वा अविभावकको भूमिका निर्वाह गर्नु छ । आशातीत अनुहारमा एउटा चोखोपन, एक किलो चामल र एक पाउ आलुले खुसीयाली ल्याउनु छ अनि त्यही सन्तुष्टिले आफ्नो पनि भोक मेट्नु छ ।

काठमाडौंवासीहरूमा सहनशीलताको भकारी नै छ । सकभर अप्ठेराहरूलाई छलेर भाग्ने प्रयत्न गरिरहेका हुन्छौं हामी, तर समस्याले पनि हामीलाई नै पिछा गरिरहेको छ । भाग्ने क्रममा कहिले हामी ठग व्यापारीको जालमा पर्छौं, कहिले ट्राफिकको जरिवानामा, कहिले दलालको पन्जामा त कहिले पाकेटमारको फन्दामा । आफू जोगिन पनि मुस्किल छ यहाँ, आफूले आर्जिएको जोगाउन पनि हम्मेहम्मे छ । महिनाको अन्तिम दिन घरबेटीको खोकी सुनेर तर्सिन्छौं हामी, अनि महिनाको अन्तिम हप्ता पैसा सापटी लिएको हितैषीसँग तर्किन्छौं । काठमाडौंको रहनसहनमा ढल्नै पर्‍यो ।

तसर्थ बाध्यता र विवशताको हुरीले जब-जब कसैलाई काठमाडौं खाल्डोमा हुत्याउँछ तब-तब जिन्दगीमा सम्झौताको चाङ लाग्छ अनि सहनशीलता उम्रिएर आउँछ ।

facebook.com/ravinems

# विवाह मण्डपबाट दुलही छोडेर हिंडेपछि

अनिल श्रेष्ठ

मोरङ जहदा गाउँपालिका- ४ का २४ वर्षीय लक्ष्मण राजवंशीले सोही गाउँपालिकाकी २१ वर्षीया सीता (नाम परिवर्तन) सँग विवाह गर्ने निधो भयो । केटा र केटीले एक-अर्कालाई मन पराएपछि उनीहरूको परिवारले जेठ ४ गते परम्परागत रीतिरिवाजअनुसार विवाह गर्ने साइत जुराए । दुवै घरपरिवार विवाहको तयारीमा जुटे । विवाह पक्का भएपछि सीताका बुबा खर्च जुटाउनतर्फ लागे । तराइवासी मधेसी समुदायमा केटा पक्षले दुलही हेर्न आउँदा तिलक माग्ने चलनका कारण अधिकांश परिवार पीडित छन्, तर लक्ष्मणको परिवार तथा आफन्तले सीताको परिवारसँग तिलक (दाइजो) को नाममा कुनै माग राखेनन्, जसका कारण सीता लक्ष्मणबाट निकै प्रभावित समेत भइन् ।

केटा पक्षले कुनै माग नगरे पनि आफ्नी छोरीलाई एकसरो सबै सामान दिने रहर गर्दै उनका बुबा विवाहको तयारीमा लागे । सामान्य खेती-किसानी गर्ने सीताको परिवारका लागि एकसरो सबै सामान दिनु पनि ठूलै कुरा थियो । विवाहको तयारी एवं सरसामान खरिदका लागि उनका बुबाले एक बिघा जग्गा धितो राखेर गाउँकै साथीभाईसँग २ लाख रुपैयाँ जुटाए । थप ३ लाख रुपैयाँ उनले खेतीपातीबाट भएको आम्दानीबाट खर्च गरे ।

मागी विवाह भएकाले सीताको मनमा केही डर, कौतूहलता तथा विवाहको उत्सुकता पनि थियो । निक्कै खुसी थिइन् उनी । विवाहको सम्पूर्ण तयारी पूरा भएपछि केटा पक्ष जन्ती लिएर जेठ ४ गते बेहुली लिन दुलहीको घरमा पुगे । बेहुली पक्षले आफ्नो रीतिरिवाजअनुसार विधि पूरा गरी बेहुला र जन्तीलाई स्वागत गरे । बेहुला मण्डपमा बसे । उनले चारैतिर आँखा घुमाए । बेहुली पक्षसँग उनले अपेक्षा गरेअनुसारको तिलक (दाइजो) देखेनन् । तिलक नदिएको झोकमा बेहुला रिसले रन्थनिए । त्यसपछि बेहुला राजवंशी मण्डपबाट उठे । बधु पक्षले बेहुला किन मण्डपबाट उठे भन्ने जिज्ञासा राखेपछि बेहुला लक्ष्मणले डेढ तोलाको सुनको सिक्री दिए मात्र बेहुली लिएर फर्कने कुरा बताए ।

विवाहलाई लिएर उत्सुक सीताको खुसी धेरै समय टिक्न सकेन । लक्ष्मणले विवाह सम्पन्न भैसकेपछि सुनको सिक्री तथा मोटरसाइकलको माग गर्दै बेहुली नलाने अडान कसेपछि उनी छाँगाबाट खसेजस्तै भइन् । सीताको परिवार र स्वयं लक्ष्मणकै आफन्तले पनि उनलाई त्यसो नगर्न सम्झाए, तर उनले नमानेको बरु सिक्री नदिएसम्म बेहुली नलाने र छोडपत्र गर्ने भन्दै अडान कसेपछि आफूहरू अलमलमा परेको स्थानीय बासिन्दाहरू बताउँछन् । त्यस दिनको विवाह त्यहीं रोकियो ।

दुलहा, दुलही छोडेर हिँडेपछि बेहुली पक्षले प्रहरी कार्यालयमा उजुरी दर्ता गरायो । पीडितले दिएको उजुरीका आधारमा दाइजो नदिएको भनि विवाह रद्द गर्ने बेहुला लक्ष्मण राजवंशीलाई प्रहरीले पक्राउ गरेको मोरङ प्रहरीका प्रवक्ता डिएसपी घनश्याम श्रेष्ठले बताए । 'बेहुलाले बेहुली पक्षसँग मोटरसाइकल, सुनको सिक्री तथा डायनिङ टेबल माग गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ,' मोरङ प्रहरीका प्रवक्ता डिएसपी घनश्याम श्रेष्ठले भने । प्रहरीले पक्राउ परेका राजवंशीलाई बिहीबार जिल्ला अदालत मोरङमा मुलुकी अपराध ऐन-२०७४ अन्तर्गतको विवाहसम्बन्धी कसुर मुद्दामा म्याद थप गरेर अनुसन्धान अघि बढाइएको डिएपी श्रेष्ठले बताए । केटी पक्षले विवाहमा भएको ५ लाख रुपैयाँ खर्च केटा पक्षले क्षतिपूर्ति दिनुपर्ने मागसमेत गरेको छ ।

### यस्तो छ कानुनी व्यवस्था

अपराध संहिताको दफा- १७४ मा विवाहमा लेनदेन गर्न नहुने व्यवस्था छ । सोही दफाको उपदफा- २ अनुसार कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनसक्छ ।

त्यस्तै उपदफा-३ मा कसैले विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाइजो माग गर्न वा त्यस्तो चल, अचल सम्पत्ति वा दाइजो नदिएका कारणले दुलही वा निजका नातेदारलाई कुनै किसिमले हैरान पार्न, सताउन वा कुनै अमानवीय वा अपमानजन्य व्यवहार गरेको खण्डमा पाँच वर्षसम्म कैद वा ५० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ । उपदफा- ५ मा त्यसरी कुनै सम्पत्ति लिएको छ भने पनि त्यस्तो सम्पत्ति सम्बन्धित व्यक्तिलाई फिर्ता दिनुपर्ने कानुनी व्यवस्था छ ।



तस्बिर : विवाह रद्द गरी मण्डप छोडेर हिंडेका बेहुला ।



# नेपाल स्काउटको रोभर मुट

राजाराम पौडेल

स्काउट युवाहरूको संगठन हो । स्काउटिङ भनेको शैक्षिक उद्देश्य सहितको युवा अभियान हो । यहाँ सिक्न र सिकाउन पाइन्छ, जसले बालबालिका तथा युवाहरूलाई खेलको मज्जा पनि दिन्छ । योग्य, अनुशासित एवं चरित्रवान बन्न ऊर्जा थप्छ । स्काउट तालिमले आत्मरक्षाको उपाय पनि सिकाइरहेको हुन्छ । स्काउट तालिम लिएका विद्यार्थीहरू जीवनमा सधैं सफल हुन्छन् भन्ने मान्यता पनि छ । स्काउटमा उमेर समूहअनुसार तह निर्धारण गरिएको हुन्छ जस अनुसार ६ देखि १० वर्षसम्म कप र ब्राउनी, ११ देखि १६ वर्षसम्म स्काउट ब्वाइज र स्काउट गर्ल तथा १६ देखि २५ वर्षसम्म रोभर र रेञ्जर हुन्छन् । उमेर समूहअनुसार यिनिहरूको सिद्धान्त फरक-फरक हुन्छ ।

कप र ब्राउनीलाई प्रारम्भिक चरणका रूपमा सिकाइन्छ । अन्य तहमा नेतृत्व, व्यक्तित्व, क्षमता, उद्यमशीलता, नेतृत्व विकास तथा निर्णय क्षमताका बारेमा निखार प्रदान गरिन्छ । यसका लागि छुट्टाछुट्टै पाठ्यक्रम छ । स्काउटमा ११ देखि १६ वर्षसम्मको उमेरसमूहको चाप बढी छ । २५ वर्षपछि नेतृत्वमा आउँछन् । १८ वर्षमा कम्तिमा एसईई पास गरेको छ भने नेतृत्वमा आउने तालिम लिन पाइन्छ र उसले चाहृयो भने २५ वर्ष सम्म रोभर, रेन्जरमा बस्न सक्छ । अहिले नेपालमा स्काउटहरूको संख्या ६० हजारभन्दा बढी छ । विश्वभर ४ करोडभन्दा बढी युवा-युवती स्काउटमा आबद्ध छन् ।



## नेपालमा स्काउट

विश्वमा स्काउटको सुरुवात इङ्ल्यान्डका फौजी कमाण्डर बेडेन पावेलले सन् १९०७ मा गरेका हुन् । पावेलले युवाहरूलाई स्काउटमा संलग्न गरेपछि त्यसको आकर्षण बढ्न थालेको हो । स्काउट बेलायतबाट सर्वप्रथम दक्षिण अमेरिकाको चिली पुग्यो । त्यसपछि स्काउट राम्रो संस्था हो भनेर अन्य देशहरूले भित्र्याउन थाले । भारतमा ब्रिटिस उपनिवेश कालमै स्काउटिङ भित्रिएको थियो । भारतमा स्काउट भित्रिएपछि लगत्तै नेपालमा पनि वि.सं. २००९ सालमा स्काउटिङ प्रारम्भ भएको हो । नेपालमा प्रजातन्त्रको स्थापना भैसकेपछि तत्कालीन राजा त्रिभुवनले नेपालमा पनि स्काउटिङ भित्र्याउनु पर्छ भन्ने अवधारणा सार्वजनिक गरेपछि भारतबाट प्रशिक्षक श्रीराम बाजपेयीलाई नेपाल ल्याइएको थियो । वि.सं. २००९ सालमा बाजपेयीकै नेतृत्वमा ललितपुरको गोदावरीमा पहिलोपटक २० दिन लामो स्काउट तालिम प्रदान गरिएको थियो । उक्त तालिममा ३० जना युवा सहभागी थिए । तिनै ३० जनाबाट नेपालमा स्काउटिङ प्रारम्भ भयो । वि.सं. २००९ साल असार ५ गते नारायणहिटी

पृष्ठ ७ मा

## स्काउटले मानिसलाई मल्टिट्यालेन्ट बनाउँछ



प्राकृतिक विपत्ति आउँदा आफू कसरी बच्ने र अरुलाई कसरी बचाउने भन्ने कुरा स्काउटमा लागेपछि थाहा हुन्छ । विगतमा भएका भुकम्प, बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपमा सबैभन्दा पहिले स्काउट नै पुगेको थियो । स्काउटले युवाहरूलाई कुलतमा फस्न नदिन, फसिसकेकाहरूलाई पनि सहि मार्गमा ल्याउन सहयोग गर्छ । युवालाई असल नागरिक बनाउने माध्यम हो स्काउट । अनुशासन कसरी पालना गर्ने, देश निर्माणमा कसरी लाग्ने स्काउटमार्फत सिक्न पाइन्छ । म सँग स्काउटमा लागेको २० वर्षभन्दा बढीको अनुभव छ । स्काउटमा लाग्नुअघि मलाई कसैले चिन्दैनथे । अहिले स्थानीय निकाय, विद्यालय, कलेज, जिल्ला हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा छाप छोड्न सफल भएको छु । स्काउटले मानिसलाई बहुक्षमतावान बनाउँछ । हरेक क्रियाकलापमा संलग्न गराउँछ । आफ्नो क्षमता के हो ? चिनाएर अघि बढ्न प्रेरित गर्छ ।

**कुशेश्वर राय, स्काउट मास्टर तथा रोभर लिडर**

## पहिले म डरपोक थिएँ



म २२ वर्षकी युवा हुँ । हाल बीबीएस दोस्रो वर्षमा अध्ययनरत छु । मैले आफ्नो अध्ययन तथा स्काउटिङलाई सगै अघि बढाइरहेकी छु । म स्काउटमा लागेको १४ वर्ष भयो । पाँच कक्षा अध्ययनरत छँदै म स्काउटमा लागेकी थिएँ । स्काउटमा लाग्नुअघि म नबोल्ने घोसे थिए । बुबा स्काउटर भएकाले आमाको करले स्काउटमा लागें । स्काउटमा लागेपछि आत्मबल बढ्यो । स्काउट मेरो ‘स्ट्रेन्थ’ हो । स्काउटले अनुशासन, व्यक्तित्व विकास जस्ता कुरा सिकाउँछ । अहिले केही युवा क्याम्पिङ, हाइकिङहरूका लागि मात्र स्काउटमा आएको देख्दा दुःख लाग्छ । स्काउट क्याम्पिङ र हाइकिङमा मात्र सिमित छैन । बाहिर सेवा दिने कार्यक्रम तथा विभिन्न सामाजिक कार्यमा सहभागिता जनाउनुपर्छ । मेरो त रेन्जरमै बसेर आफूजस्ता साथीहरूलाई तालिम दिने सेयर गर्ने नयाँलाई प्रोत्साहित गर्ने योजना छ । स्काउटिङ बुझिसकेपछि मात्र तपाई हाम्रो सोच बदलिन्छ । भुइँचालो पछि सिन्धुपाल्चोक पुग्दा मलाई मर्छु कि भन्ने लागेन, सेवा गर्नुपर्छ भन्ने मात्र लाग्यो ।

**मेलिसा काफ्ले, स्काउट रेन्जर, धरान**





पृष्ठ ६ बाट

राजदरबारमा तत्कालिन राजा त्रिभुवनले झन्डोत्तोलन गरेर नेपाल स्काउटको स्थापना गरे । वि.सं. २०२६ मा नेपालले विश्व स्काउटको पूर्ण सदस्यता पाएको थियो ।

त्यसपछि नेपालमा स्काउटका दुई-तीन एकाइ सुरु भए र बिस्तारै यसको झांगिने क्रम बढ्यो । राजतन्त्र हुँदासम्म नेपाल स्काउट राजदरबारबाट संरक्षित थियो । गणतन्त्र आएपश्चात् कार्यपालिकाका प्रमुखलाई संरक्षक बनाइएको छ । स्काउट शुद्ध शैक्षिक अभियान हो । यो युवाहरूको सामाजिक, बौद्धिक, शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक क्षेत्रमा विकास गर्न चलाइने अनौपचारिक शैक्षिक अभियान हो । अहिले स्काउटलाई नेपालका हरेक विद्यालयमा पुऱ्याउन अभियान नै सञ्चालन गरिएको नेपाल स्काउट राष्ट्रिय तदर्थ समितिका सदस्य विजेन्द्र ध्वजु बताउँछन् । विगत २५ वर्षदेखि स्काउटिङमा लागेका ध्वजुले सरकारले सामुदायिक विद्यालयमा स्काउटलाई अनिवार्य गराउन काम गरिरहेको बताउँदै भने- 'घोषणा हुने क्रममा छ, सम्पूर्ण विद्यालयमा स्काउटिङ चल्ने अवस्था छ ।'

## नेपाल स्काउटको रोभर मुट

नेपाल स्काउटको आयोजनामा युवाहरूका लागि पोखराको फेवाताल किनारा कोमागाने पार्कमा जेठ १७ गतेदेखि २१ गतेसम्म पहिलो पटक ऐतिहासिक रोभर मुट कार्यक्रम सम्पन्न भएको छ । पाँच दिने उक्त सम्मेलन (रोभर मुट) युवा स्काउटहरूमा केन्द्रित थियो । स्काउटमा १६ वर्ष देखि २५ वर्षसम्मका युवालाई रोभर भनिन्छ भने युवतीलाई रेञ्जर भनिन्छ । कोमागाने पार्कमै टेण्ट र त्रिपालको भरमा नेपाल सहित ९ भन्दा बढी देशका १६ देखि २५ बर्षसम्म उमेर समूहका युवाहरूले ५ दिन बिताएका थिए । युवा-युवतीहरूको शारीरिक, बौद्धिक, सामाजिक एवम् संवेगात्मक पक्षहरूको विकास गराई उनीहरूमा रहेको क्षमता प्रस्फुटन गराएर चरित्रवान नागरिक बनाई समाज विकासको अभियानमा सरिक गराउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको इभेन्ट संयोजक राधाकृष्ण धितालले बताए ।

रोभर मुटमा साहसिक क्रियाकलापअन्तर्गत रोप क्लाइम्बिङ, नेट क्रलिङ, ब्यालेन्सिङ बडी, रोप क्रसिङ, बेम्बो वाक, आर्चरी, वाटर साइक्लिङ, अमेगा जम्प, टाइगर जम्प, स्विङ बोर्ड, बोटिङ, साइक्लिङ आदि गतिविधि सम्पन्न गरिए । बौद्धिक क्रियाकलापअन्तर्गत युथ फोरम, प्यानल डिस्कसन, करिअर काउन्सिलिङ, डिजिटल इन्गेजमेन्ट, स्काउटिङ ओरियन्टेसन आदि कार्यक्रम सञ्चालन गरियो । उक्त अवसरमा सांस्कृतिक, सेलिब्रटी शो तथा सांगीतिक कन्सर्टसमेत प्रस्तुत गरिएको थियो ।

'रोवर मुट भनेको रोभर र रेञ्जरको मिश्रण हो । स्काउटमा रोभर, रेञ्जर भनेर क्याम्पस तहका युवायुवतीलाई भनिन्छ,' नेपाल स्काउटका राष्ट्रिय संयोजक लोकबहादुर भण्डारीले बताए । 'यस्ता कार्यक्रम प्रत्येक चार-चार वर्षमा हुनुपर्छ । अहिलेसम्म अनियमित रहेको यो कार्यक्रमलाई अब नियमित गर्नुपर्छ, नगरी सुखै छैन' संयोजक भण्डारीले बताए । विकृति-विसंगतिविरुद्ध लड्ने जनशक्ति निर्माणमा यस्ता खालका कार्यक्रम आवश्यक भएको भण्डारीले बताए ।

## हरेक प्रदेशमा एक लाख स्काउट

नेपालमा स्काउटमा आउनेहरूको चाप बढ्न थालेको नेपाल स्काउटका संयोजक लोकबहादुर भण्डारी बताउँछन् । 'फलो सुरु भएको छ, भर्खर प्रदेश नम्बर १ का १ सय ३७ स्थानीय तहबाट प्रतिनिधि बोलाएर तालिम सम्पन्न गरियो, ६ रात ७ दिनको तालिमपश्चात् ५ सय ३४ जना लिडर जन्मिए । ती लिडरले प्रत्येक स्थानिय तहमा स्काउट गठन गर्छन् । प्रत्येक स्कुलमा अनिवार्य स्काउट सञ्चालन गर्छन् । त्यसलाई फलो गर्दै हामी अन्य प्रदेशमा पनि जान्छौं । हाम्रो लक्ष्य प्रत्येक प्रदेशमा १ लाख पुऱ्याउने हो ।

## स्काउटकै कारण बोल्न सकेको छु



म २१ वर्षकी भएँ । स्काउटमा लागेको ४ वर्ष भयो । म उत्साहित छु । अहिले म स्काउटका बारेमा विद्यालयमा सिकाउँछु । स्काउटमा लागेर कति कुरा सिक्न पाएँ, कति कुरा सिकाउन पाएँ, यसैमा खुशी लाग्छ । स्काउटमा आउने नयाँ युवायुवतीहरूसँग आफ्नो अनुभव सेयर गरेर उनीहरूको डर हटाउँछु । स्काउटमा तीनवटा प्रतिज्ञा हुन्छ त्यसलाई अनिवार्य फलो गर्नुपर्छ भनेर उनीहरूलाई उत्साहित गर्छु । देशलाई माया गर्न तथा समाजको सेवा गर्न स्काउटमा लाग्नुपर्छ । सधैं स्काउटमा क्रियाशील रहने मेरो सोच छ । स्काउटले कामदेखि सबै कुरामा फूर्तिलो बन्न सिकाउँछ । कहिले रमाइलो हुन्छ, कहिले दुःख पनि हुन्छ । कहिलेकाहीं भात र खुर्सानी मात्र खानुपर्छ । खाना नपुग्दा भोकै बस्नुपर्छ । यद्यपि स्काउटकै कारण मैले बोल्न सकेको छु, जीवन बाँच्ने कला सिकेकी छु ।

**दीपा श्रेष्ठ, टुप्र मास्टर, काठमाडौं**

## बाँचुन्जेल स्काउटमा लाग्ने हो



म विगत २२ वर्षदेखि स्काउटमा सक्रिय छु । म मोरङ जिल्लाको पहिलो रोभर पनि हुँ । रोभर, स्काउटर हुँदै अहिले असिस्टेन्ट लिडर हुन काम गरिरहेको छु । स्काउटिङमार्फत नेपालमा आएका प्राकृतिक विपत्तिमा आफूलाई बचाउँदै व्यक्ति, बिरुवा, प्राणी समाजमा रहेका सम्पूर्ण चिज वस्तुलाई सेवा प्रवाह गर्नु नै हाम्रो काम हो । विश्व स्काउटको मान्यताअनुसार स्काउटमा विशेषगरी युवाहरूको ठूलो संलग्नता छ । हामीले प्राप्त गरेको तालिमले हामीलाई भिजेको दाउरामा भात पकाएर कसरी खान सक्छौं, भाडाकुडा नहुँदा कसरी पकाएर खाने, कहीं बाढी आयो भने हामीलाई दिइएको डोरीको माध्यमबाट कसरी आफू बच्ने र अरुलाई बचाउने भन्ने कुरा सिकाएको छ । स्काउटमा लाग्नु पनि नसा हुँदो रहेछ । समाजलाई असल किसिमले रुपान्तरण गर्न स्काउट शिक्षाले दिने व्यवहारिक ज्ञान निकै महत्त्वपूर्ण छ ।

**नवलप्रसाद उपाध्याय, असिस्टेन्ट लिडर, विराटनगर स्काउट**



## एक घर एक स्काउटको स्पिडमा काम भैरहेको छ

म स्काउटमा लागेको ३३-३४ वर्ष भयो । सुरुमा स्काउटमा विद्यार्थीका रूपमा छिरियो । अहिले व्यवस्थापन टिममा बसेर काम गरिरहेको छु । त्यतिबेला सिक्ने कुरा हुन्थ्यो अहिले सिकाउन लागिएको छ । बिचमा नेपालमा स्काउटिङ मुभमेन्ट अलि कमजोर थियो । अहिले नयाँ संयोजक आएपछि कामको चाप बढेको छ । एक घर एक स्काउटको अवधारणामा काम भैरहेको छ । आत्मबल, आत्मविश्वास, आत्मरक्षा, वृत्ति विकाससहित मानिसमा चाहिने सबै चिजको विकासका लागि स्काउटमा लाग्नुपर्छ । स्काउटले अनुशासन सिकाउँछ, साहसिक कार्य गर्न सिकाउँछ । यो एउटा सामाजिक संस्था हो । यसले समाजमा विकृति फैलन रोक्ने मात्र होइन समाजमा परेका दुःख सुःखमा साथसमेत दिन्छ ।

**किरण गिरी, सदस्य, स्काउट कार्यसमिति, मोरङ**

## ठूलोभन्दा नि असल बनाउने संस्था हो



म स्काउटमा लागेको ४० वर्ष भयो । ४० वर्ष अघि एउटा विद्यालयमा नियुक्ति लिएर आएको थिएँ । त्यो नियुक्ति लिएको छ-सात महिनामा मलाई हेडक्वाटरबाट एउटा पत्र आयो । कास्कीको लाहाचोकमा स्काउट पिटीसी र ब्राउनी तालिम हुँदैछ, त्यहाँ जान भनेर । खुसी लाग्यो, अनि त्यहाँ गएँ । हाम्रो ९ दिनको तालिम थियो । त्यो सकेर आएर पुनः विद्यालयमै पढाउन थालें अनि अध्यापनलाई पनि बढाउँदै गए, स्काउटलाई पनि निरन्तरता दिए । मैले स्काउटमा लिनुपर्ने सम्पूर्ण तालिम लिएँ । अहिले एउटा विद्यालयमा केटाकेटीहरूको ग्रुप सञ्चालन गर्दै आएकी छु ।

स्काउटमा पहिलेभन्दा केही फरक छ । हामीले सुरु गर्दा क्याम्प बस्ने, हाइकिङ जाने, ट्रेकीङ जाने काम हुन्थ्यो आफैंले दाल, चामल, नुन, तेल, भाँडा-कुँडा, दाउरा बोकेर खुसीसँग क्याम्प गइन्थ्यो । उनीहरूको पेट्रोल-पेट्रोल छुट्याइएको हुन्थ्यो । पेट्रोलबीच प्रतिस्पर्धा हुन्थ्यो । कुकिङ हुन्थ्यो । एउटा सलाइको काँटी दिएर त्यहाँभन्दा प्रयोग गर्न नपाउने गरेर बिना भाडा खाना पकाउने लगायतका प्रतिस्पर्धा हुन्थ्यो, तर अहिले त्यस्तो छैन । अहिले अनुशासनमा समेत फरक पाएकी छु । स्काउटको तालिम लिएका केटाकेटी र नलिएका केटाकेटीमा फरक छ । अझै पनि स्काउटमा अनुशासन कायम छ । स्काउटमा लागेर पढाइ बिग्रने होइन, अझ राम्रो हुन्छ भन्ने मेरो अनुभव छ ।

**शारदा पराजुली, आयुक्त, कास्की जिल्ला स्काउट**

## राम्रोसँग बोल्न सक्दिनथें



म २०६९ सालमा स्काउटमा प्रवेश गरेको हुँ । स्काउट भनेको प्रकोप व्यवस्थापनका लागि दोस्रो तहको सेनाजस्तै हो । यो भन्दा गर्व लाग्छ । आर्मीले जान्ने विभिन्न किसिमका साहसिक गतिविधि हामी पनि गर्छौं । प्रारम्भमा स्काउटका दाइहरू फ्रन्ट लाइनमा बसेको देख्दा मलाई पनि त्यहाँ बसूँ-बसूँ लाग्थ्यो । केही स्टेप अगाडि गएर लिडरसिप तालिम लिन पाइने देखेर म विद्यालयदेखि नै उत्साहित थिएँ । अहिले २२ वर्षको भएँ । भद्रकाली मल्टिपल क्याम्पसमा स्नातक तह अध्ययनरत छु । मिलाएर स्काउटिङलाई पनि अघि बढाइरहेको छु । स्काउटमा लाग्नुअघि म राम्रोसँग बोल्न सक्दिनथें । स्काउटमा लागेपछि अहिले स्टेज पर्फमेन्स देखि मास हेन्डल सजिलै गर्न सक्ने भएको छु ।

**सागर सापकोटा, स्काउट रोभर, मादी, कास्की**



# अहिले कुन स्मार्टफोन लोकप्रिय

एप्पलको आइफोन र सामसुङका महँगा ग्यालेक्सी सिरिज होइन, नेपाली बजारमा सामसुङका मध्यम स्तरका ग्यालेक्सी सिरिज तथा अन्य विभिन्न ब्रान्डका स्मार्टफोन लोकप्रिय छन् । मोबाइल हबका रूपमा परिचित काठमाडौंको न्युरोड र विभिन्न मल तथा अन्य स्थानका विक्रेताहरूको कुरा सुन्दा लाग्छ, स्मार्टफोनले बजारमा अन्य ब्रान्डले कब्जा जमाएका छन् ।

सामसुङको ग्यालेक्सी ए सिरिज र एम सिरिजका मोबाइल पछिल्लो समयमा धेरै बिक्री हुने मोबाइल अर्थात् स्मार्टफोनमा पर्छन् । ए सिरिज अन्तर्गत ए ७०, ए १०, ए २० आदि लोकप्रिय छन् । यी स्मार्टफोनको मूल्य क्रमश: ३३ हजार ४ सय ९०, ४७ हजार ९ सय ९०, १४ हजार १ सय ९० तथा २० हजार ४ सय ९० रुपैयाँ छ ।

त्यसैगरी एम सिरिजमा अहिले ग्यालेक्सी एम २० लोकप्रिय छ । ग्यालेक्सी एम २० मा ६ दशमलव ३ इन्चको फूल एचडी प्लस इनफिनिटी भी डिस्प्ले छ । यसमा १ दशमलव ८ गिगाहर्ज अक्टाकोर एक्जिनोस ७९०४ प्रोसेसर छ । यसले ड्युअल सिम सपोर्ट गर्छ । एम २० मा ड्युल रियर क्यामेरा तथा ८ मेगापिक्सेलको सेल्फी क्यामेरा छ ।

नेपाली बजारमा अहिले साओमीका स्मार्टफोन पनि लोकप्रिय छन् । साओमीको एमआई सिरिजको नोट ७ को मूल्य २५ हजार ९ सय ९९ रुपैयाँ छ । त्यसैगरी हुवावेको वाई ७ प्रो तथा पी ३० लाइट पनि लोकप्रिय भएको विक्रेताहरूको भनाइ छ । यी स्मार्टफोनको मूल्य क्रमश: १८ हजार ५ सय तथा ३९ हजार ९ सय ९९ रुपैयाँ छ ।

ओप्पो पनि अर्को लोकप्रिय ब्रान्ड हो । ओप्पोका ए ५९, एफ ११ प्रो, एफ ११ आदि लोकप्रिय छन् । यी स्मार्टफोनको मूल्य क्रमश: १९ हजार ९ सय ९०, ४७ हजार ९ सय ९० तथा ३७ हजार ९ सय ९० रुपैयाँ छ । भिभो ब्रान्डका स्मार्टफोन भी ११ प्रो तथा भी १५ पनि धेरैको रोजाइमा पर्छन् । यी स्मार्टफोनको मूल्य क्रमश: ४९ हजार ४ सय ९० तथा ४१ हजार ९ सय ९० रुपैयाँ छ ।

मोबाइल बोक्ने संस्कृतिमा पनि विस्तारै परिवर्तन आइरहेको छ । एउटा व्यक्तिले कति समयमा मोबाइल फेर्छ होला ? मोबाइल व्यवसायीहरूका अनुसार सामान्यत: मोबाइलप्रति अलि क्रेजी मानिसले ६ महिनामा र अन्यले एकदेखि डेढ वर्षमा मोबाइल फेर्छन् । विश्व बजारमा प्रचलित मोबाइलका ब्रान्डले नयाँ मोडल उतार्नासाथ नेपालमा त्यसको खोजी गर्नेहरू पनि बढिरहेका छन् ।

व्यवसायीहरूका अनुसार नेपालमा वार्षिक करिब २५ लाख थान मोबाइल बिक्री हुन्छन् । त्यस्तै व्यापारको आकारसमेत बढेर वार्षिक करिब १२ अर्ब रुपैयाँ पुगेको व्यवसायीहरू बताउँछन् । नेपाली मोबाइल बजार वार्षिक २० देखि २५ प्रतिशतले बढिरहेको छ । नेपाली बजारमा करिब ४० वटा ब्रान्डको उपस्थिति छ । तीमध्ये करिब एक दर्जन ब्रान्डको बजार राम्रो छ ।

## बिक्री मात्र होइन, साटफेर र अन्य सुविधा



**नेपाली बजारमा स्मार्टफोन बिक्री मात्र गरिदैन, पुराना स्मार्टफोनसँग नयाँ साट्न तथा किस्ताबन्दीमा लिन समेत सकिन्छ । काठमाडौं उपत्यकाका विभिन्न स्थानमा यस्ता सुविधा उपलब्ध गराउने प्रशस्तै पसल छन् । न्युरोडस्थित ताम्राकार कम्प्लेक्समा पनि यस्तो सुविधा उपलब्ध छ । यसै सम्बन्धमा ताम्राकार मोबाइल व्यापार संघका सचिव एवं मोबाइल व्यवसायी गुरुदत्त शर्मासँग गरिएको कुराकानी :**

**ताम्राकार कम्प्लेक्समा मोबाइल बिक्रीबाहेक अन्य के-कस्ता सुविधा प्राप्त गर्न सकिन्छ ?**
यहाँ मोबाइल किन्न मात्र होइन, पुरानोसँग नयाँ साट्न तथा पुरानो मोबाइल किन्न पनि सकिन्छ । त्यसैगरी किस्ताबन्दीमा समेत मोबाइल लिन सकिन्छ ।

**पुरानो मोबाइल बेच्न पनि सकिन्छ ?**
हो, बेचेर अर्को नयाँ मोबाइल लिन सकिन्छ, तर त्यसका लागि अनिवार्य रुपमा बिल र बक्स हुनु जरुरी छ । हामीले नेपालमै बिक्री भएका र सरकारी नियमअनुसार कर तिरेका मोबाइल मात्र साट्ने गरेका छौं ।

**किस्ताबन्दीमा लिन के गर्नुपर्छ ?**
किस्ताबन्दीमा महँगा मोबाइल लिएर चलाउन सकिन्छ । यसका लागि मोबाइल किन्ने व्यक्तिले आफ्नो पहिचान झल्कने कागजात उपलब्ध गराएर मोबाइल लिन सक्छन् ।

**अरू कस्ता सुविधा उपलब्ध छन् ?**
ताम्राकार कम्प्लेक्स मात्र नभएर न्युरोडका धेरै पसलमा मोबाइलका लागि आवश्यक एसेसरिजका साथै अन्य रिप्लेसमेन्टको सुविधा उपलब्ध छ । यहाँ मोबाइलका लागि आवश्यक ब्याट्री, इयरफोन, चार्जर आदि सामग्री सहजै प्राप्त गर्न सकिन्छ ।

# बजेटमा यातायात र अन्य प्रविधि

अर्थमन्त्री डा. युवराज खतिवडाले २०७६ जेठ १५ मा संघीय संसद्को संयुक्त बैठकमा आर्थिक वर्ष ०७६/०७७ का लागि बजेट प्रस्तुत गरेर सरकारले आगामी आर्थिक वर्षमा गर्ने विभिन्न कार्य तथा त्यसका लागि विनियोजन गरेको रकमबारेमा जानकारी प्रदान गरे । कुल १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाख रुपैयाँको बजेट प्रस्तुत गरिएकोमा यातायात र प्रविधिको अन्य क्षेत्रमा विभिन्न कार्य गरिने प्रतिबद्धता व्यक्त गरिएको छ र त्यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

बजेटमा सार्वजनिक यातायातलाई प्रतिस्पर्धी र व्यवस्थित गरिने बताइएको छ । यातायात क्षेत्रमा रहेको सिन्डिकेटको अन्त्य पछि सार्वजनिक परिवहन प्रणालीलाई व्यवस्थित गर्न यातायात प्राधिकरण स्थापना गरिनेछ । यात्रुहरूले सार्वजनिक यातायातको शुल्क तिर्न विद्युतीय कार्डको व्यवस्था गरिनेछ । तोकिएको समयमा यात्रा सुरु गरी तोकिएकै समयमा गन्तव्यमा पुग्ने सुनिश्चित गरिनेछ । ठूला यात्रु क्षमताका सार्वजनिक सवारी साधन सञ्चालनलाई प्रोत्साहित गरिनेछ ।

जीपीएस प्रविधि प्रयोग गरी सार्वजनिक सवारी साधनहरूको अनलाइन अवस्थिति अनुगमन गरिनेछ । सार्वजनिक सवारी साधनको प्रभावकारी व्यवस्थापन गर्न मुलुकका प्रमुख शहरहरूमा सार्वजनिक-निजी साझेदारीमा बहुतले बसपार्क तथा पार्किङ स्थल निर्माण कार्य अघि बढाइनेछ ।

यातायात क्षेत्रमा नवीकरणीय उर्जाको प्रयोग गरी सहरी क्षेत्रको वायु प्रदुषण कम गर्न विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहित गरिनेछ । काठमाडौं उपत्यका र सातै प्रदेशका प्रमुख सहर र आसपासका क्षेत्रमा नेपाल सरकार, प्रदेश र स्थानीय तह एवं निजी क्षेत्रसमेतको सहभागितामा विद्युतीय बस सेवा सञ्चालनमा ल्याइनेछ । विद्युतीय सवारी साधनको प्रयोगलाई देशव्यापी बनाउन नेपाल विद्युत प्राधिकरणबाट पर्याप्त संख्यामा चार्जिङ स्टेसनहरू स्थापना गर्दै लगिनेछ ।

सबै प्रदेशका राजधानीमा सवारी साधनको फिटनेस परीक्षण केन्द्र स्थापना गरी सवारी साधनले आवधिक रूपमा फिटनेस परीक्षण गराउनुपर्ने व्यवस्था गरिनेछ । यातायात व्यवस्थापन शीर्षकमा १ अर्ब ५३ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

काठमाडौं उपत्यकालाई धुलो मुक्त बनाउन पैदल मार्गलाई व्यवस्थित गरिने, निर्माण सामाग्री ढुवानी गर्दा सुरक्षित विधि अपनाइने तथा विद्युतीय सवारी साधनलाई प्रोत्साहित गरिने बजेटमा उल्लेख छ । काठमाण्डौं उपत्यकाभित्र सडक निर्माण गर्दा अनिवार्य रुपमा फुटपाथ निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

दिगो र सहज स्थल यातायातको माध्यम रेलमार्गको विकासबाट मुलुक नयाँ युगमा प्रवेश गर्न सक्ने भएकाले रेलमार्गको पूर्वाधार विकासमा सरकारले जोड दिने बताइएको छ । यसका लागि पूर्व-पश्चिम र उत्तर-दक्षिण रेल सञ्जाल विकास गरिनेछ । विद्युतीय रेलमार्गको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भैसकेको पूर्वी खण्ड काँकडभिट्टाबाट निर्माण कार्य सुरु गरी बाँकी खण्डको विस्तृत सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएपश्चात् मध्य खण्ड र सुदूरपश्चिम खण्डबाट समेत काम सुरु गरिनेछ । काठमाडौंलाई भारत र चीन दुवैतर्फ रेलमार्गले जोड्ने वीरगञ्ज-काठमाडौं र रसुवागढी-काठमाडौं रेलमार्गको विस्तृत सम्भाव्यता प्रतिवेदन तयार गरी दुई वर्षभित्र निर्माण कार्य सुरु गरिनेछ ।

दक्षिणी सीमा नाकाबाट पूर्व-पश्चिम विद्युतीय रेलमार्गको इटहरी, निजगढ, वुटवल र कोहलपुर जोड्ने रेलवे लाइनको निर्माण अघि बढाइनेछ । जयनगर-बिजलपुरा र भारतको बथनाहादेखि विराटनगरसम्म आगामी आर्थिक वर्षभित्रै रेल सेवा सञ्चालन गरिनेछ । बिजलपुरा-बर्दिबास खण्डको रेलमार्ग निर्माण सम्पन्न गर्न बजेट विनियोजन गरिएको छ । निजी क्षेत्रको लगानी सहभागितामा काठमाडौं उपत्यका तथा अन्य सहरहरूमा मेट्रो तथा मोनोरेल सञ्चालन गर्न विस्तृत सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अघि बढाइनेछ । रेल, मेट्रो तथा मोनोरेलका लागि ७ अर्ब ७० करोड रुपैयाँ विनियोजन गरिएको छ ।

# शिक्षण अस्पतालमा कलेजो प्रत्यारोपण



त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा गत शुक्रबार कलेजो प्रत्यारोपण गरिएको छ । सर्जन डा. रमेशसिंह भण्डारी नेतृत्वको टोलीले कलेजो प्रत्यारोपण गरेको हो । ५८ वर्षीय बुबालाई ३३ वर्षीया छोरीले कलेजो प्रदान गरेकी हुन् । अस्पतालले १६ घण्टा लामो समय लगाएर उक्त प्रत्यारोपण सम्पन्न गरेको हो ।


शल्यक्रियामा डाक्टर, नर्स तथा स्वास्थ्यकर्मीसहित झन्डै ५० जनाको टोली सहभागी भएको थियो । सर्जरीमा डा. भण्डारीको नेतृत्वमा १२ जना सामेल थिए । अस्पतालमा पहिलो पटक कलेजो प्रत्यारोपण भएको हो । यसअघि भक्तपुरस्थित मानव अंग प्रत्यारोपण केन्द्रमा कलेजो प्रत्यारोपण भएको थियो । यद्यपि केन्द्रले अहिले कलेजो प्रत्यारोपणलाई निरन्तरता दिन सकेको छैन । शिक्षण अस्पतालमा गरिएको कलेजो प्रत्यारोपणमा सहयोग गर्न भारतको एपोलो अस्पतालबाट समेत टोली आएको थियो । अस्पतालले ५ वर्षको प्रयासपछि प्रत्यारोपण सेवा सुरु गरेको हो ।





# काठमा कुँदिए बुद्ध







स्वस्तिक श्रेष्ठ

देवदहको बुद्ध सामुदायिक वनमा कुहिएको धोत्रो काठलाई आकृति दिइरहेका मूर्तिकार राजु पिठाकोटे निकै खुसी थिए । प्रकृतिप्रेमी मूर्तिकार पिठाकोटे आमाको प्रतीक काठमा कुँद्दै थिए । आमा संसारमै सबैभन्दा प्यारो भएको भन्दै काठलाई आमाको आकृति दिन पाउँदा धेरै खुसी लागेको उनको तर्क छ । 'यहाँ आउने प्रत्येक व्यक्तिले यो मूर्तिमा बस्दा आमाको गर्भमै बसेको आभास गर्नेछन ।'- उनले भने । एउटा सानो बालक आमाको गर्भमा रहँदा निर्मल अनि शान्त हुन्छ त्यसरी नै यहाँ आउने पर्यटकहरूले आमाको यो काखमा बस्दा अनुभूति गर्ने उनले बताए । एकैछिन भए पनि व्यक्तिमा भएका नकारात्मक सोच छोडेर सकारात्मक सोचमा लाग्न उत्प्रेरणा मिलोस् भन्ने सोचका साथ यो मूर्ति बनाएको उनको दाबी छ । 'एउटा राजा, देवताको मूर्ति कुनै कालमा तोडिन सक्छ ।'- उनले भने तर आमाप्रति सबैको आदरसम्मान हुने भएकाले पनि यो थिममा रहेर चित्र कोरेको उनले बताए ।

कपिलवस्तुबाट माइत आउने क्रममा लुम्बिनी वनमा सिद्धार्थ गौतम बुद्ध जन्मदाको भाव प्रकट हुने मूर्ति बनाउने अर्का मूर्तिकार पनि निकै खुशी भेटिए । करीब साढे ५ फिट अग्लो काठको मुढालाई कलाकार लालकाजी लामाले यन्त्रहरू प्रयोग गरी काट्दै छिल्दै बुद्ध र बुद्धकी आमा मायादेवीको स्वरूप दिएका छन् । काठमा मूर्ति कुँद्नु पुरानो कला-संस्कृति भएको कुरा बताउँदै लामाले यसमा धेरै मेहनत लाग्ने जानकारी दिए । बुद्धको मावली र ससुराली देवदहको विकासमा कला क्षेत्रबाट थोरै भए पनि सहयोग गर्ने लक्ष्यसहित यो कार्यक्रम सञ्चालन गरिएको उनले बताए । बुद्ध र शान्तिको थिममा रहेर मूर्ति बनाउने काम भएको उनले जानकारी दिए ।

पूर्वपश्चिम राजमार्गको देवदह, खैरेनी चोकबाट करिब ३ किलोमिटर उत्तर शान्त र मनोरम बुद्ध सामुदायिक वन क्षेत्रमा कलाकारहरूले ती सिर्जना गरेका थिए । दैनिक अवलोकनका लागि विद्यार्थी तथा कलाप्रेमीहरूको समेत भीड रहयो । ड्रिम देवदह युनिटी फर चेन्जको आयोजना तथा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको प्राविधिक सहयोगमा रुपन्देहीको देवदहमा प्राचीन देवदह राष्ट्रिय काष्ठकला कार्यशाला सम्पन्न गरिएको हो । कार्यशालामा प्रतिष्ठानका मूर्तिकारहरूले बुद्धकालीन १७ वटा फरक-फरक भावका मूर्ति तयार गरेका छन । कार्यशालामा एक जना महिलासहित अन्य पुरुष मूर्तिकारले अधिकांश अर्धमूर्त, केही मूर्त र थोरै अमूर्त मूर्ति निर्माण गरेका छन ।

कार्यशालामा आमा मायादेवीको काखमा बसेका बुद्धको मूर्ति कुँदेका ललितकला प्रज्ञा प्रतिष्ठानका प्राज्ञ यमबहादुर थापाले आफूहरूले इतिहासलाई फेरि ब्युँझाउने काम गरेको बताए । यो काम देवदह क्षेत्रको पर्यटन विकासमा सहयोगी सिद्ध हुने उनको दाबी छ । दाउराका रूपमा प्रयोग हुने काठबाट आर्कषक शैलीका मूर्ति बनाएर अमुल्य पारिएको उनको दाबी छ । 'बुद्धकालीन महत्व झल्काउने धेरै महत्वपूर्ण मूर्ति बनेका छन् । अब यसको संरक्षणमा ध्यान दिनुपर्छ ।'- उनले आग्रह गरे ।

कार्यशालामा तयार पारिएका काठका मूर्तिलाई बुद्ध सामुदायिक वन क्षेत्रमै गौतम बुद्ध राष्ट्रिय उद्यान निर्माण गरी पर्यटकिय अध्ययन केन्द्रका रूपमा विकास गर्ने सामुदायिक वनका अध्यक्ष टेक बहादुर थापाले बताए । ड्रिम देवदहका अभियन्ता संयोजक सिद्धिचरण भट्टराईले मानिसहरूको आस्था विश्वास, संस्कृति र प्राचीन सभ्यतालाई जोड्ने गरि भव्य पार्क बनाउने योजना रहेको जानकारी दिए । स्थानीय स्तरबाट कार्यशालाका लागि पर्याप्त सहयोग मिलेको भन्दै उनले बुद्ध र देवदहको इतिहासलाई खोजेर लुम्बिनी आउने पर्यटकलाई देवदहसम्म आउने वातावरण सिर्जना गर्न जरुरी रहेको कुरा पनि बताए । ललितकला प्रज्ञा-प्रतिष्ठानका तर्फबाट प्राज्ञहरू गोविन्द चौधरी बुद्ध शान्तिको प्रतीक भएको भन्दै कार्यशालामा बनेका अधिकांश मूर्ति शान्ति दर्साउने र सकारात्मक शैलीका भएकोमा खुसी व्यक्त गरे ।

प्रतिष्ठानका प्राज्ञहरूको अगुवाईमा यसअघि हेटौंडाको सहिद पार्कमा सहिद स्मारक, बुटवलको हिलपार्क काठमाडौंमा युद्ध स्मारकलगायत ९ वटा राष्ट्रिय कला कार्यशाला सम्पन्न भैसकेका छन् ।









# आफ्नै माटो साक्षी राखेर

प्रकाश बराल

४ करोड ५१ लाख पटक युट्युबमा हेरिएको नेपाली गीत सायदै होला, तर 'सालको पात टपरी हुने, नहुने सल्लैको' लोकगीतले त्यो सिमालाई 'ब्रेक' गरेको छ।

आलोचकहरूले यसलाई राष्ट्रिय लोकगीतसम्म भन्न थालिसकेका छन्। गीतमा जुन शब्द र संगीत छ त्यसले आमनेपालीलाई लोभ्याएको पक्कै हो। यति धेरै मन पराइएको गीत कसले लेखेको होला, कसले संगीत भरेको होला भन्ने चासो हुनु पनि स्वभाविक हो। गायक कुलेन्द्र विश्वकर्मा र विष्णु माझीको स्वरका सम्बन्धमा धेरैजसो जानकार नै छन्। यद्यपि यो गीतका पर्दा पछाडिको हिरोको खोजी थोरै मात्र भएको छ। नवराज पन्तले शब्द लेखेपछि वसन्त थापाले यसमा संगीत भरेका हुन्। नवराज पन्त र वसन्त थापा दुवै बागलुङे हुन्। उनीहरूका हरेक गीत-संगीतमा आफ्नो माटोलाई साक्षी राख्ने बानी परिसकेको छ।

थापाले त आफ्नै घर भएको गलकोट नगरलाई धेरै गीतमा दोहोर्‍याएका छन्। घुम्टे, दरमखोला, गलकोट र तारखोला जोडिएका वसन्तका धेरै गीत चर्चित समेत भएको विश्लेषक राम थापा अविरल बताउँछन्। सालको पातको संगीत भर्ने बेलासम्म आफू यति छिट्टै यो उचाइमा पुग्ने कल्पनासम्म नगरेको थापा बताउँछन्। वसन्त भन्छन्, 'यति चर्चित हुन्छ भन्ने लागेको भए अझै मेहनत गर्थें।' थोरै मेहनतअनुसार चर्चामा आएकोमा उनी खुसी छन्। थापा भन्छन्, 'आफ्नै माटो साक्षी राखेर रचना गरेको गीत-संगीतबाट सफलता हात लागेको छ।' थापाले जन्मगाउँ, गलकोट र बागलुङलाई साक्षी राखेर रचेका अन्य गीत एकदेखि डेढ करोड पटक हेरेको रेकर्ड छ। 'बागलुङ बजारमा बाघको सालिक' तथा 'वारि घुम्टे पारी गाजा' गीत झन्डै डेढ करोड पटक हेरेका छन्।

आफ्नै धर्तीको आर्शीवादले संगीतको सफलतामा पुर्‍याएको थापाको दाबी छ। 'मैले माटोलाई माया गर्न पाउनुपर्छ, त्यसैले गलकोट र बागलुङलाई साक्षी राखेर संगीत रचना गरेको छु' थापा भन्छन्, 'हाम्रो प्रकृति लाखौं लोकगीत रचना हुने खालको छ।' 'माछा मीठो दरम खोलाको', 'वारि घुम्टे, पारी गाजा', 'बागलुङ बजारमा बाघको सालिक', 'फुल्यो बामरी', 'आलु मीठो ताराखोलाको' जस्ता दर्जनौं गीत उनले आफ्नै माटो साक्षी राखेर रचना गरेका हुन्। अहिले छोरालाई डाक्टर बनाउनुपर्छ भन्ने बाबु दलबहादुर पनि उनको परिचयमा रमाउन थालेका छन्। गीत-संगीतमा रुचि भएकाले वसन्तले प्राविधिक बिषय पढ्न चाहेनन्। उनका दाइ र दिदी जापानमा छन्। उनलाई विदेश जान उत्तिकै दबाब छ। वसन्त भने विदेश गएका सँग भन्दा गाउँकै अगुवाहरूको प्रेरणामा रमेका छन्। गायकहरूको संगतले आफू संगीतकार भएको उनी बताउँछन्। विदेश जाने मोह नभएकाले संगीतमै अब्बल सावित हुन संघर्ष गरिरहेका छन् थापा। 'समस्या नभएको क्षेत्र त कतै छैन, तर गीत-संगीत मेरो जन्मदेखिको रुचि हो, त्यसमै रमाउँदै सफलता चुम्ने चाहना छ,' थापा भन्छन्, 'उत्कृष्ठ १० मा पर्न सकियो भने नेपालका हरेक पेसा र व्यवसायबाट मज्जाले जीवन चल्छ।' जापान वा अस्ट्रेलिया जानैपर्ने पारिवारिक दबाबलाई उनले संगीतबाटै छल्न सकेको बताए। थापाले अहिलेसम्म १ सयवटा गीत गाइसकेका छन् भने ५ सय गीतमा संगीत भरिसकेका छन्। जहाँ बस्यो त्यही भूगोललाई न्याय दिँदै गीत-संगीत रचना गर्नुपर्ने उनको सुझाव छ।

कतिपय गीत बजारमा आएको दुई वर्षपछि मात्र चर्चामा आएको उनले बताए। लामो समय रुमल्लिएर श्रोताको कानमा पुग्ने गीतको भीडमा सालको पातले बजारमा आउनासाथ उचाइ चुमेको हो। 'लामै समय लगाएर मैले यसको संगीत सिर्जना गरेको हुँ,' थापा भन्छन्, 'यस्तै मेहनत गरेर सयौं लोकगीत बनाउने मन छ।' लोकगीतका लागि हाम्रा गाउँघर महासागर नै हुन् भन्छन् थापा। 'महासागरमा प्रवेश गर्नेले लोटा थापेर बस्ने कि गाग्री बोक्ने आफैं निर्धारण गर्नुपर्छ।' एक-दुईवटा गीत गाएर कुर्नेलाई भने विकल्प खोज्न उनले सुझाव दिए। लोकगीतमा पश्चिमा संस्कृति भित्रिएकोमा थापा चिन्तित छन्। 'कला-संस्कृति संरक्षणमा राज्य नै लाग्नुपर्छ' उनले भने, 'कुनै दिन लोकगीत पनि थियो भन्ने होला भन्ने डर सरकारमा पनि हुनुपर्छ।' गीत-संगीतको छाडा संस्कार रोक्न नसके त्यसैले लोकभाकालाई समेत खाने उनको आशंका छ।



# हिन्दी गीतमा उरुषा

मोडल तथा नृत्यांगना उरुषा पाण्डे यतिबेला मुम्बईमा छिन्। दुई वर्षअघिदेखि नेपालको रंगमञ्चमा नृत्यमार्फत आफ्नो प्रतिभा प्रस्तुत गर्दै आएकी पाण्डे मोडलिङमा पनि स्थापित छिन्। नेपालमा छँदा 'एक्सप्रेसन क्विन' को उपनामले चिनिने उरुषा काठमाडौंमा सुपर उरुषा प्रोडक्सन हाउस स्थापना गरेपछि अभिनयमा करियर बनाउन मुम्बई पुगिन्। मुम्बई पुगेलगत्तै गर्ल्स कलेज शीर्षकको वेब सिरिजमा अभिनय गर्न थालेकी उरुषा यो साता एउटा हिन्दी गीतको म्युजिक भिडियोमार्फत दर्शकमाझ झुल्किएकी छिन्। भारतमा मोडल तथा अभिनेत्रीको छवि बनाइरहेकी उरुषाले भारतीय गायिका सुमन सहनीको स्वरको 'होठों पे ऐसी बात...' गीतको भिडियोमा कम्मर मर्काएकी हुन्। उरुषाले आफ्नै प्रोडक्सन हाउसबाट उक्त भिडियो निर्माण गरेकी हुन्। अनिल कुमार सोनीको शब्दको उक्त गीतमा शिव तिवारीको संगीत छ। पुरानो हिन्दी चलचित्र ज्वेल थिपमा समावेश होठों पे ऐसी बात..को रिमिक्स भर्सनका रूपमा उक्त गीत तयार पारिएको अभिनेत्री पाण्डेले बताएकी छिन्। म्युजिक भिडियो तथा वेब सिरिज हुँदै आफू हिन्दी चलचित्रमा अभिनय गर्न संघर्षरत रहेको अभिनेत्री पाण्डेले जानकारी दिएकी छिन्।





# दृश्यको अभिनय

गायक प्रमोद खरेलको 'डुबायो पापी मायाले...' को म्युजिक भिडियोमार्फत अभिनय क्षेत्रमा आएका अभिनेता हुन्– दृश्य सुवेदी। उक्त भिडियोबाट प्रारम्भ भएको उनको अभिनय यात्रा निरन्तर जारी छ। विगतमा मिस्टर नेपाल तथा म्यानहन्ट प्रतियोगिता सहभागिता जनाएर मिस्टर फिजिकको उपाधि जितिसकेका ५ फिट ९ इन्च अग्ला दृश्यले हालसम्म चार दर्जनभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरिसकेका छन्। गायिका रजिना रिमालको 'पानीको फोका जस्तै...' गीतको म्युजिक भिडियोले आफूलाई अभिनेताका रूपमा स्थापित गरेको उनको बुझाइ छ। दृश्यले पछिल्लो पटक गायिका रिमालकै गीत यो झरीमा..मा अभिनय गरेका छन्, जुन सार्वजनिक हुन बाँकी छ। नेपथ्य, मेरो बेस्ट फ्रेन्ड तथा जंग गरी तीनवटा चलचित्रमा अभिनयसमेत गरिसकेका दृश्यलाई उनले अभिनय गरेका म्युजिक भिडियोमध्ये गायक उजन नेम्वाङको 'गौरादहको बजारैमा...' सबैभन्दा बढि मनपर्छ। दृश्यले आगामी दिनमा पनि म्युजिक भिडियोमै अभिनय गरेर दर्शकको मन जित्ने योजना बनाएका छन्।

# नेपालीलाई नचाउँदैछु



बलिउडकी लोकप्रिय गायिका नेहा कक्कड यो साता काठमाडौं आउँदैछिन् । भोलि शनिबार ठमेलस्थित लर्ड्स अफ ड्रिङ्क्स (एलओडी) मा प्रस्तुत हुने नेहा कक्कड लाइभ कन्सर्टमा सहभागिता जनाउन उनी आज शुक्रबार नै काठमाडौं ओर्लँदै छिन् । इन्डियन आइडल सिजन-१० का दुई प्रतिभाशाली गायक विभोर परासर तथा कुणाल पण्डितसहित काठमाडौं आउन लागेकी गायिका कक्कडले नेपालमा हुने आफ्नो पहिलो कन्सर्टमा केही दर्जन गीत गाउने योजना बनाएकी छिन् । उनलाई आयोजक संस्था पारामाउन्ट इन्टरटेन्मेन्टका प्रमुख तथा अन्तर्राष्ट्रिय मोडल दीपक घिमिरे तथा एलओडीका सञ्चालक जनार्दन ढुंगेल (जेडी) ले काठमाडौंमा प्रस्तुत गर्न लागेका हुन् । सन् २००६ मा सम्पन्न इन्डियन आइडल सिजन-२ बाट सांगीतिक यात्रा प्रारम्भ गरेकी नेहा आजको मितिमा बलिउडकै नम्बर एक गायिकाका रूपमा सक्रिय छिन् । पछिल्ला लोकप्रिय डान्सिङ नम्बरहरूमा नेहाकै स्वर सुन्न सकिन्छ । आमदर्शकमाझ आफ्नो फरक अन्दाजका कारण लोकप्रिय रहेकी नेहा पछिल्लो समय इन्डियन आइडलको जजका रूपमा समेत सक्रिय थिइन् । हालसम्म १ हजारभन्दा बढी कन्सर्ट दिइसकेकी नेहाको क्रेज युवा-युवतीहरूमाझ अझ बढी छ । उनको आवाज मात्र होइन, युवा-युवतीहरु उनको स्टाइलका कारण पनि उनलाई फलो गर्छन् । नेपाल आउने तयारीमा रहेकी नेहासँग साप्ताहिकका कृष्ण भट्टराईले अनलाइनमार्फत गरेको कुराकानी :

**के छ हालखबर ?**

एकदमै ठिक छ । नेपाल आउने अन्तिम तयारी गरिरहेकी छु । भोलि शनिबार तपाईंहरूको सहर काठमाडौंमा आयोजना हुने लाइभ कन्सर्टमा सहभागी हुँदैछु ।

**अहिले केमा व्यस्त हुनुहुन्छ ?**

म गीत रेकर्डिङमै व्यस्त छु । त्यसबाहेक कन्सर्टहरूमा पनि उत्तिकै सहभागिता जनाइरहेकी छु । बिहानदेखि साँझसम्म नै स्टुडियोमा बितिरहेको छ ।

**नेपालमा आयोजना हुने आफ्नो पहिलो कार्यक्रमका लागि कत्तिको एक्साइटेड हुनुहुन्छ ?**

म अति नै एक्साइटेड छु । मैले सामाजिक सञ्जालमा पोस्ट गरेका भिडियोबाटै अनुमान लगाउन सक्नुहुन्छ, म कत्तिको एक्साइटेड छु भन्ने कुरा ।

**नेपालमा कन्सर्ट दिने वातावरण कसरी बन्यो ?**

नेपालबाट त्यहाँका मोडल दीपक घिमिरेजी मुम्बई आउनुभएको रहेछ । मुम्बईमै हाम्रो भेट भयो । उहाँले नै मलाई काठमाडौंमा आयोजना गरिने कन्सर्टमा सहभागिता जनाउन आग्रह गर्नुभयो । डेटहरू हेरेपछि उपयुक्त समय पारेर कन्सर्टका लागि तयार भएँ ।

**नेपालको कन्सर्टका लागि कसरी तयार हुनुभयो ?**

आयोजक पारामाउन्ट इन्टरटेन्मेन्टले विगतमा गरेका कार्यक्रमहरूका बारेमा पनि अध्ययन गरें । कुमार सानुसहितका कलाकारलाई नेपाल लगेर सफलतापूर्वक कन्सर्ट गरिसक्नुभएको रहेछ । उहाँहरूले सुरक्षालगायतका सम्पूर्ण कुरामा सुनिश्चिता दिलाएपछि कन्सर्टका लागि तयार भएँ ।

**नेपालको कन्सर्टको तयारीचाहिं कस्तो छ ?**

नेपालको कन्सर्टका लागि म पूर्ण रूपले तयार भैसकेकी छु । कन्सर्टमा मलाई इन्डियन आइडल सिजन-१० का दुई जना प्रतिभाशाली गायक विभोर परासर तथा कुणाल पण्डितले साथ दिँदैछन् । उनीहरूसहित कन्सर्टमा हामी करिब १८ जना संगीतकर्मी तथा सहयोगीहरूको समूहका साथ काठमाडौं आउनेछौं । लाइभ ब्यान्डमा कन्सर्ट दिनुपर्ने भएकाले वाद्यवादकहरू पनि यतैबाट लिएर जानुपर्नेछ । अहिले हामी समय मिलाएर त्यही कन्सर्टको अभ्यास गरिरहेका छौं ।

**कन्सर्टमा कतिवटा गीत गाउने तयारी गर्नुभएको छ ?**

म त आफ्ना प्रायः सबै लोकप्रिय गीत प्रस्तुत गर्ने योजनामा छु । समयले कत्तिको साथ दिन्छ भन्ने कुरा महत्वपूर्ण हो । त्यसबाहेक क्राउडको मुड हेरेर पनि गाउने योजना बनाएकी छु ।

**कुन-कुन गीत गाउनुहुनेछ ?**

दर्शक तथा श्रोताहरूले मन पराएका आफ्ना प्रायः सबै गीत प्रस्तुत गर्नेछु । मिले हो तुम हमकोदेखि कोलाकोला र आँख मारे...सम्मका डान्सिङ नम्बर प्रस्तुत गरेर नेपाली दर्शकहरूलाई नचाउनेछु । डान्सिङ नम्बरबाहेक मलाई मन परेका केही रोमान्टिक गीत पनि गाउनेछु ।

**नेपाली गीत पनि गाउनुहुन्छ कि ?**

त्यसका बारेमा त सोचेकी छैन, तर कन्सर्टको दिनसम्ममा कुनै एउटा लोकप्रिय नेपाली गीतचाहिं गाउनै पर्ला जस्तो छ ।

**अहिलेसम्म कुनै नेपाली गीत रेकर्ड गराउनुभएको छ कि ?**

मैले अहिलेसम्म त्यो सौभाग्य पाएकी छैन ।

**नेपाली गीत गाउने कुनै योजना छ कि ?**

गायक-गायिकाहरूमा प्रायः सबै भाषाका गीत गाउने इच्छा-चाहना हुन्छ । मेरो पनि त्यस्तै चाहना छ ।

**नेपाली गीत-संगीत सुन्नुभएको छ कि छैन ?**

सुनेकी छु । भारतीय रियालिटी शोहरूमा नेपाली कलाकारहरूले दिएको प्रस्तुतिका क्रममा नेपाली गीतहरू सुन्ने मौका पाएकी छु ।

**नेपालको कन्सर्टमा सहभागिता जनाउने नेपाली दर्शक तथा श्रोताहरूबाट कस्तो अपेक्षा गर्नुभएको छ ?**

धेरै भन्दा धेरै माया र साथको अपेक्षा गरेकी छु । मलाई आशा छ, उहाँहरूले मेरो गीतमा नाचेर साथ दिनुहुनेछ ।

**तपाईंको लोकप्रियताको कारण के हो ?**

मेरो मेहनत नै त्यसको कारण हो । यसबाहेक अभिभावकहरूको आशीर्वाद तथा ठूली दिदीको साथ र सहयोगले पनि मैले यो ख्याती आर्जन गर्न सकेकी हुँ ।

**परिवारबाट कस्तो सहयोग पाउनुभयो ?**

मलाई आज पनि सम्झना छ, जब म एउटा रियालिटी शोबाट बाहिरिएकी थिएँ । त्यसपछि म दुई दिनसम्म रोएँ । त्यति बेला मेरी दिदी सोनू कक्कडले मलाई 'तिमी मभन्दा पनि राम्रो गाउँछौ । यसरी रोएर आफैंलाई कमजोर नबनाऊ भनेर सम्झाउनुभयो । उहाँले भन्नुभयो– बितेका पलहरूलाई बिर्सिदेऊ र आफैंलाई योग्य बनाऊ । आफ्नो अभ्यासलाई निरन्तरता दिएर सही समयको प्रतिक्षा गर ।

**त्यसपछि के गर्नुभयो ?**

त्यसपछि करिब तीन-चार वर्षसम्म मैले अति नै मेहनत गरें । करिब तीन वर्षपछि नै मैले गायक सुखविन्दर सिंहसंग गीत रेकर्ड गराउने मौका पाएँ । त्यसपछि म सफलताको सिंढी उक्लन थालें । मैले भन्न खोजेको कुरा के हो भने जसले आफूभन्दा ठूलाको आदर गर्दैनन्, उनीहरूको सल्लाह मान्दैनन्, उनीहरू गलत हुन् । त्यसो गरेर उनीहरूले आफैंलाई हानि पुऱ्याइरहेका हुन्छन् । मैले पनि त्यति बेला आफ्नी ठूली दिदीको कुरा नमानेकी भए शायद म राम्रो गायिका बन्न सक्दिनथें ।

**सामाजिक सञ्जाललाई पनि आफ्नो सफलताको कारक मान्नुहुन्छ ?**

अवश्य पनि । मलाई लोकप्रियता दिलाउनेमा सेल्फी भिडियोको ठूलो हात छ । आज लाखौं-करोडौं मानिसले मलाई सेल्फी भिडियो अपलोड गर्न आग्रह गरिरहन्छन् । मैले एकपटक बोतल खोल गीतको सेल्फी भिडियो छायांकन गरेर त्यसलाई युट्युबमा अपलोड गरेकी थिएँ । त्यसपछि त्यसलाई यति धेरैले सेयर गरे कि त्यो मेरो आमा-बुवासम्म पुगेछ । त्यही बेलादेखि मैले सेल्फी भिडियो छायांकन गर्न थालेकी हुँ । अहिले अवस्था कस्तो आइसकेको छ भने चलचित्रका निर्देशकले नै गीतको सेल्फी भिडियो अपलोड गर्न आग्रह गर्न थालेका छन् । म चाहन्छु, म जसरी गाउँछु, श्रोताहरूले पनि मलाई त्यसरी नै सुनून् । जस्तो देखिन्छु, त्यस्तै देखून् । म बनावटी रूप बनाएर मानिसहरूबीच जान चाहन्नँ ।

**आफ्ना बारेमा थोरै जानकारी दिनु न ?**

मेरो जन्म भारतको उत्तराखण्डको ऋषिकेशमा ६ जून १९८८ मा भएको हो । मेरी आमाको नाम नीति तथा बुवाको नाम ऋषिकेश कक्कड हो । मैले चार वर्षको उमेरदेखि नै गीत गाउन थालेकी थिएँ । म आफ्नी दिदी सोनु तथा परिवारका सदस्यहरूसँग देवी जागरण तथा माताकी चौकीमा भजन गाउँथें । पछि म दिदी र परिवारका सदस्यहरूसहित दिल्ली सिफ्ट भएँ । दिल्लीको न्यू होली पब्लिक स्कुलबाट विद्यालयको अध्ययन पूरा गरें । स्कुलमा अध्ययनरत छँदै मैले इन्डियन आइडलमा सहभागिता जनाएँ । यद्यपि इन्डियन आइडल-२ (२००६) मा धेरै अगाडिसम्म पुग्न सकिनँ ।

**अन्त्यमा, आफ्ना नेपाली फ्यानहरूलाई के भन्न चाहनुहुन्छ ?**

संगीतको कुनै भाषा हुँदैन । संगीत भनेको सुर हो, लय हो, भाका हो । त्यसैले हामी कलाकारहरूलाई यसरी नै माया गरिदिनुस् ।

### नेहाका केही लोकप्रिय गीत

| गीत | चलचित्र |
|---|---|
| मिले हो तुम | फिभर |
| कोकाकोला | लुका छिपी |
| आँख मारे | सिम्बा |
| नैना | दंगल |
| ओ जानिया | फोर्स-२ |
| लेट्स टक अबाउट लभ | बागी |
| काला चस्मा | बार बार |
| टुकुर टुकुर | दिलवाले |
| तूँ इस्क मेरा | हेट स्टोरी-३ |
| एक दो तीन चार | एक पहेली लीला |
| धतीङ नाच | फटा पोस्टर निकला हिरो |
| सनी सनी | यारियाँ |
| सेकेन्ड ह्यान्ड जवानी | ककटेल |


● नेहा कक्कड, गायिका


बलिउड

# चर्चा सलमान खानको

आज शुक्रबारदेखि सलमान खानको बहुचर्चित चलचित्र भारत प्रदर्शनमा आउँदैछ । आफ्ना चलचित्र इस्लामिक चाड इदका अवसरमा प्रदर्शन गर्दै आएका सलमान खान यसबीच आफूसँग सम्बन्धित थुप्रै समाचारका कारण चर्चामा छन् । उनको पहिलो चर्चा उनको विवाहको विषयमा छ । यो विषयमा केही दिनअघि सलमान खानले अहिलेसम्म आफूलाई कसैले पनि प्रेम वा विवाहको प्रस्ताव नराखेको तथा बाबुआमाले समेत आफ्ना लागि दुलही नखोजिदिएको बताएका थिए । उनको परिवारले समेत उक्त समाचारको खण्डन गरेन् । त्यसपछि सलमान खानले आफूले आफ्ना लागि सन्तान चाहेको तर सन्तानकी आमा नचाहेको बताएर थप चर्चा पाएका थिए । उनको यो उद्घोषको अर्थ उनी पनि 'सरोगेट मदर' मार्फत् सन्तानको लालसा राख्छन् भन्ने लगाइयो । जसलाई सलमान खानले मौन स्वीकृति नै दिए । यसको अर्थ उनी पनि बलिउडका अन्य हस्ती करण जौहर, एकता कपुर, तुषार कपुर, फराह खानकैं बाटोमा छन् भन्ने लगाइयो ।

सलमान खानसँग यसैसाता जोडिएको अर्को विषय उनीसँग भारतमा अनस्क्रिन रोमान्स गरेकी दिशा पटानीले उनी बूढो भएको र उनीसँग अर्को चलचित्रमा अभिनय गर्न नसक्ने भनी गरेको सार्वजनिक टिप्पणी नै हो । दिशा पटानीको उक्त टिप्पणीपछि सलमान खानले आफूले अझै पनि आफूभन्दा एकतिहाइ उमेरकी अभिनेत्रीहरूसँग रोमान्स गरिरहेको कुरा बताएका थिए । स्मरणीय के छ भने सन् १९९० मा सार्वजनिक भएको सलमान खानले अभिनय गरेको पहिलो चलचित्र 'मैने प्यार किया' कि नायिका भाग्यश्रीले आफ्नी छोरीको समेत विवाह गरिदिइसकेकी छिन् । उता सलमान खानले नै सन् १९९१ मा आफूसँग चलचित्रमा पदार्पण गराएकी नायिका रविना टन्डनले समेत आफ्ना दुईवटी धर्मपुत्रीको विवाह गरी दिइसकेकी छिन् ।







# दिन फर्कियो रकुलको

कुनै समय बलिउडका निर्माताहरूले नपत्याएपछि चलचित्रमा अभिनय गर्ने आफ्नो धोको पूरा गर्न दक्षिण भारतीय चलचित्रको सहारा लिएकी पञ्जाबी अभिनेत्री रकुलप्रित सिंहका दिन फर्किएका छन् । रकुलप्रित सिंहले अजय देवगण र तब्बुसँग स्क्रिन सेयर गरेको चलचित्र 'दे दे प्यार दे' ले बक्स अफिसमा धमाकेदार व्यापार गरेपछि अहिले बलिउडका निर्माताहरू रकुलप्रित सिंहको घरमा लाइन लागेका छन् । आफ्नो यो सफलताबाट मख्ख परेकी रकुलले आफूले चलचित्र छानेर मात्र काम गर्ने बताएकी छिन् ।




# कियाराकी जवानी

शाहिद कपुरसँग 'कबिर सिंह' र अक्षयकुमारसँग 'लक्ष्मी बम'मा चाँडै देखा पर्न लागेकी कियारा आडवानी यतिबेला चर्चामा छिन् । बंगाली चलचित्रका चर्चित निर्देशक आबिर सेनगुप्ताले बलिउडमा पदार्पण गर्न निर्माण गर्न लागेको चलचित्र इन्दुकी जवानीमा शीर्षक भूमिका निर्वाह गर्ने अवसर पाएपछि कियाराको चर्चा चुलिएको हो । एउटी महिला पात्रमाथि केन्द्रित इन्दुकी जवानीले आफूलाई बलिउडमा स्थापित गर्ने दावी आडवानीको छ ।

केवल एक प्रश्न

# २०७६/०७७ को बजेट कस्तो लाग्यो ?

बजेट भाषणमा सांसदलाई ६ करोड दिएको, खेलकुदमा बजेट घटाएको अनि सुर्तीजन्य र मदिराजन्यबाहेक अरू खानेकुराको मूल्य बढाएको चित्त बुझेन । अरू समग्रमा राम्रो छ ।

**प्रदीप भारद्वाज, लेखक**

कार्यान्वयन गर्न सके बजेट चित्तबुझ्दो छ ।

**बद्री पंगेनी, गायक**

कर्मचारीको २० प्रतिशत तलब बढेको चित्त बुझेन । किनभने यसले अनपेक्षित रूपमा मूल्य वृद्धि हुन्छ, जसले गर्दा जनतालाई मार पर्छ । अरू क्षेत्रमा कर बढाउनुभन्दा सवारी साधनमा कर बढेको भए कम्तीमा सडकको मर्मत-सम्भार त हुन्थ्यो होला ।

**मन्जिल बस्नेत, मोडल**

सुटिङमा हुनाले विस्तारमा हेर्न पाएको छैन । बजेट सत्तापक्षले प्रशंसा गर्ने र प्रतिपक्षले आलोचना गर्ने खालको होला भन्ने अनुमान गरेको छु । आधुनिक सुटिङ स्टुडियो बनाउने कुरा पनि सुनेको छु । यदि त्यसो हो भने राम्रो हो ।

**केदार घिमिरे, अभिनेता**

मह खाने नेता, हात चाट्ने जनता– त्यही नै हो । हामी जनतालाई पनि ललिपपमा भुल्ने बानी परिसकेको छ ।

**प्रमोद अग्रहरी, अभिनेता**

ठीकै लाग्यो । कागजका पानामा जति सुन्दर देखिएको छ, सुन्दा जति आनन्द आएको छ त्यसरी नै काम होस् भन्ने चाहना छ । छुट्याएको बजेटको सबै काम होस् भन्ने कामना ।

**सोभिता सिंखडा, अभिनेत्री**

कागलाई बेल पाक्यो हर्ष न बिस्मात ।

**भोलाराज सापकोटा, हास्यकलाकार**

यसपालिको बजेट राम्रोसँग बुझ्नै पाएको छैन ।

**प्रकाश सपूत, गायक**

आधुनिक सुटिङ स्टुडियो बनाउने कुराचाहिँ निकै राम्रो लाग्यो ।

**दीपाश्री निरौला, अभिनेत्री तथा निर्देशक**

यसपालिको बजेट नुन हाल्न बिर्सिएको तरकारीजस्तो छ ।

**टेकेन्द्र शाह, भिडियो एडिटर**

समग्रमा ठीकै हो । अब धेरै आश गर्न त देशको अवस्था पनि त्यहीअनुसारको हुनुपर्‍यो, तर एउटा दुःखचाहिँ के लाग्यो भने यसपालि पनि बजेटले युवाहरूलाई सम्बोधन गर्न सकेन ।

**महेन्द्र गौतम, मोडल**

समग्रमा बजेट राम्रो लाग्यो । विनियोजित बजेट सदुपयोग भएर काम भयो भने नेपाल र नेपालीको भलो हुने थियो ।

**शिव विक, नृत्य निर्देशक**

बजेटमा हामी कलाकारहरूलाई उत्साहित तुल्याउने खासै केही छैन । समग्रमा बजेटमा समावेश भएका अन्य कुरा राम्रा छन् ।

**दिनेश काफ्ले, हास्यकलाकार**

सरसर्ती हेर्दा यसपालिको नीति तथा कार्यक्रमअनुरूप प्रस्तुत बजेट ठीकै छ, तर नेपाली सिनेजगत्का लागि भने यसपालि बजेटले खास कुनै नयाँ योजना दिन सकेको छैन । वृद्धा भत्ता बढाइनु एकदमै सराहनीय छ । भूकम्पपीडितहरूका लागि दिगो आय आर्जनको 'प्याकेज' कार्यक्रम आउने आशा थियो त्यो आएन, तर अहिले प्रस्तुत बजेटलाई कागजमा सीमित नराखी कार्यान्वयनको पाटोमा जान सके यसले देशको कायापलट गर्ने कुरामा दुईमत छैन ।

**श्वेता खड्का, अभिनेत्री**

म बजेटसम्बन्धी विज्ञ त होइन, तर सरकारले जस्तो बजेट घोषणा गरेको छ, त्यो राम्रो छ । यसपालिको बजेटले कलाकारका केही विषयलाई पनि सम्बोधन गरेको छ । कर्मचारीको तलब वृद्धि गरेको छ । रेल र पानीजहाजका लागि बजेट छुट्याइएको छ । त्यसैले यसपालिको बजेट कार्यान्वयन भयो भने इतिहासकै उत्कृष्ट बजेट हुनेमा ढुक्क छु ।

**किरण केसी, हास्य अभिनेता**

यसपालिको बजेट कता-कता, के-के नमिलेजस्तो लाग्यो । वितरणमुखी भयो कि ?

**अजय लम्साल, मोडल**

बजेट बन्नुभन्दा पनि कार्यान्वयन हुनु सबैभन्दा ठूलो कुरा हो । यसपालिको बजेटमा नकारात्मकभन्दा पनि सकारात्मक पक्ष बढी देखेको छु । अर्को कुरा यसपालिको बजेट पनि परम्परागत ढंगले विनियोजित भएको छ । समृद्धि र आधुनिकताको नाममा बजेट बढी सहरमुखी भयो भन्ने लाग्छ । हाम्रो देशमा जबसम्म निम्न वर्गको विकास हुँदैन, तबसम्म देश विकास हुन सक्दैन । त्यसैले निम्न वर्गको जीवन कसरी उकास्न सकिन्छ भन्ने कुरा बजेटमा समावेश हुनुपर्छ । सहरलाई समृद्ध र आधुनिक बनाउने भन्दा पनि गाउँलाई आधुनिकीकरण गर्ने योजनाहरू बजेटमा समावेश हुनुपर्छ तब मात्र हामी स्वाभिमानी र समृद्ध हुन्छौं ।

**राजेश हमाल, अभिनेता**

संगीत र साहित्यलाई बजेटले प्रायः छुँदैन । अरू कुरा भन्न अध्ययन नै गर्नुपर्छ ।

**प्रमोद खरेल, गायक**

२०७६/०७७ को बजेट भाषण ठीकै लाग्यो । हरेक क्षेत्रलाई बजेटले छोएको छ, तर विनियोजित बजेट कार्यान्वयन हुन नसक्दा विकास निर्माणको काम ठप्प छ । त्यसैले दुःख लाग्छ ।

**विनोद न्यौपाने, अभिनेता**

काठमाडौं उपत्यकामा अत्याधुनिक सुविधा सम्पन्न स्टुडियो निर्माण प्रारम्भ गरिने तथा श्रमजिवी चलचित्रकर्मीलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने कुराले हामी उत्साहित छौं ।

**शान थापा, निर्देशक**

म एक लेखक हुँ । लेखक हुनुको नाताले आफ्नो क्षेत्र पनि बजेटमा समेटियोस् भन्ने लाग्छ नै, तर त्यस्तो भैरहेको छैन । अन्तर्राष्ट्रिय रूपमा चाहिँ कवि-लेखकहरूलाई देशका गहना तथा कला-साहित्य देश चिनाउने माध्यम मानिन्छ । उनीहरूमाथि राज्यले दिल खोलेर लगानी गर्छ । नेपालमा त्यस्तो अभ्यास अझै हुन सकेको छैन । अझै पनि राज्यले कला-साहित्यलाई अनुत्पादक मान्छ । जबसम्म कला-साहित्यका लागि पर्याप्त बजेट आउँदैन, कवि-लेखकलाई राज्यले कुनै सहयोग गर्दैन तबसम्म हरेक बजेट मलाई झुर लागिरहनेछ ।

**मिनराज वसन्त, साहित्यकार**

यसपालीको बजेटले चलचित्र क्षेत्रलाई पनि समेटेको रहेछ । त्यसैले खुसी छु ।

**सुहाना थापा, अभिनेत्री**

ठीकै छ । देश अनुसारको भेष ।

**बालिका थपलिया, साहित्यकार**

पहिलो कुरा त बजेट भाषण हुने बेला म भारततिर थिएँ । भारतबाट फर्किएपछि मात्र बजेटका विषयमा अपडेट भएँ । राजनीतिक, आर्थिक हिसाबले देशमा भएको खर्च तथा समाचार हेरेको-सुनेको भरमा यसको राम्रो-नराम्रो पक्ष भन्न सकिँदैन । तैपनि यसपालिको बजेटमा कलाकारिता र चलचित्र क्षेत्रका लागि सरकारले जुन कदम उठाएको छ, त्यो कदमलाई सकारात्मक नै मान्नुपर्छ ।

**अर्जुन पोखरेल, संगीतकार**







विकेन्ड पार्टी

# डिजे इलिजा मे@ठमेल



ठमेलस्थित सेनेट क्लब एन्ड लाउन्जमा फ्राइडे सेन्सेसनका रूपमा युनिक मिक्सिङ स्टाइल तथा टर्नटेबलिज्म स्किलका लागि प्रख्यात रसियन डिजे इलिजाले आज शुक्रबार विशेष प्रस्तुति दिँदैछिन् । डिजे इलिजाले आफू काठमाडौंमा प्रस्तुति दिन उत्साहित भएको आफ्नो फेसबुक पेजमा उल्लेख गरेकी छिन् । 'म मेरो समर टुरका लागि एकदमै एक्साइटेड छु,' उनले लेखेकी छिन् । डिजे इलिजासँगै स्थानीय डिजेहरु फिन्जोक, नोर्चेन, विधान, राजन तथा सोनमलाई पनि कार्यक्रममा फिचर गरिँदैछ । यसका साथै एरियल ब्यान्डले समेत लाइभ प्रस्तुति दिनेछ । ११ बजेभन्दा पहिले निःशुल्क प्रवेश र डिस्काउन्टको व्यवस्था छ । त्यसपछि भने प्रवेश शुल्कका रूपमा १ हजार रुपैयाँ तिर्नुपर्नेछ, जसमा एउटा ड्रिंक्स निःशुल्क पाइनेछ ।

विकेन्ड लाइभ

## पोखरामा नवीन के भट्टराई



आज जेठ २४ गते शुक्रबार पप स्टार नवीन के भट्टराईको आवाज पोखरामा घन्कँदैछ । दि ट्रेजर लाउन्ज बारले आयोजना गर्ने 'पर्फम नाइट' कार्यक्रमको मुख्य आकर्षणका रूपमा नवीन आफ्नो ब्यान्डसँगै प्रस्तुत हुनेछन् । विभिन्न परिकार तथा पेय पदार्थको स्वाद लिँदै गीत सुन्न पाइने यो कार्यक्रम साँझ ६ बजे प्रारम्भ हुनेछ ।

विकेन्ड फेसन

## फ्रेसर फेसन नाइट



स्वयम्भु ब्यांकेट, स्वयम्भूमा भोलि शनिबार फ्रेसर फेसन नाइट सिजन-२ को फाइनल हुँदैछ, जसमा १५ जना मोडल विविध पहिरनमा प्रस्तुत हुनेछन् । गड इन्टरटेनमेन्टले आयोजना गर्ने उक्त इभेन्टमा नृत्यसमेत समेटिएको छ । २ बजेदेखि ५ बजेसम्म चल्ने यो इभेन्टमा सहभागी हुन १ हजार रुपैयाँ शुल्क तिर्नुपर्नेछ ।

विकेन्ड ड्रामा

## सर्वनाममा 'घेरो'



लोकनाटक 'घेरो' आज जेठ २४ गते शुक्रबार काठमाडौंमा मञ्चन हुँदैछ । युथ क्रिएसन थिएटर पोखराले छैटौं प्रस्तुतिका रूपमा तयार पारिएको यो नाटक सर्वनाम थिएटर, कालिकास्थान, काठमाडौंमा साँझ साढे ५ बजे मञ्चन हुन लागेको हो । बालन शैलीको यो नाटकमा भजनमार्फत कथा वाचन हुँदै जान्छ । केदार पौडेलले लेखेको यो नाटकलाई कपिल शर्माले निर्देशन गरेका हुन् । नाटकका लागि भजनको रचना मधुसूदन पौडेलले गरेका छन् । रंगकर्मी सरोज अर्यालले 'घेरो' लाई लोकनाटकको स्वरूप दिएका छन् जसमा लक्ष्मण डुम्रे, शर्मिला बस्नेत, ममता मञ्जुल, केदार पौडेल, सञ्जय न्यौपाने, संरचना पौडेल (अञ्जना), प्रसुन, मधुसूदन पौडेल, ताराखर पौडेल तथा विनोद पौडेलको अभिनय हेर्न पाइन्छ । यसअघि यो नाटक पोखरा र सुर्खेतमा मञ्चन भएको थियो ।

विकेन्ड महोत्सव

# जलयात्रा महोत्सव

भोलि शनिबार कतै भ्रमणको प्लान बनाउनुभएको छ ? राजधानीको कोलाहलबाट मुक्ति लिएर नदीनालासँगै रमाउने सोच बनाउनुभएको छ ? कि साहसिक जलयात्रा गर्ने आँट गर्नुभएको छ ? यदि त्यसो हो भने त्रिशूली वा भोटेकोसी नदी जान सक्नुहुनेछ ।

नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा)ले हरेक वर्षझैं यो वर्ष पनि ३१ औं वार्षिक जलयत्रा उत्सव मनाउन लागेको छ । नारा यतिबेला त्रिशूली र भोटेकोसीमा र्‍याफ्टिङ उत्सवको तयारीमा जुटेको छ । नेपालको आन्तरिक तथा बाह्य पर्यटनको विकास, विस्तार, संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यले नेपालका नदीनालामा र्‍याफ्टिङ सञ्चालन गरिँदै आएको नाराका अध्यक्ष निमबहादुर मगर बताउँछन् ।

पर्यटन र वातावरणका निम्ति हाम्रा नदीको संरक्षण गरौं भन्ने नाराका साथ यो जलयात्रा हुन लागेको हो । नेपालका १६ वटा नदीमा जलयात्राको प्रचुर सम्भावना रहेको कुरा प्रचार-प्रसार गरी पर्यटन वर्ष-२०२० का लागि तिनलाई संसारभरि चिनाउने नाराको उद्देश्य छ । यो वर्ष पनि धादिङको बैरेनीदेखि मलेखुसम्मको जलयात्रामा आन्तरिक तथा बाह्य पर्यटकलाई सहभागी गराउने तयारीमा जुटेको नाराका महासचिव शिव अधिकारीले बताए । त्रिशूलीमा १ हजार तथा भोटेकोसीमा १५ सय मानिसलाई आवसीय र्‍याफ्टिङ गराउने तयारी छ ।

त्रिशूली र भोटेकोसीमा बग्ने निर्मल हिमालको पानीमा तैरिँदै, र्‍यापिडहरूमा डुङ्गा ठोक्काउँदै रमाउने पर्यटकहरू यो उत्सवमा सहभागी हुनेछन् । नाराले त्रिशूलीका लागि प्रतिव्यक्ति २ हजार तथा भोटेकोसीका लागि २ हजार ५ सयको प्याकेज तयार पारेको छ । यसमा जाने-आउने गाडीभाडा, र्‍याफ्टिङ चार्ज तथा एक छाक खानाको व्यवस्था हुन्छ भने आवासका लागि छुट्टै खर्च लाग्नेछ ।

### खस्कँदो र्‍याफ्टिङ व्यवसाय

नेपाल आफैंमा जलस्रोतको धनी देश हो त्यसमा पनि हिमालयबाट बगेका नदीको स्वच्छ पानीमा रमाउन नेपालीभन्दा पनि विदेशी पर्यटक लोभिन्छन् । निजी क्षेत्रको १० अर्ब लगानी रहेको र्‍याफ्टिङ व्यवसाय वर्षमा ४ महिना काम गरेर वर्षभरि पेट पाल्ने पेसा भएको छ । २ हजार र्‍याफ्टिङ गाइड उत्पादन गरेको नाराले हिउँद यामका केही महिना मात्र जल यात्रा गराएर गाइडहरूको पेट पालिरहेको छ । सुरुमा सयवटा नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा)मा आबद्ध भए पनि अहिले घटेर ७० वटामा झरेका छन । नदीनालामा जथाभावी क्रसर उद्योग, जलविद्युत् योजनाका साथै फोहोर ढल तथा दुर्गन्धले जलयात्रा विस्तारै लुप्त हुने अवस्थामा पुग्न थालेकोमा सम्बद्ध व्यवसायीहरू चिन्तित छन् । एउटा बोटलाई ८ देखि १५ लाख रुपैयाँ पर्ने र उक्त लगानीको प्रतिफल प्राप्त गर्न वर्षौं कुर्नुपर्ने बाध्यताले व्यवसायीहरू पलायनतर्फ लागेको नाराका महासचिव शिव अधिकारी बताउँछन् ।








चलचित्र

# 'भारत'को चेपुवामा तीन नेपाली चलचित्र

## कुम्भ करण




गत हप्ता चलचित्र कुम्भ करण प्रदर्शनमा आयो । यो चलचित्रले अपेक्षाकृत व्यापार गर्न सकेन- यो भनाइ चलचित्रका निर्देशक दीपक ओली स्वयंको हो । चलचित्र प्रदर्शनमा आउनुभन्दा पहिले चलचित्र निर्माण पक्षले यसको प्रचार-प्रसार चुस्त बनाएको थियो । प्रचार-प्रसार हेर्दा यो चलचित्रले राम्रो व्यापार गर्ला भन्ने धेरैको अनुमान थियो । चलचित्रलाई दर्शकले रुचाउन र बढीभन्दा बढी दर्शकको भीड हलमा देखिन प्रचार-प्रसारका साथै चलचित्रको विषय पनि उत्कृष्ट हुनुपर्छ भन्ने कुरा यो चलचित्रले प्रष्ट पारेको छ । यो चलचित्र करिब ७० लाख रुपैयाँको लगानीमा निर्माण भएको थियो । यद्यपि मंगलबारसम्म चलचित्रको व्यापार हेर्दा लगानी उठाउन धौ-धौ पर्ने देखिन्छ । निर्माण पक्ष भने अझै केही दिन चलचित्र चल्ला र लगानी सुरक्षित होला भन्ने आशामा थिए, तर बुधबार नै बलिउड चलचित्र भारत हलमा प्रवेश गरेसँगै उक्त आशा निराशामा परिणत भयो । चलचित्र कुम्भ करण तीन वर्षअघि नै छायाँकन गरिएको थियो । यद्यपि यसलाई हलसम्म पुग्न तीन वर्ष लाग्यो । त्यसमाथि पनि तीन-तीनवटा चलचित्रको भीडसँगै, जसले गर्दा पनि यसको व्यापार राम्रो हुन नसकेको चलचित्रकर्मीहरू बताउँछन् । यो चलचित्रमा निशा अधिकारी, गौरव पहारी, प्रमोद अग्रहरी, भोलाराज सापकोटा, अभय बराल, आकाश पल, कुलदिप अधिकारी, कमल गाउँले, प्रतिभा क्षेत्री आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रमा गौरव (नेपाली शिक्षक), निशा (अंग्रेजी शिक्षिका), भोलाराज (प्रधानाध्यापक) तथा प्रमोद ज्योतिषिको भूमिकामा छन् । यो चलचित्र मेकिङका हिसाबले सामान्य छ । सरसर्ती हेर्दा चलचित्र कुनै नयाँ विषयमा बने जस्तो लाग्दैन तर यसमा सस्पेन्सलाई भने उत्कृष्ट ढंगले प्रस्तुत गरिएको छ ।

## कप्स



गत हप्ता नै प्रदर्शनमा आएको चलचित्र हो- कप्स । यो चलचित्रमा १ करोड ८० लाख लगानी भएको निर्माण पक्षले जनाएको थियो । यद्यपि यो चलचित्रले ८० लाख उठाउन पनि धौ-धौ परेको निर्देशक सम्राट सापकोटाले बताए । यो चलचित्र एउटा इमान्दार प्रहरी वरिपरि घुमेको छ । चलचित्रमा अनुप विक्रम शाही (अमन सिंह, डिएसपी) र सन्दिपा लिम्बु (प्रिया, अपराध बिटमा कलम चलाउने पत्रकार) को भूमिकामा छन् । प्रहरीले कसैको प्रलोभन र दबाबमा नपरी आफ्नो कर्तव्य पथमा अघि बढ्नुपर्छ भन्नु नै यो चलचित्रको मूल भाव हो । समाजमा हुने कालोबजारी, हत्या, हिंसा, बलात्कार जस्ता कुराहरूलाई निर्मूल पार्न कसैको दबाव, लोभ लालचमा नफसी इमान्दारिताका साथ काम गर्ने प्रहरीको कथा यो चलचित्रमा प्रस्तुत गरिएको छ । चलचित्र कप्स मध्यान्तरसम्म उत्कृष्ट तरिकाले अघि बढेको छ, तर मध्यान्तर पछि भने हाई लाग्ने स्थिति उत्पन्न हुन्छ किनभने चलचित्रमा अनावश्यक विषयहरू घुसाइएको छ । त्यसले दर्शकलाई बोरिङ मात्र गर्छ । सम्राट सापकोटाले यही चलचित्रबाट निर्देशनमा डेब्यु गरेका हुन् । त्यसैले उनको पहिलो कामले राम्रो सम्भावना देखाएको मान्नु पर्छ । यद्यपि चलचित्रको सिनेम्याटोग्राफीमा भने केही कमजोरी छ । संगीत पक्ष राम्रो छ । निर्देशकले केही विषयवस्तु छाट्नुपर्ने ठाउँमा कैंची नलगाउँदा चलचित्र अलि भद्दा लाग्छ । चलचित्र हेरिसकेपछि दर्शकहरूबाट राम्रो प्रतिक्रिया पाइरहेको निर्देशक सापकोटा बताउँछन् । यद्यपि बलिउड चलचित्र भारत बुधबारदेखि नै प्रदर्शनमा आएसँगै यो चलचित्र पनि संकटमा परेको छ । मल्टिप्लेक्सबाट यो चलचित्र बाहिरि सकेको छ । नयाँ चलचित्र शुक्रबार रिलिज गर्ने नियम हुँदाहुँदै त्यसको उल्लंघन गर्दै बुधबार नै चलचित्र रिलिज हुन थालेपछि यसले नेपाली चलचित्रको विकासमा बाधा सिर्जना गरेको निर्देशक सापकोटा बताउँछन् ।

## काउसो



गत हप्ता चलचित्र काउसो पनि प्रदर्शनमा आएको थियो । यो चलचित्रको स्थिति पनि अरू दुई चलचित्रको जस्तै छ । निर्माण पक्षले चलचित्र निर्माणमा ७५ लाख लगानी भएको बताएको थियो । चलचित्रले उत्कृष्ट व्यापार गर्न नसकेपनि लगानी सुरक्षित गर्न सक्छ भन्नेमा आशा पलाएको निर्देशक मदन घिमिरेले बताए । घिमिरे कुनै बेलाका सफल निर्देशक हुन् । यद्यपि यो चलचित्रले भने आफूले सोंचेजस्तो नतिजा नदिएको घिमिरे बताउँछन् । चलचित्र काउसो रातारात धनी बन्ने सपना बोकेर गाउँबाट राजधानी छिरेका युवाहरूले गलत काम गरेर कमाएको पैसा उपयोगमा आउन नसकेपछि उत्पन्न हुने समस्याको वरिपरि घुमेको छ । यो चलचित्रमा सविन श्रेष्ठ, अर्जुन गुरुङ, अनु पराजुली, शान्ताकाराम थापा, रमेश बुढाथोकी, रामचन्द्र अधिकारी, सुरेन्द्र चापागाईं, नविन आचार्य, सन्नी भट्टराई आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रमा सविन सिआईडी डिएसपीको भूमिकामा छन् भने अनु पराजुली माझी बस्तीकी युवतीको भूमिकामा छिन् । कमेडी विधाको यो चलचित्रमा चिनिएका कमेडी कलाकारहरू नहुनु खड्किने कुरा हो । निर्देशक घिमिरेका लागि पनि यो पहिलो कमेडी चलचित्र हो । घिमिरे आफैंले पनि राम्रा हास्य कलाकारहरू लिएर चलचित्र बनाएको भए यसले राम्रो व्यापार गर्न सक्थ्यो कि भन्ने अनुमान अहिले आएर गरेका छन् । त्यसबाहेक चलचित्रको प्रस्तुति निकै राम्रो छ । संगीतको पक्ष पनि राम्रै छ । यति हुँदाहुँदै पनि यो चलचित्र सिनेम्याटोग्राफी र डबिङमा भने चिप्लिएको पाइन्छ ।

## देशप्रेमी

भोजपुरी कथानक चलचित्र 'देशप्रेमी' को प्रिमियर वीरगन्जमा सम्पन्न भएको छ । एम्याक्स हलमा आयोजित उक्त प्रिमियर शोमा अतिथिहरू वीरगन्ज महानगरका मेयर विजय सरावगी, सभासद ओमप्रकाश शर्मा, वीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष प्रदीप केडिया, उद्योगी अशोक वैद्य आदिले केक काटेका थिए । उनीहरूले चलचित्रको सफलताको कामना समेत गरेका थिए ।

शोमा चलचित्रका अभिनेता प्रदेशी साह, अभिनेत्री हिमानी गिरी आदि सहभागी थिए । अभिनेता साहले प्रिमियर शोबाट प्राप्त प्रतिक्रियाहरू समेटेर चलचित्रमा थप सुधार गरिने बताए । उनले दर्शकले आफ्ना अन्य चलचित्रजस्तै यो चलचित्रलाई पनि माया गर्नेमा आफू आशावादी रहेको बताए । नायिका गिरीले यो आफ्नो पहिलो चलचित्र भएको र सहकर्मीहरूबाट धेरै कुरा सिक्ने अवसर पनि पाएको बताइन् ।

निर्माता रवीन्द्र वर्णवालले यो चलचित्रबाट मधेसको कला-संस्कृति देखाउने प्रयास गरिएको बताए । नेपाल मात्र नभै भारत, खाडी मुलुकहरू तथा मरिससमा समेत यो चलचित्र प्रदर्शन गर्ने योजना आफूले बनाएको उनले जानकारी दिए ।

यो चलचित्रको छायांकन वीरगन्ज, सौराहा, पोखरा तथा भारतको मुम्बइमा गरिएको हो । ठूलो बजेटको यो चलचित्रमा भारतमा झन्डै १ सय ५० भोजपुरी चलचित्र निर्माण गरिसकेको भारतकै अग्रणी फिल्म प्रोडक्सन ब्यानर आदिशक्ति इन्टरटेनमेन्टको समेत लगानी छ । चलचित्र देशप्रेमी तयार पार्न १ करोड ३५ लाख रुपैयाँ लागेको बताइएको छ ।

यो चलचित्रमा अभिनेता साह फेरी पनि प्रहरीको भूमिकामा दोहोरिएका छन् । देशप्रेमीमा भोजपुरी सिने जगत्की स्थापित



अभिनेत्री पूनम दुबेको समेत अभिनय छ । उनले यसअघि करिब ३० वटा सुपरहिट भोजपुरी चलचित्रमा अभिनय गरिसकेकी छिन । नेपाली चलचित्रका स्थापित कलाकार पुकार भट्टराई तथा भोजपुरी चलचित्रका अर्का स्थापित कलाकार वैद्यनाथ महतो पनि यो चलचित्रमा छन् । भट्टराई खलनायक र महतो कमेडियन हुन् ।

यही चलचित्रबाट निर्देशक जे के मास्टर (जनक खकुरेल) तथा हिमानी गिरीले भोजपुरी सिने जगतमा डेब्यु गरेका छन् भने यो चलचित्रमा आधा दर्जन गीत समावेश छन् ।

शंकर आचार्य



## रेश

माता पाथीभरा फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्र रेशको सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ । हस्त लिवाङ मुख्य निर्माता रहेको यो चलचित्रलाई किशोर सुब्बाले निर्देशन गरेका हुन् । यो चलचत्रिमा नीता ढुंगाना, पुष्पा लिम्बू, शुलेमान शंकर इकु, किरण केसी, रवीन्द्र खड्का, सुभाष गजुरेल, हस्त लिवाङ, रविन लिवाङ, जियान तथा एजेश सैंजुले अभिनय गरेका छन् ।

चलचित्र रेशको ट्रेलर अघिल्लो साता सार्वजनिक भएको थिए । यो चलचित्रमा हरेक मानिसले देख्ने सपना तथा त्यो सपनालाई पूरा गर्ने क्रममा गर्नुपर्ने संघर्ष चित्रण गरिएको छ । यो चलचित्रले संघर्ष गर्दागर्दै कसैको सपना चाँडै पूरा हुने तथा कसैको ढिलो पूरा हुने सन्देश दिन खोजेको छ । आनन्द राईद्वारा संगीतबद्ध गीतहरू समावेश यो चलचित्रका गीतमा उदित नारायण झा, अञ्जु पन्त, सुजाता उपाध्याय, दीपराज नियोङहाङ, सञ्जित लामा तथा मन्दिल श्रेष्ठको स्वर सुन्न सकिन्छ । आनन्द अधिकारी, कृष्ण थापा तथा सञ्जित लामाले ती गीतहरू रचना गरेका हुन् । चलचित्र रेशमा गोविन्द राईको नृत्य निर्देशन छ भने शंकर महर्जनको द्वन्द्व निर्देशन छ । यो चलचित्रको छायांकन झापा, इलाम, मोरङ तथा दुबईमा गरिएको थियो । चलचित्रका निर्माताले यो चलचित्रमा करिब एक करोड रुपैयाँ लगानी भएको बताएका छन् ।

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक







शुभेच्छा
खड्का
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : सुरज श्रेष्ठ/एसटु प्रोडक्सन
हेयर एण्ड मेकअप : संगु लामतारी
लोकेशन : बगैँचा रिसोर्ट, पोखरा



# ट्रोल बन्यो वर्षाको पहिरन

अभिनेत्री वर्षा राउतको पछिल्लो चलचित्र जात्रै जात्रा व्यवसायिक रुपमा सफल भयो । नेपालमा राम्रो व्यवसाय गरिरहेको उक्त चलचित्र अहिले अस्ट्रेलियामा प्रदर्शन भैरहेको छ । त्यसका लागि चलचित्रका निर्माता-निर्देशकसहित अभिनेत्री वर्षा पनि अष्ट्रेलिया पुगिन् । गत शुक्रवार सिड्नीमा आयोजित चलचित्रको विशेष प्रदर्शनमा वर्षाले लगाएको पहिरनले भने धेरैको ध्यान आकर्षित मात्र गरेन, सामाजिक सञ्जालमा उक्त पहिरनको उछित्तो नै काडियो । हुँदा-हुँदा ट्रोलमा समेत वर्षालाई उडाउने प्रयास भयो । ट्रोल बनाउनेहरूले वर्षाको पहिरनलाई मजाक नै बनाइदिए । वास्तवमा वर्षाले लगाएको पहिरनमा खासै खराबी थिएन । उनले लगाएको सेतो र कालो रंग मिसिएको पहिरनको अघिल्लो भाग भने केही बढि नै खुला छ । विवाहअघि पहिरनमा संयमित देखिएकी वर्षालाई उक्त पहिरनमार्फत वक्षस्थल प्रदर्शन गरेको आरोप समेत लाग्यो । ट्रोलहरूमा उनलाई विवाहपछि उत्पातै बोल्ड भएको उल्लेख गरियो । दुई अर्थी शब्द प्रयोग गर्दै बनेका ती ट्रोलका बारेमा वर्षाले हालसम्म कुनै प्रतिक्रिया जनाएकी छैनन् ।



# पहिलो पटक भिलेन !

अभिनेता भुवन केसी लामो समयपछि अभिनयमा फर्किंदै छन् । यसै साता घोषणा भएको चलचित्र मिस्टर नेपालीमार्फत उनी पुनः अभिनयमा फर्किन लागेका हुन् । पछिल्ला केही वर्षदेखि भुवन चलचित्र निर्माणमात्र केन्द्रित थिए । गत सोमबार छायांकन प्रारम्भ भएको मिस्टर नेपालीमा भुवनले अभिनेत्री रिमा विश्वकर्मासँग अनस्क्रिन रोमान्स गर्दैछन् । रमाइलो कुरा के छ भने उक्त चलचित्रमा भुवनले दोहोरो भूमिकामा छन् । चलचित्रमा उनी हिरो तथा भिलेनको भूमिकामा प्रस्तुत हुन लागेका हुन् । आफूले सधैं फरक भूमिका निर्वाह गर्ने चाहना राख्दै आएकोमा पहिलो पटक खलनायकको भूमिकाबाट प्रस्ताव पाएपछि आफू यो चलचित्रमा अभिनय गर्न तयार भएको भुवनको तर्क छ । यही चलचित्रमार्फत साहिल श्रेष्ठ तथा कुसुम राउतले अभिनेता तथा अभिनेत्रीका रूपमा पदार्पण गर्दैछन् । देव नारायण भुषाल यो चलचित्रका निर्देशक हुन् ।



## मलाई खुसी लाग्छ

- मन मिल्ने साथीभाइ र नजिकका इष्टमित्र भेट्दा खुसी लाग्छ ।
- फुसर्दका बेला तीनै नजिकका साथीहरूसँग ताइ न तुईका अर्थात् बेमतलबका कुराकानी गर्दै मच्ची-मच्ची हाँस्न पाउँदा खुशी लाग्छ ।
- मलाई आफ्नै काम (खासगरी विज्ञापन) समय लगाएर गर्न पाउँदा खुसी प्राप्त हुन्छ ।
- बिहान-बेलुका घरमा केटाकेटीहरूसँग समय बिताउँदै उनीहरूसँग खेल्न पाउँदा अझ बढी रमाउँछु ।
- दुई-तीन दिनका लागि काठमाडौं बाहिर जाने क्रममा थानकोट कटेपछि अर्थात हाइवे समातेपछि असाध्यै खुसी हुन्छ । त्यो तीन-चार दिन विशुद्ध आफ्ना लागि हो भन्ने सोचेर मन त्यसै आनन्दित हुन्छ ।
- कुनै पनि नेपाली चलचित्रले धेरै भन्दा धेरै दर्शक पाएको देख्दा भित्रैबाट खुसी लाग्छ ।
- कहिलेकाहीं सरप्राइज गिफ्टहरूले पनि खुसी दिन्छन् तर आज तपाईको बर्थडे हो भन्दै कसैले अफिसमा केक ल्याइदियो भने चाहिं लाजले भुतुक्क हुन्छ ।
- गाडी/स्कुटर रिजर्भमा आएको बेला पेट्रोलपम्प पुगेर फूल ट्यांक तेल हाल्न पाउँदाको खुसी पनि विशेष हुन्छ ।
- बिदाको दिन काठमाडौंमा ड्राइभिङ गर्दा आहा, कति खुला सडक भनेर खुसी लाग्छ ।
- ब्लड प्रेसर/सुगरको लेभल चेक गर्दा नर्मल छ भने पछि मन त्यसै खुसीले नाच्छ ।

● आशिफ शाह, अभिनेता/निर्देशक




# मुख खोल्दै करिश्मा

बाबुराम भट्टराई र उपेन्द्र यादवका दुई पार्टिबीच एकिकरण भएपछि अभिनेत्री करिश्मा मानन्धरले आफू ताली मात्र पिट्नका लागि राजनीति नगर्ने भन्दै पार्टीबाट अलग भएको घोषणा गरिन् । नयाँ शक्ति पार्टिबाट अलग भएदेखि करिश्मा मानन्धरले सामाजिक सञ्जालमार्फत मनका लागेका विषयमा मुख खोल्न थालेकी छिन् । एसईईको नतिजा कुरेर बसेकी करिश्मालाई अहिले आमाको भूमिका लागि विभिन्न चलचित्रबाट प्रस्ताव गरिए पनि उनले ती भूमिका स्वीकार गरिरहेकी छैनन् । पार्टिबाट अलग भएको घोषणा गरेको केही दिनपछि नै उनले फेसबुकमा लेखिन्-'अब म बोल्छु ।' सामाजिक सञ्जालबाट आधिकारिक रुपमै अब आफू बोल्ने धारणा व्यक्त गरेको केही दिनपछि नै उनले बालाजुस्थित चलचित्र विकास कम्पनिको जग्गाका बारेमा चासो व्यक्त गरेकी छिन् । करिश्माले एनएफडिसीको सरकारी जग्गा बेचिबिखन भएको सुन्दा आफू अचम्मित भएको तथा तत्काल त्यसको छानविनको माग समेत गरेकी छिन् । 'बालाजु औद्योगिक क्षेत्रमा रहेको एनएफडिसी, जुन चलचित्र क्षेत्रको विकास प्रवर्द्धनका लागि उपलब्ध गराइएको थियो, जहाँ नेपाली चलचित्रले आफ्नो शैशव काल बिताउँदै आजको यात्रासम्म आइपुगेको छ । पर्दामा देखिने कलाकारदेखि यूनिटलाई चिया बाँड्ने स्पोट ब्वाइसम्मको दिन-रात त्यहीँ बित्थ्यो । हरेक चलचित्रकर्मीले आफ्नो घर जस्तो महसुस गर्ने ठाउँ थियो । आश्चर्य त के लाग्छ भने सारा सञ्चारकर्मी र चलचित्रकर्मीलाई थाहा हुँदाहुँदै पनि कोही चुइक्क बोल्नुहुन्न । यीनले जे गर्लान्, म बोल्छु ।' करिश्माले लेखेकी छिन्- '२७ रोपनीको त्यो जग्गा, जहाँ भवन, स्टूडियो, उपकरणहरू सबै थिए । पुराना नेपाली चलचित्रका नेगेटिभहरू त्यही छन्, जुन नेपाली चलचित्रको इतिहास हो । तत्कालिन लिज होल्डर डीबी थापाले उद्धव पौडेललाई लिजमा बेच्नुभयो । त्यसपछि न त्यो ठाउँको संरक्षण भयो, न सिनेमाका काम जसरी हुन्थ्यो त्यो नै भयो ।' करिश्माका अनुसार एनएफडीसीको नाममा रहेको २७ रोपनी जग्गा अहिले खुम्चिएर ६ दशमलव ७६ रोपनीमा सीमित भएको छ ।



# ज्यान बनाउँदै प्रदीप

अघिल्लो वर्ष आफूले अभिनय गरेका दुई चलचित्र रोज तथा लभ स्टेशन फ्लप भएपनि अभिनेता प्रदीप खड्का निराश भएनन् । उल्टो, असफलता नै सफलताको कारक हो भन्दै अघि बढे । यद्यपि उनले चलचित्रको छनौट गर्दा संयम अपनाउनुपर्छ भन्ने कुरा राम्रोसँग बुझे । एकपछि अर्को गर्दै दुई चलचित्र असफल भएपछि यतिबेला प्रदीपको सम्पूर्ण ध्यान चलचित्र प्रेमगीत-३ मा केन्द्रित भएको छ । यो सिक्वेल चलचित्रका अघिल्ला दुई श्रृंखला सफल मानिए । प्रदीपलाई यसको तेस्रो श्रृंखलामार्फत आफ्नो धरमराउँदो करियरलाई उचाइमा पुऱ्याउनु पर्ने चुनौती एकातिर छ भने अर्कातिर असफलताको श्रृंखला पनि तोड्नु छ । यीनै कारणहरूले गर्दा प्रदीप यतिबेला प्रेमगीत-३ का लागि ज्यान बनाउन लागिपरेका छन् । त्यसैले अहिले उनको अधिकांश समय जिमखानामा बित्न थालेको छ । चलचित्रको कथा अनुसार प्रदीपले आफ्नो ज्यान बनाउनु त छँदै छ, त्यसबाहेक उनले आफ्नो केशको आकार पनि बढाउनु पर्नेछ । प्रदीपलाई लामो केश सुहाउँछ । प्रेमगीत-३ कै लागि उनले हेमराज बिसीको शुभ विवाह तथा रामबाबु गुरुङको कबड्डी-३ छाडे । प्रदीपले यो चलचित्रको छायांकन अघि आफूले अन्य कुनै पनि चलचित्रमा हात नहाल्ने स्पष्ट पारिसकेका छन् ।




अपोजिट सेक्स

## आश्मालाई मनपर्ने दश पुरुष

| | |
|---|---|
| अभिनेता : | विपिन कार्की |
| गायक : | सजनराज वैद्य |
| निर्देशक : | दीपेन्द्र के खनाल |
| मोडल : | आशीर्वाद बराल (एबी) |
| हेयर स्टाइलिस्ट : | बिगेन तामाङ |
| डिजाइनर : | रोबिन परियार |
| कोरियोग्राफर : | गम्भीर विष्ट |
| सिनेमेटोग्राफर : | पुरुषोत्तम प्रधान |
| चरित्र अभिनेता : | अर्जुन श्रेष्ठ |
| फोटोग्राफर : | राहुल रियो (मेंगलोर) |

● आश्मा गिरी, अभिनेत्री



# के प्रेममा छिन् सारा ?

सारा सिर्पाइली केही समयअघि अनमोल केसीसँगको प्रेम सम्बन्धमा छिन् भन्ने कुराले चर्चामा आएकी थिइन् । अनमोलले उक्त कुरा अस्वीकार गरेपछि अहिले त्यसको चर्चा हुन छाडेको छ । यद्यपि साराको गतिविधि हेर्ने हो भने उनी कसैको प्रेममा छिन् भन्ने छनक मिल्छ । केही दिनअघि साराले सामाजिक सञ्जालमा एउटा भिडियो अपलोड गरेकी थिइन् । त्यो पनि २४ घण्टाका लागि मात्र । उक्त भिडियोमा उनकोमात्र अनुहार देखिए पनि भिडियोमा एकजना केटा मान्छेको हातसमेत देखिन्थ्यो । हात देखिनु तर मान्छेको अनुहार नदेखिनु आफैंमा आश्चर्यजनक कुरा हो । भिडियोमा देखिएको हात उनको प्रेमीको हुनसक्छ- धेरैको अनुमान छ ।

# साकेलाका उत्कृष्ट पुरस्कृत



सुनसरीको धरानमा आयोजित साकेला सिली प्रदर्शनमा धरान-१९ प्रथम, हाँसपोसा दोस्रो तथा धरान-११ तेस्रो भएका छन् । उत्कृष्ट सहभागितातर्फ धरान बाहिरबाट हाँसपोसा, इटहरी-६ तथा पकली क्रमशः पहिलो, दोस्रो तथा तेस्रो घोषित भए । उत्कृष्ट सहभागीता विधातर्फ धरान भित्रबाट पहिलो धरान-१५, दोस्रो धरान-८ तथा धरान-५ र ६ तेस्रो घोषित भए । उत्कृष्ट वेशभूषा सबै सहभागीमध्येबाट पहिलो धरान-१६, दोस्रो धरान-१९ तथा तेस्रो हाँसपोसा भए भने ढोलेहरूतर्फ हाँसपोसाका सुरेस राई र धरान-१९ का ज्ञानबहादुर राई उत्कृष्ट घोषित भए ।

# मिसेज टप अफ द वर्ल्डमा उपाधि



विवाहित महिलाहरूको अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता मिसेज टप अफ द वर्ल्ड-२०१९ मा नेपाली सहभागी अलिना शाक्य तुलाधरले सफलता हात पारेकी छिन् । लाटभियाको रिगा सहरमा २०१९ मे २९ देखि जून २ तारिखसम्म सञ्चालित उक्त प्रतियोगितामा अलिनाले फोर्थ रनर्सअपको उपाधि प्राप्त गरेकी थिइन् । उनले प्रतियोगितामा मिसेज स्माइलको एवार्डसमेत जितिन् । मिसेज टप अफ वर्ल्ड-२०१९ मा सहभागी हुनुपूर्व अलिनाले कोरियोग्राफर रोजिन शाक्यबाट अन्तर्राष्ट्रिय प्रतियोगितासम्बन्धी प्रशिक्षण प्राप्त गरेकी थिइन् । प्रतियोगिताका लागि अलिनाको वार्डरोबको डिजाइन ड्रिम फेसन वेयरकी डिजाइनर मन्जु बन्जारा ढकालले गरेकी थिइन् ।

स्नातकोत्तर सम्मको अध्ययन पूरा गरेकी अलिना हाल सिभिल ग्रुपमा आबद्ध छिन् भने उनी ब्युटिसियन पनि हुन् । मिसेज टप अफ द वर्ल्डमा यसअघि (२०१५ मा) रजनी थापाले फोर्थ रनर्सअप तथा मिसेज डायमन्ड अफ द वर्ल्डको एवार्ड जितेकी थिइन् ।

# लिटिल प्रिन्स एन्ड प्रिन्सेज तिलोत्तमा

रुपन्देहीमा सम्पन्न लिटिल प्रिन्स एन्ड प्रिन्सेज तिलोत्तमा-२०७६ को उपाधि याङ थापा तथा विप्सवी क्षेत्रीले चुमेका छन् । तिलोत्तमास्थित तिलोत्तमा पार्टी प्यालेसमा सम्पन्न फिनालेमा १० जना प्रतिस्पर्धीलाई पछि पार्दै याङ र विप्सवी विजेता घोषित भएका हुन् । एड्भेन्ट नेपालद्वारा आयोजित उक्त प्रतियोगितामा आर्यन आचार्य र सन्ध्या ज्ञवाली फस्ट रनर्सअप तथा विप्लव क्षेत्री र क्यारोन गुरुङ सेकेन्ड रनर्सअप भएका थिए । यसैगरि अर्गनाईजर च्वाईस एन्जल दर्नाल तथा भ्युअर्स च्वाइस कृतिका बरालले जिते । बालबालिकाहरू फेन्सी राउन्ड, डिजाइन राउन्ड, ट्यालेन्ट राउन्ड तथा जजको प्रश्नोत्तर राउन्डका आधारमा उत्कृष्ट घोषित गरिएका थिए ।

स्वस्तिक श्रेष्ठ

# क्रिष्टिनालाई उपाधि



इकोम मिस एसईई प्रदेश नम्बर-१ को उपाधि झापा, मेचीनगरकी क्रिष्टिना ताम्रकारले जितेकी छिन् । बिर्तामोडमा भएको ग्रान्ड फिनालेमा आफ्ना प्रतिस्पर्धीहरूलाई उछिन्दै उनले यो वर्षको उपाधि जितेकी हुन् ।

प्रतियोगिताको फस्ट रनर्सअप बिर्तामोडकी प्रिसा खरेल तथा सेकेन्ड रनरअप बिर्तामोडकै अनुमा राई घोषित भए ।

ड्रिम्स वर्ल्ड इन्टरटेन्मेन्टले आयोजना गरेको यो प्रतियोगितामा प्रदेश नम्बर-१ का ३४ जना किशोरी सहभागी थिए भने फिनालेको मुख्य निर्णायक मिस नेपाल अर्थ-२०१८ प्रिया सिग्देल थिइन् ।

विष्णु सुब्बा

# सुपर स्टार नेपाल



एसईई परीक्षार्थीहरूमा केन्द्रित एसईई सुपर स्टार नेपाल-२०१९ को उपाधि प्रयुक्ता चन्दले जितेकी छिन् ।

प्रतियोगितामा मिख्याल सङ्मेन फस्ट रनर अप तथा मिङ्मा शेर्पा सेकेन्ड रनर्सअप भए । ग्रेस इभेन्ट्स तथा मोडल सडस नेपालले संयुक्त रूपमा आयोजना गरेको उक्त प्रतिस्पर्धामा जेविश जोशी मोस्ट पपुलर तथा रञ्जु सेन्चुरी अडियन्स च्वाइसको एवार्ड जित्न सफल भएका थिए । प्रतियोगिताको फाइनल जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालन भएको थियो ।

# प्रज्वल र प्रशंसा प्रिन्स एन्ड प्रिन्सेज



मोरङको उर्लाबारीका ११ वर्षीय प्रज्वल राई तथा ११ वर्षीया प्रशंसा राईले लिटल प्रिन्स एन्ड प्रिन्सेजको उपाधि जितेका छन् । 'बालबालिकाको भविष्य निर्माणमा क-कसको भूमिका हुन सक्छ ?' भनेर सोधिएको प्रश्नमा ११ वर्षीया प्रशंसाले 'आमाबुबा, शिक्षक-शिक्षिका तथा विद्यालयको भूमिका हुन्छ' भन्ने जवाफ दिएपछि उनी आफ्ना २० जना प्रतिस्पर्धीलाई उछिन्दै विजेता भएकी हुन् । लिटिल प्रिन्सेजतर्फ प्रतिका कार्की फस्ट रनर्सअप तथा स्मृति मिश्र सेकेन्ड रनर्सअप घोषित भएका थिए ।

प्रज्वल लिटल प्रिन्सतर्फ आठ जना प्रतिस्पर्धीलाई उछिन्दै उर्लाबारी प्रिन्स भएका हुन् । यो विधामा प्राञ्जन कार्की फस्ट रनर्सअप तथा स्टार लिम्बू सेकेन्ड रनर्सअप भएका छन् ।

# एसईई मोडल हन्ट



जमलस्थित राष्ट्रिय नाचघरमा सञ्चालित एसईई मोडल हन्ट-२०१९ को ग्रान्ड फिनालेमा समीर तामाङ र युनिका पाठक विजेता घोषित भएका छन् । समीरले स्टाइलिस र मल्टिमिडिया विधाको एवार्ड पनि आफ्नो नाममा सुरक्षित बनाए भने युनिकाले एनर्जेटिक विधामा आफ्नो नाम दर्ता गरिन् ।

प्रतियोगितामा फोटोजेनिक र पर्सनालिटी विधाको एवार्ड सहित अतित महर्जन र ट्यालेन्ट विधाको एवार्ड सहित अलिशा पौडेल फस्ट रनर्सअप भएका थिए । यसैगरी करिज्माटिक विधाको एवार्डसहित आर्यमान राजभण्डारी तथा डिसिप्लिन र मल्टिमिडिया विधाको एवार्डसहित अन्जिता छत्याल सेकेन्ड रनर्सअप चयन गरिए । डिएम इन्टरटेमेन्टको ब्यानरमा सम्पन्न उक्त प्रतियोगिताको कोरियोग्राफी सनिश शाक्यले गरेका थिए ।

# अनुपमको एवार्ड पुरुषोत्तम र विश्वमोहनलाई



अनुपम म्युजिक पोखराले अनुपम म्युजिक एवार्ड-२०७६ लोकगायक पुरुषोत्तम न्यौपानेलाई प्रदान गर्ने भएको छ । गायक न्यौपानेले नेपाली लोकगीतको उत्थानमा महत्वपूर्ण योगदान गरेको भन्दै उक्त एवार्ड प्रदान गर्न लागिएको हो । न्यौपानेको स्वरमा १ हजारभन्दा बढी गीत रेकर्ड भएका छन् । यस्तै यस वर्षको तीर्थहरि समाजसेवा एवार्ड समाजसेवी विश्वमोहन गौचनलाई प्रदान गरिने छ । एड्स रोग नियन्त्रण सङ्घ, कास्कीलगायत दर्जनौं सामाजिक संस्थामा रहेर समाजसेवाका क्षेत्रमा गौचनले पुऱ्याएका योगदानको कदर गर्दै उक्त एवार्ड प्रदान गरिने भएको हो । यसैगरी अनुपम सङ्गीत सम्मान गीतकार सुमन श्रापित तथा सङ्गीतकार डेनी निरौलालाई प्रदान गरिनेछ । पोखरामा रहेर २ दशकदेखि गीत लेखनमा लागेका श्रापितका १ सय ५० भन्दा बढी गीत रेकर्ड भएका छन् भने आधा दर्जन एल्बम र 'भावनाको खेती' नामक गीत सङ्ग्रह प्रकाशित छन् । निरौलाको सङ्गीतमा ३ सयभन्दा बढी गीत रेकर्ड भएका छन् ।

यी एवार्ड तथा सम्मान भोलि जेठ २५ गते शनिबार पोखरा उद्योग वाणिज्य सङ्घको हलमा हुने छैटौं अनुपम साङ्गीतिक साँझका अवसरमा प्रदान गरिने आयोजक समितिका संयोजक अनुराग अधिकारीले बताए । उक्त अवसरमा दार्जीलिङ, काठमाडौं तथा पोखराका कलाकारहरूले साङ्गीतिक प्रस्तुति दिनेछन् ।

पहिलो विश्व





## अफिसको स्कर्ट योजना

रसियाको एक आल्मुनियम कम्पनीले महिला कर्मचारीहरूका लागि ल्याएको स्कर्ट योजनाले निकै चर्चा पाउन थालेको छ। उक्त कम्पनीले महिला कर्मचारीहरूले अफिसमा स्कर्ट लगाएर काममा आए उनीहरूलाई थप तलब दिने घोषणा गरेको बताइन्छ। यो घोषणाको सामाजिक सञ्जालमा विरोध भए पनि कम्पनीका महिला कर्मचारीहरूमा भने उत्साह थपिएको छ।

उक्त कम्पनीले सञ्चालन गरेको महिला म्याराथन अभियानअन्तर्गत कुनै पनि महिला कर्मचारीले घुँडाभन्दा ५ सेन्टिमिटर लामो नहुने स्कर्ट लगाएर आए उनीहरूले काम गरेबापत पाउने दैनिक पारिश्रमिकमा १ सय रुबल अर्थात् १ सय ६६ रुपैयाँ थप पाउनेछन्। यसका लागि महिला कर्मचारीले आफूले स्कर्ट लगाएको तस्बिर प्रमाणका रूपमा पेस गर्नुपर्ने नियम छ। यो अभियानमा अहिलेसम्म ६० जना महिला कर्मचारी सहभागी भैसकेका छन्। ७० प्रतिशत पुरुष कर्मचारी रहेको उक्त कार्यालयको यो अभियानबाट अन्य कर्मचारीहरू पनि उत्साहित छन्। सहकर्मी महिलाहरूको उत्साह बढाउन उनीहरूले निकट भविष्यमा महिला कर्मचारीहरूलाई लिएर कसले छिटो मःम बनाउने प्रतियोगितासमेत आयोजना गर्ने जनाएका छन्।

## अनलाइनको मजाक

ब्रिटिस अनलाइन सपिङ एसोसको ख्याति राम्रै छ। आफ्नो लगायत विभिन्न ब्रान्डका पोसाक बिक्री गर्दै आएको यो अनलाइनले हाले राखेको एउटा पहिरनले यसका प्रयोगकर्ताहरूमाझ राम्रै चर्चा पायो। रबरले बनेको गुलाबी रंगको उक्त वान पिसलाई





एसोसले ३५ हजार रुपैयाँमा बिक्रीका लागि राखेको थियो, तर त्यो पहिरन कन्डमजस्तो देखिएको कुरा सामाजिक सञ्जालमा चर्चा हुन थालेपछि एसोसले त्यसको मूल्य घटाएर २६ हजारमा झार्‍यो। उक्त पहिरनले जति चर्चा पाए पनि त्यसको बिक्री भने अपेक्षाअनुरूप हुन सकिरहेको छैन।





## तरुनी हजुरआमा

अस्ट्रेलियामा म्याक्सिम म्यागजिनले आकर्षक शरीर भएकी युवती खोज्न आयोजना गरेको एक प्रतियोगितामा गिना स्टेवार्ट पनि छनौट भइन्। ४८ वर्षीया गिना यो प्रतियोगितामा छनौट हुने अरू युवतीको तुलनामा दोब्बर उमेरकी थिइन्। चार सन्तानकी आमाका साथै हजुर आमासमेत भैसकेकी गिनालाई अरू सहभागीले तरुनी हजुरआमा भन्न थाले। त्यसपछि गिनाले आफ्नो सौन्दर्य र शरीर अरूलाई देखाउन नियमित रूपमा आफ्ना ग्ल्यामरस तस्बिर सामाजिक सञ्जालमा अपलोड गरिरहेकी छिन्। यसले उनको चर्चालाई अझ बढाइरहेको छ।

## प्रतिबन्धको अनौठो विरोध

सामाजिक सञ्जालमा आफ्नो आधिपत्य जमाउँदै आएका फेसबुक तथा इन्स्टाग्रामले बेलाबेलामा विभिन्न कुरामा प्रतिबन्ध लगाउँछन् जसलाई उनीहरूको प्रतिबन्ध सह्य हुँदैन त्यसको विरोध अनौठो ढंगले हुने गरेको छ। अहिले पश्चिमी मुलुकमा पुरुषले आफ्नो स्तनको मुन्टो देखाउन हुन्छ भने महिलाले किन हुँदैन भन्ने बहस चलिरहेको छ। यसको विरोधमा महिला अधिकारवादीहरूले बेलाबेलामा प्रदर्शनसमेत गर्ने गरेका छन्। यो विवाद मत्थर नभएको अवस्थामा हालै फेसबुक र इन्स्टाग्रामले महिलाले आफ्नो स्तनको मुन्टो देखिने किसिमको तस्बिर फोटो अपलोड गर्न नपाउने नियम ल्यायो। अनि के चाहियो र महिला अधिकारवादीहरूलाई ? यी दुई सामाजिक सञ्जालको विरोधमा चर्चित निर्वस्त्र फोटोग्राफर स्पेन्सर टुनिक पनि जोडिए।




न्युयोर्क सहरमा भेला भएका निर्वस्त्र मोडलहरूले हातमा स्तनको मुन्टोको तस्बिर बोकेर तस्बिर खिचाए। यो विरोध कार्यक्रमको योजना गोप्य थियो र फोटोसुट गर्ने बेलामा मात्र अरूलाई थाहा भएको थियो। फेसबुक र इन्स्टाग्रामले चित्रकला तथा मूर्तिकलामा देखिने स्तन मात्र अपलोड गर्न दिने तर तस्बिरमा देखिने त्यस्तो तस्बिर हटाउने नियम ल्याएपछि त्यसको विरोध भएको हो।

## राजकुमार-राजकुमारी चाहियो

अंग्रेजी कथाका रोचक पात्रहरू सिन्ड्रेला, इल्सा, अग्नर, हान्स बन्ने सुवर्ण अवसर अहिले फ्रान्सको पेरिसमा खुलेको छ। पेरिसस्थित डिज्नेल्यान्डले यो गर्मी महिनामा पर्यटकहरूलाई थप मनोरञ्जन प्रदान गर्न राजकुमार-राजकुमारीहरूको खोजी गरेको हो।





डिज्नेल्यान्डले यो सिजनमा ५० जना विभिन्न पात्रलाई प्रस्तुत गर्ने योजना बनाएको छ भने त्यसका लागि आवेदन पनि खोलिइसकेको छ। यो योजनामा सहभागी हुन चाहने राजकुमारीको उचाइ ५ फिट २ इन्च देखि ५ फिट ६ इन्च हुनुपर्ने र राजकुमारको हकमा ५ फिट २ इन्चदेखि ६ फिटसम्म हुनुपर्ने नियम छ। ६ फिटभन्दा अग्ला युवकहरूलाई भने अरू पात्रका रूपमा पनि प्रयोग गर्न सकिनेछ। यो छनौटमा परेर उत्कृष्ट काम देखाउनेलाई नियमित काममा राख्न सकिने बताइएको छ। डिज्नेल्यान्डले ती पात्रको छनौट डब्लिनको डान्स आयरल्यान्डमा गर्ने जनाएको छ।

अपराध

# चार वर्षपछि अनुसन्धान


राजाराम पौडेल

वि.स. २०७१ साल फागुन ७ गते पोखराको तुलसीघाटमा शव भेटिएका सूर्यबहादुर पाण्डेको हत्याको आरोपमा पक्राउ परेका तीन जनालाई कास्की जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएको छ । पुर्पक्षका लागि कारागार पठाइएकाहरूमा रामचन्द्र मानन्धर, माइला भन्ने बुद्ध श्रेष्ठ तथा धुव्र मानन्धर छन् । जिल्ला न्यायाधीश योगेन्द्रप्रसाद साहको इजलासले उनीहरूलाई पुर्पक्षका लागि थुनामा पठाएको कास्की जिल्ला अदालतका श्रेस्तेदार लोकनाथ पराजुलीले जनाए । उनीहरूविरुद्ध मृतक सूर्यकी आमा विष्णुकुमारी पाण्डेले किटानी जाहेरी दिएकी थिइन् । उनकै किटानी जाहेरीका आधारमा ओरोपीहरू पक्राउ परेका थिए । आरोपी तीनै जनाविरुद्ध कास्की जिल्ला अदालतमा २०७६ जेठ ९ गते कर्तव्य ज्यान मुद्दा दर्ता भएको थियो ।

## को हुन् सूर्यबहादुर पाण्डे

सूर्यबहादुर पाण्डे व्यवसायिक रुपमा मोटरसाइकल वर्कसपमा काम गर्थे । स्थायि ठेगाना कास्की जिल्लाको सिन्दुजुरे भएपनि सूर्यको जन्म वि.सं. २०४५ साल फागुन ३ गते पोखरा गण्डकी हस्पिटलमा भएको थियो । नयाँबजार-९ स्थित महेन्द्र माविमा कक्षा ७ सम्म अध्ययन गरेका सूर्यले इच्छाशक्ति अटोमोबाइल (बजाज शो-रुम) नयाँबजार-९ मा हेल्परका रुपमा बाइक बनाउने सिकेका थिए । बाइकको राम्रो सर्भिसिङ गर्ने भएकाले उनी भएको ठाउँमा धेरै सेवाग्राही पुग्थे । साथीभाइहरूसँग घुलमिल हुन् र उनीहरूलाई विश्वासमा लिन रुचाउने सूर्य परिआए साथीभाइलाई सहयोग गर्न पनि पछि पर्दैनथे । उनले नयाँबजारस्थित नासा मोटरसाइकल वर्कसपमा बाइक मिस्त्रीका रूपमा १ वर्ष काम गरेका थिए । पछि वर्कसप भएको ठाउँमा घरधनीले घरबनाउने भनेपछि उक्त वर्कसप २०७१ कात्तिक महिनातिर बन्द भयो । त्यसपछि बेरोजगार रहेका पाण्डेलाई विभिन्न ठाउँबाट आकर्षक तलबका साथ कामको अफर गरिए पनि कति अर्काका काम गर्ने भन्दै आफ्नै वर्कसप खोल्ने योजनामा थिए पाण्डे । त्यसका लागि उनी दाजु महेन्द्र पाण्डेसँग सरसल्लाह गरिरहेका थिए ।

त्यतिबेला उनी २५ वर्षका थिए । दाजु महेन्द्र भाइको कुरामा सहमत थिए, तर लोकेसन भने चित्त बुझेको थिएन । सूर्य नयाँबजारमै वर्कसप खोल्न चाहन्थे । दाइ महेन्द्र भने नयाँबजार एरियामा दुर्व्यसनमा फसेका युवाहरू बढी भएका कारण अन्यत्र वर्कसप खोल्न जोड दिन्थे । सूर्य वर्कसपको मिस्त्री भएका कारण लागूऔषधको दुर्व्यसनमा फसेका तथा कारोबार गर्नेहरूसँग भेट भैरहन्थ्यो । प्रहरी पनि सूर्यकै मद्दतमा लागूपदार्थ दुर्व्यसनी तथा कारोबारीहरूलाई पक्राउ गर्न सफल हुँदै आएको थियो । प्रहरीलाई सूचना दिएको कुरा थाहा पाएका लागूपदार्थ दुर्व्यसनी तथा कारोबारीहरू भने सूर्यसँग असन्तुष्ट थिए । बेला-बेलामा उनलाई धम्कीयुक्त फोन आउने गरेको उनका दाई महेन्द्र पाण्डे बताउँछन् ।


स्व. सूर्यबहादुर पाण्डे
(२०४५/११/३ - २०७१/११/६)

## कस्तो अवस्थामा भेटियो शव

२५ वर्षीय सूर्यबहादुर पाण्डेको शव विक्रम सम्वत् २०७१ साल फागुन ७ गते विहान ८:०० बजे राममन्दिरको पारी सेती नदीको खोँचमा सुतेको अवस्थामा फेला परेको थियो । सूर्यको शव विभिन्न भागमा चोट लागेको अवस्थामा भेटिएको थियो । चोट बढी भए पनि शरीरमा रगत बगेको खासै नदखिएपछि उनको परिवारले उनको भिरबाट लडेर नभई मारेर लगेर राखिदिएको आंशका गरेका थिए । सूर्यले लगाएको टि-सर्ट, जिन्स पाइन्ट तथा जुत्ता कुनै किसिमको घिस्रिएको, च्यातिएको, कोतरिएको, फोहर माटो नलागेको अवस्थामा थिए । सूर्यको चिउँडोमा धारिलो हतियारले रेटेको ओभानो घाउ स्पष्ट देखिन्थ्यो । यद्यपि घाउबाट बगेको रगत घाँटी वरीपरी, टि-सर्टमा लागेको प्रस्ट देखिएको थिएन । पोष्टमार्टम गर्ने बेलामा कपडा खोल्दा करङ र छातीमा लामो-लामो निलडाम देखिन्थ्यो तर टि-सर्टमा बाहिरबाट देखिने गरी कुनै चोट वा डाम थिएन ।

यही शंकाका कारण परिवारले सूर्यको हत्या भएको निष्कर्षका साथ जिल्ला प्रहरी कार्यालय कास्कीमा शव भेटिएको दिनमै उनका दाजु महेन्द्र पाण्डेले उजुरी दिए पनि । छानबिनका क्रममा केही व्यक्तिलाई पक्राउ गरियो, तर उनीहरू छुटे । पहुँचका आधारमा उनीहरूलाई प्रहरीले छोडेको भन्दै मृतकको परिवारले आरोप लगाए पनि केस अघि बढेन । मृतक सूर्यबहादुर पाण्डेको शव तुलसीघाट अस्थायी प्रहरी बिटभन्दा १ सय मिटरको दूरीमा फेला परेको थियो ।

## छोरालाई न्याय दिलाउन आमाको प्रयास

सुरुमा मृतकका दाइले किटानी जाहेरी दिए पनि प्रहरीले अनुसन्धान अघि नबढाएकाले उनीहरू चिन्तित थिए । पद, पावर एवं राजनीतिक संरक्षणका कारण अनुसन्धान अघि नबढेको निर्ष्कमा उनीहरू पुगे । यसले मृतककी आमा विष्णु कुमारी पाण्डेलाई निकै चोट पुऱ्यायो । उनी छोराका हत्यारालाई कारबाहीको दायरमा ल्याउने दृढ संकल्पका साथ अघि बढिन् । जिल्ला प्रहरी कार्यालय, मानव अधिकार आयोग, इन्सेक तथा पत्रकारहरूसँग पटक-पटक भेट गरी आफ्नो पिडा सुनाइन् । हत्यारालाई कारवाहीको दायरामा ल्याउन माग गरिन् । हातमा छोराको लासको फोटो देखाउँदै न्यायका लागि भौतारिइन् । उनी रुन्थिन्, कराउँथिन्, बेला-बेलामा अचेत समेत हुन्थिन् । यसबीच कास्कीका प्रहरी प्रमुखहरू परिवर्तन भैरहे । उनी नयाँ प्रहरी प्रमुख आउने बित्तिकै आफ्नो पिडा बताउँथिन् तर विष्णु कुमारीले कहिल्यै हरेस खाइनन् । बल्ल ४ वर्षको अथक प्रयासबाट राष्ट्रिय मानव अधिकार आयोग कास्की तथा एस.आई.टी.को विशेष सहयोगमा जिल्ला प्रहरी कार्यालय कास्कीले उनको जाहेरी बुझ्यो अनि एसपी ओमबहादुर राना लगायतको टिमको सहयोगमा अनुसन्धान अघि बढ्यो । आमा विष्णु कुमारीको जाहेरी २०७६ वैशाख १३ गते शुक्रबार जिल्ला प्रहरी कार्यालय कास्कीमा दर्ता भयो ।

## कसरी भयो घटना

फागुन ६ गते शिवरात्रिको दिन थियो । नयाँबजार-९, तुल्सीघाटमा धुनीलगाएको ठाउँमा माइला भन्ने बुद्ध श्रेष्ठसँग सूर्यको विवाद हुन्छ, केटी जिस्क्याएको विषयमा, तर यो विवाद पुलिसको समेत उपस्थितिमा मिल्छ । साथीहरूले सूर्यलाई खाना खान जाउ भन्छन् तर सूर्य जान मान्दैनन् । मलाई सुड्डीले खानाखान बोलाएकी छ, म आज सुड्डीकहाँ बस्छु- उनी भन्छन् । सूर्य त्यतातिर लाग्छन् । त्यही क्रममा राति साढे १ बजे सूर्यलाई धम्कीयुक्त फोन आउँछ अनि सूर्य त्यहाँबाट निस्कन्छन् । खाना खाने ठाउँमा रामचन्द्र मानन्धर र वर्षा विश्वकर्मा पनि थिए । त्यो समयमा कसले फोन गरेर बोलाए, के विषयमा झगडा भयो भन्ने थाहा नभएको मृतकका दाजु महेन्द्रको भनाइ छ । लागूऔषध दुर्व्यसन तथा कारोबारमा पक्राउ परेकाहरूले तैले गर्दा हामीलाई फसाइयो, हामी तलाई छोड्दैनौं भनेर सूर्यलाई धम्क्याउने गरेको महेन्द्रले बताए ।

# देशभित्रै चेली बेचबिखन

स्वस्तिक श्रेष्ठ

पर्यटनलाई आर्थिक विकासको आधार मानिन्छ । ५ नम्बर प्रदेश पर्यटनबाट नै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्यसहित अघि बढेको छ । पर्यटनको आधार सेवा व्यवसायलाई लिइन्छ । होटल तथा रेस्टुराँहरूबाट प्राप्त हुने सेवाको गुणस्तरले पर्यटकहरूलाई लोभ्याउँछ । पर्यटकहरूलाई आवश्यक सेवा उपलब्ध गराउने लक्ष्यसहित खोलिएका रुपन्देहीका कतिपय होटलमा भने देह व्यवसायसमेत भएको पाइन्छ । कुनै बेला मुम्बईमा नेपाली चेलीले नारकीय जीवन बिताएका समाचार बग्रेल्ती आउँथे । अहिले भने नेपालमै चेलीहरूलाई बन्धक बनाई यौनशोषण गरिने आरोप लाग्ने गरेको छ । यहाँका होटलमा यौनधन्दा मात्र होइन, युवतीको 'किनबेच' समेत हुने गरेको खुलासा भएको छ । रुन्देहीका कतिपय सानाठूला होटलमा युवती सप्लाई हुने गरेको प्रहरीको दाबी छ । यसक्रममा इलाका प्रहरी कार्यालय बुटवलले एक हप्ताको अवधिमा बुटवलका दुईवटा होटल सञ्चालकलाई मानव तस्करीको आरोपमा पक्राउ गरेको छ ।

बुटवल कालिकानगरस्थित एक होटलमा बन्धकका रूपमा राखेर यौन व्यवसायमा लगाइएको आरोपका साथ एक १५ वर्षीया किशोरी प्रहरीको शरणमा पुगेपछि यो तथ्य सार्वजनिक भएको हो । बुटवल-११ कालिकानगरस्थित राप्ती मेनु होटलमा ६ महिनाअघि ती किशोरीलाई झाडु पोछाको काममा राखिएको थियो । गरिब परिवारकी ती १५ वर्षीया किशोरीलाई होटल सञ्चालकले ग्राहकसँग यौनसम्पर्कका लागि पठाउन थालेका थिए । आफूमाथि के भैरहेको छ भन्ने समेत हेक्का नपाउने ती किशोरी त्यहाँबाट भागेर घर आइन् ।

'नयाँ-नयाँ मानिससँग ठूला-ठूला होटलमा पठाउँथे,'- उनले भनिन् । 'कति दिनसम्म ज्वरो आएर बिरामी पर्दासमेत मलाई जबरजस्ती पठाइन्थ्यो,'- उनले रुँदै भनिन् । होटलको सबैभन्दा माथिल्लो तलामा बन्धक बनाएर राखिएका केही युवती एक पटक भागेका समेत थिए । उनीहरूलाई होटल सञ्चालकले बाटोबाटै फर्काएर धेरै यातना दिएको उनले बताइन् ।

होटलमा काम गरेको पैसा पनि होटल सञ्चालकले दिएका थिएनन् । उनले यौन कर्ममा लगाएबापतको पैसा आफैले बुझ्ने गरेका थिए । एकपटक साहूले ३ हजार ५ सय रुपैयाँ दिएको ती किशोरीले बताइन् । यसपटक भने धेरै बिरामी भएपछि होटल सञ्चालकले १ हजार ५ सय रुपैयाँ दिएर घर पठाएका थिए । उनी बिरामी परेपछि उपचारका क्रममा यौन शोषणमा परेको पाइएको थियो । त्यसपछि परिवारले आफन्त नेपालमा सम्पर्क गरेर कानुनी उपचार अघि बढाएका हुन् । आफन्त नेपालकी उषा गुरुङले सुनौली नाका हुँदै धेरै नेपाली चेली बेचिएको सुनिए पनि आफ्नै देशमा बेचिएको घटना भने नौलो भएको बताइन् । घरायसी एवं सामाजिक डर-त्रास देखाएर लगातार उनीहरूमाथि यौन शोषण गरिने गुरुङले दाबी गरिन् ।



प्रहरीले होटल सञ्चालक बाग्लुङ निसिखोला-७ घर भै हाल बुटवल-११ मा होटल सञ्चालन गर्दै आएका सञ्चालक दम्पती २९ वर्षीय अनिल भनिने टेकबहादुर तथा वर्ष ३३ की मीनाकुमारीलाई नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख प्रहरी नायव उपरीक्षक डिलबहादुर मल्लले बताए । उनीहरूले होटलमा युवतीहरू जम्मा गर्ने र बुटवलमा विभिन्न होटलमा पठाउने काम गर्दै आएको पाइएको मल्लको दाबी छ । प्रहरीका अनुसार ती किशोरीले आफ्नो बयानमा गाडीमा राखेर एसी चल्ने अग्ला होटलहरूमा पठाउने गरेको बताएकी छिन् । कुँवर दम्पतीले युवतीहरूलाई एकपटक ग्राहक कहाँ पठाएबापत उनीहरूसँग १ हजार ५ सय तथा रातभरि बसेको भने ६ हजारसम्म लिने गरेको कुरा प्रहरी समक्ष स्वीकार गरेको बताइन्छ ।

यसैगरी बुटवल उपमहानगरपालिका वडा नम्बर- ५, नयाँ बसपार्कस्थित गुल्मेली होटलमा समेत २० देखि २२ वर्ष उमेरका ५ जना युवती राखेर व्यवसायिक रूपमा यौन व्यवसाय सञ्चालन गरेको आरोपमा सञ्चालक सोमबहादुर बस्नेत पक्राउ परेका छन् । होटलमा यौनधन्दा नै चलेको अवस्थामा सञ्चालकलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय, बुटवलका प्रहरी नायव उपरीक्षक डीबी मल्लले बताए ।

रुपन्देही जिल्ला प्रहरी उपरीक्षक हृदय थापाले यो जटिल केस भएकाले सूक्ष्म अध्ययन-अनुसन्धान गरिरहेको जानकारी दिँदै यसमा जोडिएका सबै होटल व्यवसायीलाई कारबाही गरिने जानकारी दिए । पक्राउ परेकाहरूलाई मानव बेचबिखन तथा ओसारपसार अपराधअन्तर्गत कानुनी कारबाही गरिने प्रहरीले बताएको छ । आरोपी दम्पतीलाई १५ वर्षसम्मको कैद सजाय हुन सक्ने कानुनी व्यवस्था छ ।

# सगरमाथाको साख घट्दैछ

हरिहरसिंह राठौर (नाम्चे)

सन् १८४९ मा ब्रिटिस सर्भे अफ इन्डियाले सर्वेक्षण गरी विश्वको सबैभन्दा अग्लो शिखर सगरमाथा भएको निष्कर्ष निकालेको थियो । नेपालको सोलुखुम्बु जिल्लामा पर्ने अग्लो शिखर भनी चिनिएको भए पनि त्यहाँका मानिसलाई त्यसको कुनै जानकारी थिएन । त्यसैले १ सय ४ वर्षपछि बल्ल शिखरमा मानिसको पाइला पुग्यो ।

सोलुखुम्बुको थामेमा जन्मिएका तेन्जिङ नोर्गे शेर्पाले दार्जीलिङ पुगेर ट्रेकिङ कम्पनी खोलेपछि सोही माध्यमबाट एडमन्ड हिलारीसँग भेट भएको बताइन्छ । एडमन्ड हिलारीले सगरमाथा चढ्ने प्रक्रिया अघि बढाएपछि तेन्जिङलाई समेत जन्मभूमि फर्कने अवसर मिलेको उनीहरूलाई बाटो देखाउने कान्छा शेर्पा बताए ।

नेपाल सरकारबाट आरोहण अनुमति पाएपछि सन् १९५३ को मे २९ का दिन थामेका तेन्जिङनोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारीले सगरमाथाको शिखरमा पहिलो पटक पाइला टेकेका थिए । उनीहरूको पाइला शिखरमा पुगेसँगै सगरमाथाको चर्चा विश्वभरि फैलियो । सगरमाथा आरोहण यात्रा सुरू भएको ६६ वसन्त पूरा भैसकेको छ । अहिलेसम्म ८ हजारभन्दा बढी स्वदेशी तथा विदेशीले सगरमाथा आरोहण गरिसकेका छन् भने त्यसमा विभिन्न कीर्तिमानसमेत कायम भएका छन् ।

हिलारी र तेन्जिङसँग पहिलोपटक शिखरमा जाने समूहमध्येको खुम्बुपासाङल्हामु -३ नाम्चेका कान्छा शेर्पा पनि एक हुन् । त्यतिबेला 'हाई अल्टिच्युड शेर्पा' का रूपमा आरोहणमा संलग्न ८७ वर्षीय शेर्पा २० वर्षको उमेरमा तेन्जिङ र हिलारीका लागि बाटो बनाउँदै शिखर नजिक ७ हजार ८ सय मिटरसम्म पुगेका थिए । उनीहरू दुई जना मात्र हाई अल्टिच्युड शेर्पा थिए भने अन्य लो अल्टिच्युट शेर्पा थिए ।

कान्छा शेर्पाका अनुसार भक्तपुरबाट चार सय भरियासहित आरोहण दलका ३५ सदस्य नाम्चेतर्फ लागेका थिए । चार सयमध्ये एकसय जनाको टोली एक दिनको फरकमा हिँडेको थियो । शेर्पाले भने 'काठमाडौंमा गाडी थिएनन्, भक्तपुरमा गाईवस्तु चर्थे, अहिले भक्तपुरमा त १० हजार घर होला है,' बाटोमा कुनै होटल, पसल आदि थिएनन् । उनले भने, 'मकैको छ्याङ अनि सातु खाँदै हिँड्नुपर्थ्यो, अहिले त जताततै होटल, पसल आदिको राम्रो सुविधा छ, त्यतिबेला केही थिएनन्, निकै गाह्रो थियो ।'

भक्तपुरबाट हिँडेको टोली १६ दिनमा नाम्चे पुगेको थियो । सगरमाथा प्रवेशद्वार नाम्चे पुगेपछि चार सय भरियालाई दैनिक पाँच रुपैयाँका दरले ज्याला दिएर फर्काएपछि आधार शिविरतर्फ प्रस्थान गरेको टोली ६ दिनमा आधार शिविर पुगेको शेर्पाले बताए । उनले भने, 'चार सय भरियाले बोकेको भारीमध्ये २५ भारी त पैसा मात्र थियो ।'

'नाम्चेबाट ३५ जना आधार शिविरतर्फ लाग्यौं, पाँच दिनमा त्यहाँ पुगेपछि बस्ने व्यवस्था मिलायौ,' ६६ वर्षअघिको अनुभव सुनाउदै उनले थपे, 'क्याम्प एकसम्म पुग्नै निकै कठिन भयो, बाटो खोज्दै जाँदा खुम्बु आइसफलमा ठूलो खर्पस भेटियो, हामीसँग भऱ्याङ थिएन, अनि नाम्चे फर्किएर १० वटा सल्लाको रुख काट्यौं, २० जनाले बोकेर उकालो लाग्यौं अनि काठको पुल बनाएर अगाडि जाने बाटो तयार गऱ्यौं ।'

त्यतिबेला सगरमाथा भन्ने चलन थिएन, स्थानीय भाषामा चोमोलोङमा भन्ने गरेको उनले बताए । क्याम्प २-३ हुँदै ४ सम्म बाटो बनाएपछि, तेन्जिङ र हिलारी शिखरतर्फ गएका थिए । 'मे २९ को दिन दिउँसो १ बजे आरोहण सफल भयो, तिमीहरू क्याम्प-२ मा बस्नु भने हामी सबै खुशी भयौ,' शेर्पाले भने, 'दुई घण्टामा क्याम्प-२ मा उनीहरू आए खुसीले अँगालो हाल्यौं अनि हामी सबै नाच्यौं ।' काठमाडौंबाट हिँडेको ४५ दिनमा आरोहण सफल भएको थियो ।

सात पटक सगरमाथाको बाटो देखाउने काम गरेका कान्छा चुचुरोमा जान मन भए पनि अनुमति नभएका कारण नपुगेको बताउँछन् । तेन्जिङ र हिलारीले आरोहण सकेपछि नाम्चे झरेको टोलीले कान्छा शेर्पालाई त्यही छाड्यो । पैसा लिएर केही दिनमा आउँछु भनेका हिलारी पुन नाम्चे आए । नाम्चे आएर कान्छालाई के कति दिए भन्ने थाहा छैन । उनको दैनिक



■ कान्छा शेर्पा

ज्याला आठ रुपैया थियो, तर के कति पाइयो थाहा भएन । ६६ वर्षअघि सगरमाथामा हिउँ नै हिउँ थियो भने आधार शिविर घाँसे मैदान जस्तो थियो, तर अहिले त्यहाँ एउटै वनस्पति पाईदैन । हिउँसमेत घटिसकेको छ ।

सगरमाथामा जो कोही चढ्छन्, त्यसरी चढ्दा सगरमाथाको साख घट्नेमा कान्छा शेर्पाको चिन्ता छ । सरकारले आरोहण रोक्नेभन्दा पनि सीमित मात्रामा अनुमति दिने व्यवस्था गर्दा यसको साख जोगिने उनको सुझाव छ । पैसाका लागि मात्र अनुमति दिनेभन्दा पनि साख जोगाउन ध्यान दिनुपर्ने कान्छाको भनाइ छ ।

हिलारीका कारण खुम्बुको विकास भएको उनको तर्क छ । हिलारीले खुम्बु क्षेत्रको शिक्षा, स्वास्थ्य तथा विमानस्थल निर्माणको काम गरेका हुन् । लुक्ला, फाप्लु विमानस्थल निर्माण गरेका हिलारीले अस्पताल र क्याम्पससमेत स्थापना गरी सोलुखुम्बुको विकासमा सहयोग गरेका छन् ।

लुक्लासम्म आउन समस्या भएका कारण उनले सामान ढुवानी गर्न लुक्ला विमानस्थल निर्माण गरेका हुन् । त्यसैले लुक्ला विमानस्थलको नाम तेन्जिङ हिलारी नामाकरण गरिएको हो । खुम्बु क्षेत्रमा आलु मात्र उत्पादन हुने हुँदा त्यति बेला जङ्गली कन्दमूल खाएर जीवन बिताउनु परेको कान्छा शेर्पाले बताए । अहिले उक्त क्षेत्रमा विकासले गति लिएको देख्दा अचम्म लाग्ने शेर्पा बताउँछन् ।

# चर्चामा नआएका कीर्तिमानी आरोही 'मिङतेम्वा'





एकै हप्ताको अन्तरमा दुई पटक सगरमाथामा आरोहण गरेर विश्व कीर्तिमान बनाउने कामीरितासँग अर्का युवक पनि थिए । उक्त कीर्तिमानपछि कामीरिताको चर्चा भयो, गत जेठ १ र ९ मा कामीरितासँगै एक सातामा २ पटक सगरमाथा आरोहण गर्ने संखुवासभा मकालु -२ का २७ वर्षीय मिङतेम्वा (माइकल) शेर्पाको भने कसैले चर्चा गरेन ।

विश्व कीर्तिमानीसमेत भएकाले कामीरिताको विश्वभर चर्चा भयो । यद्यपि अर्का आरोही माइकलको भने कतै चर्चा सुनिएन । एक साताकै अन्तरमा दुई पटक सगरमाथाको चुचुरोमा पुग्नु चानचुने कुरा थिएन । साहसी माइकलको चर्चा विश्व कीर्तिमानी कामीरिताका कारण ओझेलमा परेको थियो ।

माइकलले पहिलो पटक कामीरितासँगै जेठ १ गते सगरमाथा आरोहण गरेका थिए । उनले पुनः जेठ ९ मा दोस्रो पटक सगरमाथा आरोहण गरे । उनीहरूसँगै करिब ६ सय आरोहीले सगरमाथा चढेपनि दोहोऱ्याएर चुचुरोमा पुग्ने यी दुई मात्र हुन् ।

संखुवासभाको मकालु -२ का माइकल सुरूमा कामीरितासँगै चुचुरोमा पुगेर फर्किएका थिए । कामीरिताले दोस्रो पटक आरोहण गर्न आधारशिविरबाट बाटो लागेपछि माइकल पनि पुनः आरोहणका लागि चुचुरोतर्फ गएको आयोजक कम्पनी सेभेन समिट ट्रेकका निर्देशक टासी शेर्पाले बताए ।


२५ वर्षीय माइकललाई कामीरिताले अव्वल गाइडका रुपमा चिनेको बताए । 'हिमालमा जति माथि गयो त्यतिनै बलियो हुने अद्भुत क्षमता छ उनमा । उनी एक सक्षम आरोही गाइड हुन्', कामरिताले भने । जेठ १ मा २३ औं पटक सगरमाथा आरोहण गरेका कामीरिताले पुनः जेठ ९ मा सगरमाथा आरोहण गरेर सर्वाधिक पटक सगरमाथा आरोहण गर्ने कीर्तिमान आफ्नो नाममा लेखाएका छन् ।


माइकलले हालसम्म ८ हजार मिटरभन्दा माथिका हिमाल १३ पटक आरोहण गरी सकेका छन् । २ पटक सगरमाथा आरोहण गरेका उनले कञ्चनजंगा ५ पटक, मनास्लु २ पटक तथा अन्नपूर्ण, छ्योयू, गसेरब्रुम पहिलो र दोस्रो हिमाल १/१ पटक आरोहण गरिसकेका छन् ।


आरोहण सफल गरी माइकलको टोली काठमाडौं फर्किसकेको छ । आरोहणमा रमाउने माइकल हिमालको संरक्षणमा पनि उत्तिकै संवेदनशील छन् । उनी धेरै हिमालहरू फोहोरले भरिएकोमा दुःखी छन् । साप्ताहिकसँग कुराकानी गर्ने क्रममा उनले हिमालमा देखिएको फोहोर व्यवस्थापन गर्न नसकेकोमा पीडा बोध भएको बताए । कतिपय आरोहीले आफूले गरेको फोहर आफैं फिर्ता ल्याए पनि खर्च जोगाउन शवहरू अलपत्र छोडेर हिँडने गरेको गुनासो गरे ।

सरकारका सबै उच्चअधिकारी नाम्चेमा पुगेर भाषण गर्दै हिमाल सफाइ नहुने भन्दै उनले आगामी दिनमा योजनाबद्ध सफाइ गर्नुपर्ने सुझाव दिए । 'विश्वमाझ सगरमाथालगायतका हिमाल फोहोर भएको गलत सन्देश गएको छ, आरोही गाइडहरूलाई हिमाल सफाइमा परिचालन नगरे सफाइ हुनेमा शंका छ', उनले भने ।










# पदयात्राका लागि खुम्बुका गन्तव्य

खुम्बुक्षेत्रमा विभिन्न गन्तव्य छन् जसमा एउटै समयमा सबै गन्तव्य पुग्न असम्भव हुनसक्छ । त्यसलाई प्राथमिकताका आधारमा वर्गीकरण गरेर फरक-फरक समयमा जान सकियो भने अवश्य ती यात्रा अविष्मरणीय हुनेछन् । हाम्रो देशमा भएको विश्वको सर्वोच्च शिखर हेर्न बर्सेनि हजारौं विदेशी आउँछन्, तर हामी आफैं त्यहाँसम्म पुग्न किन छुटाइरहेका छौं भन्ने पश्चाताप खुम्बुक्षेत्रको भ्रमणपछि नै हुन्छ । खुम्बु क्षेत्रमा समय छुट्याएर घुम्न सकिने फरक-फरक गन्तव्य कुन-कुन हुन सक्छन् त ?

कुम्भराज राई

संसारभरकै पर्यटकको रोजाइ हो– खुम्बुक्षेत्र । यसलाई सगरमाथा क्षेत्र पनि भनिन्छ जहाँ सर्वोच्च शिखर सगरमाथासँगै दर्जनौं हिमाल छन् । अत्यन्तै महँगो छ भन्ने हल्लाका कारण नेपाली पर्यटकहरू खुम्बु जान हिचकिचाउँछन् । यद्यपि अहिले बिस्तारै नेपाली पर्यटकहरू पनि खुम्बुक्षेत्र पुग्न थालेका छन् । नेपालीले बास नपाउने समस्या बिस्तारै समाधान हुन थालेको छ । यद्यपि पर्यटकीय मौसममा विदेशी पर्यटकको भीडका कारण कहिलेकाहीं समस्या हुनसक्छ ।

खुम्बुक्षेत्रमा विभिन्न गन्तव्य छन् जसमा एउटै समयमा सबै गन्तव्य पुग्न असम्भव हुनसक्छ । त्यसलाई प्राथमिकताका आधारमा वर्गीकरण गरेर फरक-फरक समयमा जान सकियो भने अवश्य ती यात्रा अविष्मरणीय हुनेछन् । हाम्रो देशमा भएको विश्वको सर्वोच्च शिखर हेर्न बर्सेनि हजारौं विदेशी आउँछन्, तर हामी आफैं त्यहाँसम्म पुग्न किन छुटाइरहेका छौं भन्ने पश्चाताप खुम्बुक्षेत्रको भ्रमणपछि नै हुन्छ । खुम्बु क्षेत्रमा समय छुट्याएर घुम्न सकिने फरक-फरक गन्तव्य कुन-कुन हुन सक्छन् त ?

## १. नाम्चे

सगरमाथाको प्रवेशद्वार हो– नाम्चे । नाम्चे समुद्री सतहभन्दा ३ हजार ४ सयदेखि ३ हजार ६ सय मिटर उचाइसम्म फैलिएको छ । लुक्लाबाट दुई दिनमा पुग्न सकिने नाम्चेमा दुई रात बसेर फर्कन सकिन्छ । नाम्चे पुगेको भोलीपल्ट नजिकका स्थल स्याङबोचे, खुम्जुङ, खुन्दे आदि घुम्न सकिन्छ । खुम्जुङ गुम्बामा भएको यतिको टाउको तथा स्याङबोचेको एभरेष्ट भ्यू होटल त्यहाँका प्रमुख आकर्षण हुन् । स्याङबोचेमा देशकै एकमात्र याक विकास फार्म छ । नाम्चेमा सगरमाथा राष्ट्रिय निकुञ्जको संग्रहालय पुग्न सकिन्छ । काठमाडौंबाट विमानमा लुक्ला हुँदै नाम्चे आसपास घुमेर फर्कन बढीमा ४ देखि ५ दिन लाग्छ भने खर्च १५ देखि २० हजार रुपैयाँसम्म हुनसक्छ ।


## २. गोक्यो

४ हजार ७ सय ५० मिटरको उचाइमा अवस्थित गोक्यो विदेशीहरूको प्रमुख गन्तव्य हो । सगरमाथा आधार शिविरपछि दोस्रो प्राथमिकतामा पर्छ गोक्यो । गोक्योको यात्राका लागि सातदिनदेखि नौ दिन समय पर्याप्त हुन्छ । नाम्चेबाट बढीमा तीन दिनमा गोक्यो पुगिन्छ । लहरै भएका सातवटा हिमताल गोक्योका प्रमुख आकर्षण हुन् । निलो र सफा रंगको गोक्यो चिसो मौसममा आईस बनेर जम्छ । गोक्यो रि माथि चढेर ती सबै तालको अवलोकन गर्न सकिन्छ । ३० देखि ३५ हजार रुपैयाँमा गोक्यो घुमेर फर्कन सकिन्छ ।

## ३. त्याङबोचे


३ हजार ९ सय मिटर उचाईमा रहेको त्याङबोचेको पदयात्रा पनि निकै लोकप्रिय छ । नाम्चेबाट एकदिनमा पुगिने त्याङबोचे सगरमाथा आधारशिविर जाने बाटोमा पर्छ । जहाँ ६ सय वर्ष भन्दा पुरानो गुम्बा छ । त्याङबोचे र पाङबोचे गुम्बा यो क्षेत्रकै सबैभन्दा पुराना र चर्चित गुम्बा हुन् ।

पृष्ठ २५ मा



## उपयुक्त मौसम

खुम्बु घुम्ने दुईवटा मौसम छन् । जसमध्ये भदौ अन्तिमदेखि कात्तिकसम्म एउटा मौसम हो भने अर्को मौसम फागुन अन्तिमतिर सुरु भएर जेठको पहिलो सातासम्म रहन्छ । यी दुवै मौसमको कि सुरुवातमा कि अन्तिममा घुम्न जानु नेपालीहरूका लागि सबैभन्दा उपयुक्त मानिन्छ । किनभने बढीजसो विदेशी यो मौसमको मध्य समयमा आउँछन् । त्यतिबेला विदेशीले बुकिङ गर्ने होटलका कारण सीमित होटलहरू भरिएर बास पाउन गाह्रो हुन्छ । सिजनको सुरुवाततिरै वा अन्त्यतिर भने नेपाली पर्यटकहरूलाई बास पाउन सजिलो हुन्छ ।







## आवश्यक तयारी

खुम्बु घुम्न जानुअघि आवश्यक तयारी गर्न भने बिर्सनु हुँदैन । न्याना कपडा ज्याकेट, जुत्ता, स्टिक, चश्मा, टोपी, बलियो झोला, टुमलेट, चकलेट, औषधीजस्ता कुराहरूको पूर्वतयारी गर्नु आवश्यक छ । क्यामेराका लागि एक्स्ट्रा ब्याट्री, पावर बैंक, टर्च आदि पनि चाहिन सक्छ । सकेसम्म अनुभवी अर्थात् यसअघि उक्त क्षेत्र घुमिसकेका साथी वा गाइड भए सहज हुनेछ । लेक लाग्ने प्रमुख समस्याबाट जोगिन बिस्तारै हिँड्नु अचुक उपाय हो । हाई अल्टिच्युडका कारण कुनै समस्या भए पछाडि फर्कनुभन्दा उत्तम उपाय अरू हुन सक्दैन ।

पृष्ठ २४ बाट

हिमालको फेदमा रहेको गुम्बा हिउँ परेका बेला अत्यन्तै आकर्षक देखिन्छ । यहाँ सुविधासम्पन्न होटलहरू छन् । नजिकै रहेको जंगलमा डाँफे, कस्तुरी, हिमाली झारलको झुन्ड हेर्न पाउँदा यात्रा अझ रोमाञ्चक हुन्छ । त्याङबोचेका लागि एक साता छुट्याउन सके पुग्छ । २५ देखि ३० हजार रुपैयाँ खर्चमा त्याङबोचे पुगेर फर्कन सकिन्छ ।

### ४. आधारशिविर

सगरमाथा आधारशिविर अधिकांश पर्यटकको पहिलो रोजाइ हो । सगरमाथाको फेदमै पुग्ने सपना धेरैमा हुन्छ । यसका लागि काठमाडौंबाट लुक्ला भएर विमानमार्फत यात्रा तय गर्ने हो भने १३ देखि बढीमा १५ दिन लाग्न सक्छ । ५ हजार ३ सय ८० मिटरको उचाइमा रहेको आधारशिविर यात्राकै बीचमा गोरक्सेप नजिकै रहेको ५ हजार ५ सय मिटर उचाइको कालापत्थर पुगिन्छ । जहाँबाट सगरमाथाको शिखरलाई वारीपारी बनाएर हेर्न सकिन्छ । आधारशिविर यात्राका क्रममा पर्याप्त होटलहरू फेला पार्न सकिन्छ । ३५ देखि ४० हजार नगदले आधारशिविरको खर्च धानिन्छ । खुम्बुक्षेत्रको सबैभन्दा ठूलो समस्या लुक्ला विमानस्थल हो । जहाँ बिग्रिरहने मौसमले कहिलेकाही बसाई लम्ब्याउन सक्छ । वैकल्पिक मार्ग सोलुखुम्बुको सदरमुकाम सल्लेरी हुँदै यात्रा तय गर्ने हो भने दुई दिन बढी लाग्छ ।

### ५. इम्जा

इम्जा हिमताल यो क्षेत्रको अर्को पर्यटकीय गन्तव्य हो । आईल्यान्ड पिक चढ्न जानेहरूका कारण इम्जा आसपासमा हिमाल आरोहीहरू पुगिरहेका हुन्छन् । काठमाडौंबाट पदयात्रा गर्दा इम्जा पुग्न आठ दिन लाग्छ । फर्कंदा सहित गरेर १० दिनमा इम्जाको पदयात्रा पूरा हुन्छ । ५ हजार १० मिटरको उचाईमा रहेको इम्जा हिमताल जोखिममा रहेको हिमतालका रूपमा समेत परिचित छ । नाम्चेबाट त्याङबोचे, डिङबोचे, छुकुङ हुँदै पुगिने इम्जाको बाटोमा प्रशस्त होटल छन् । ३५ हजारसम्म खर्चले इम्जा पुगेर फर्कन सकिन्छ ।

### खुम्बुका अन्य गन्तव्य

खुम्बुमा तीनवटा चर्चित पास (भन्ज्याङ) छन्– चोला (५ हजार ४ सय २० मिटर), रेन्जोला (५ हजार ३ सय ४५ मिटर) र कोङमाला (५ हजार ५ सय ३६ मिटर) । यी पास साहसिक पदयात्रा गर्नेहरूका बीच बढी चर्चित छन् । आधारशिविर जाने क्रममा करिब ४ हजार ९ सय मीटरको उचाइमा रहेको थुक्ला पास पनि कठिनमध्येमा पर्छ । कोङदे रिसोर्ट पछिल्लो समय बनेको नयाँ गन्तव्य हो । कोङदे हिमालको फेदमा बनेको यो रिसोर्ट केही विवादित समेत भएको थियो, तर उक्त रिसोर्ट हाल सञ्चालनमै छ । निकुन्जको जग्गाक्षेत्रमा परेको भन्दै विवादित कोङदे रिसोर्ट पदयात्रीहरूका लागि भने आकर्षक गन्तव्य हो ।

### खुम्बु सडक मार्गसँग जोडिँदै

खुम्बु पासाङल्हामु गाउँपालिकाको खरिखोला सम्म सदरमुकाम सल्लेरीबाट कच्ची सडक जोडिइसकेको छ । अबको दुई वर्षभित्र लुक्ला सम्म सडक जोड्ने लक्ष्य खुम्बु पासाङल्हामु गाउँपालिकाको छ । त्यसैले लुक्ला विमानस्थलमा नियमित उडान हुन नसकेपनि सडकमार्ग भएर बढीमा दुई दिनमा काठमाडौंबाट लुक्ला पुग्न सकिन्छ । त्यहाँबाट भने पैदल यात्रा गर्नुपर्ने हुन्छ । सडक जोडिएपछि आन्तरिक पर्यटक थपिनेमा खुम्बुका होटल व्यवसायीहरू ढुक्क छन् । विदेशी तथा नेपाली दुवै पर्यटकलाई धान्न सकिन्छ कि सकिन्न भन्ने चिन्ता उनीहरूमा छ । नाम्चेमा मात्र कम्तीमा ४० वटा व्यवस्थित होटल छन् । डिङबोचेमा पनि करिब ३० वटा होटल छन् । लुक्लाभन्दा माथि साना-ठूला गरेर ५ सयभन्दा बढी होटल छन् । लुक्ला सम्म सडक जोडिएपछि खाद्यान्न केही सस्तो हुँदा अहिलेको तुलनामा महँगीसमेत केही घट्ने आशा गर्न सकिन्छ । खुम्बुक्षेत्र समग्रमा पदयात्रा, फिल्म सुटिङ, आरोहण, जंगली जनावरदेखि बौद्ध धर्मसम्बन्धी कला-संस्कृति अवलोकन गर्ने संसारकै प्रमुख गन्तव्य हो ।

## बढ्दै विदेशी पर्यटक

खुम्बुक्षेत्रमा बर्सेनि विदेशी पर्यटकको संख्या बढिरहेको छ । विदेशीसँगै आन्तरिक पर्यटकको संख्या समेत पहिलेको तुलनामा बढेको नाम्चेस्थित होटल व्यवसायी लामाकाजी शेर्पाले बताए । झोले पर्यटक भन्दा आन्तरिक पर्यटक बढी खर्चालु हुने भएकाले व्यवसायीहरूले नेपालीलाई पनि उत्तिकै प्राथमिकता दिन थालेको उनले बताए । हालै सगरमाथा राष्ट्रिय निकुञ्जले नेपाली पर्यटकको पनि संख्या गणनाका साथै एक जनाको १ सय शुल्क लिन थालेको छ । निकुञ्जबाट प्राप्त तथ्यांक अनुसार विदेशी पर्यटकहरूको पाँच वर्षको आगमन यस्तो छ ।

| क्र.सं. | वर्ष | विदेशी पर्यटक |
|---|---|---|
| १. | सन् २०१५ | २७,४६५ |
| २. | सन् २०१६ | ३७,०९७ |
| ३. | सन् २०१७ | ५०,३८८ |
| ४. | सन् २०१८ | ५७,७२९ |
| ५. | सन् २०१९ अप्रिल सम्म | २०,३१६ |



तस्बिर : नवराज काफ्ले



# गुमनाम छ अन्नपूर्ण प्रथम



> लमजुङ हिमालदेखि निलगिरीसम्म अन्नपूर्ण हिमश्रृंखलाको भाग हो । हिमाल पारी र हिमाल वारीका ५ जिल्ला, साविक ५७ गाविसलाई समेटेर अन्नपूर्ण हिमालकै नामबाट अन्नपूर्ण संरक्षण क्षेत्र गठन गरिएको हो । संघीय संरचनाअन्तर्गत अहिले गण्डकी प्रदेशको ५ जिल्ला, १५ गाउँपालिकाका तथा ८७ वडामा अन्नपूर्ण संरक्षण क्षेत्र फैलिएको छ ।

आश गुरुङ/विना थापा
(अन्नपूर्ण आधार शिविरबाट)

चक्रीय अन्नपूर्ण पदमार्गको म्याग्दीमा पर्ने म्रिस्ती खोलाको सिरानमा एउटा ठूलो हिमताल छ । हिमतालमा छायाँ पर्ने गरी पश्चिमपूर्वी भेगमा अग्लो हिमाल छ । मनसुनको समय, चुचुरोमा कहिलेकाहीं हिउँ परिरहेको छ । बिहानीको पहिलो किरण पर्दा हाँसेको देखिने उक्त हिमाल सेताम्यप्राय: छ । नजिकै साना तथा ठूला अन्य हिमाल पनि छन् । हेर्दा सो क्षेत्रकै अग्लो देखिने उक्त हिमाल अन्नपूर्ण प्रथम (८०९१ मिटर उचाइ) का नामले चिनिन्छ । सन् १९५० जुन ३ (वि.सं. २००७ जेठ १९ गते) फ्रान्सेली नागरिक ३१ वर्षीय मोरिस हर्जोगले उक्त हिमालको सफल आरोहण गरे । संसारका ८ हजार मिटरभन्दा अग्ला १४ हिमालमध्ये सबैभन्दा पहिले मानव पाइला परेको हिमाल नै अन्नपूर्ण प्रथम हो ।

उक्त अग्लो हिमाल आरोहण सफल भएको ६९ वर्ष पूरा हुँदैछ । अन्नपूर्ण प्रथम आरोहणको ३ वर्षपछि सगरमाथाको सफल आरोहण भएको थियो । जसरी सगरमाथा क्षेत्रको विकास र समृद्धिमा सरकारी सहयोग एवं लगानी छ । त्यसको तुलनामा पहिलो इतिहास कायम गरेको अन्नपूर्ण प्रथम क्षेत्रको विकास एवं समृद्धिका लागि भने सरकारी सहयोग न्युन छ । अन्नपूर्ण प्रथम आरोहण गर्ने पहिलो व्यक्ति मोरिसले बाँचुन्जेल 'अन्नपूर्ण प्रथम क्षेत्रको विकास भएन' भनी गुनासो गरिरहेका थिए ।

तत्कालीन महाराजा (श्री ३) मोहन शमशेर (जबरा) को अनुमतिमा हिमाल चढ्न आएका मोरिस सगरमाथा (माउन्ट एभरेस्ट) चढ्न चाहन्थे । उनलाई बेलायती जर्ज हन्ट तथा सर एडमन्ट हिलारीले 'हामी चढ्दैछौं, तपाइँ अर्को हिमाल रोज्नु होस्' भनेपछि उनी अन्नपूर्ण क्षेत्रमा आए । १२ औं प्रयास गरिरहेका बेलायतीहरूले सगरमाथा चढ्न सकेनन् । बेलायती नागरिक सर जर्ज एभरेस्टले सगरमाथाको उचाइ मापन गरेर संसारकै सबैभन्दा अग्लो हिमाल पत्ता लगाएपछि बेलायतीहरूले अरूलाई सगरमाथा चढ्न दिएनन् । उनीहरू आफैं इतिहास रच्न खोज्दै थिए । बेलायतीहरूलाई नेपाल प्रवेश अनुमति नभएको समय उनीहरूले भारतबाटै नेपालका हिमालको नापजाँच गरेका थिए ।

अन्नपूर्ण क्षेत्रनजिकै धौलागिरी आएका मोरिसले कालीगण्डकीको तिरैतिर मुस्ताङको टुकुचे क्षेत्रबाट निलगिरी हिमाललाई पछाडि राखी हाल म्याग्दीको अन्नपूर्ण गाउँपालिका ४, नारच्याङको लेक भुस्केट हुँदै आधार शिविर भएर अन्नपूर्ण प्रथम चढे । ८ हजार ९१ मिटरको उक्त शिखरमा फ्रान्सेली झन्डा फहराउँदै विश्व कीर्तिमान राखे । विश्वको इतिहासमा ८ हजार मिटरभन्दा अल्लो हिमाल आरोहण गर्ने पहिलो व्यक्ति मोरिस हर्जोग नै भए । 'हामी सगरमाथा चढ्न गएको भए उनीहरूलाई धोका दिए जस्तो हुन्थ्यो' 'अन्नपूर्णमा पहिलो पाइला' पुस्तकमा मोरिसको कथन छ ।

'बेलायतीहरू सगरमाथा उक्लन बाह्रौं प्रयास गर्दै थिए । उनीहरू सगरमाथा चढ्न तालिम समेत लिइरहेका थिए । बेलायती जर्ज हन्ट तथा एडमण्ड हिलारी मेरा साथी नै थिए' पुस्तकमा मोरिसको भनाइ छ, 'तिब्बती मोहडाबाट पनि पटक-पटक कोसिस गर्‍यौं, अहिलेसम्म सकेनौं । अब एक पटक हाम्रा लागि छाडिदिनोस् भन्ने आग्रहपछि यो पटक तपाइँहरूलाई मौका भयो, तपाइँहरूले नसके अर्को पटक हामी चढ्छौं भन्दै हामी अन्नपूर्ण आरोहणतर्फ लाग्यौं ।'

फ्रान्सबाट दिल्लीसम्म हवाई यात्रा गरेका मोरिसको टोलीले भारतबाट नेपाल सीमासम्म मोटर बाटोमार्फत यात्रा तय गरेको थियो । उनीहरू लुम्बिनी हुँदै बाग्लुङ भएर धौलागिरी क्षेत्र हिँडेरै पुगेका थिए । मोरिसको टोलीमा २ सय ५० जना भरिया थिए । उनी सगरमाथा चढ्न नपाएपछि ८ हजार १ सय ६७ मिटर अग्लो धौलागिरी हिमाल चढ्न आएका थिए । 'अहिले धौलागिरि चढ्नु उपयुक्त छैन' भन्ने स्थानीय बासिन्दाको सुझाव पछि उनी पूर्वतर्फको अन्नपूर्ण प्रथम हिमाल आरोहणमा केन्द्रित भए । मनसुन सुरु हुनै लाग्दा र हिमपहिरो खस्ने समयमा समेत मोरिसले अन्नपूर्ण प्रथम हिमाल आरोहण गर्न सफल भएको जानकारी नेपाल भ्रमणमा आएका बेला नारच्याङवासीलाई दिएका थिए ।

उनले अन्नपूर्ण हिमाल आरोहण गरेको खबर विश्वभर फैलियो । 'हामीले अन्नपूर्ण हिमाल आरोहण गरेपछि, फ्रान्सेलीहरू ८ हजार मिटरभन्दा अग्लो हिमालमा गए, हिमालमा फ्रान्सेली झन्डा फहराए, ती त्यत्रा हिमाल कसरी चढे, उनीहरू को हुन् ? भनेर संसारभरी हल्लीखल्ली मच्चियो । नेपालका अग्ला हिमाल पनि चढ्न सकिने रहेछ भनेर संसारभरिका मानिसको आँखा खुल्यो' उनको पुस्तकमा उल्लेख छ । ८ हजार भन्दा बढी उचाइका हिमाल पहिलोपटक आरोहण भएपछि विश्वको ध्यान नेपालतर्फ केन्द्रीत भएको थियो । अन्नपूर्ण पहिलो आरोहण गरेर पहिलो आरोहीको विश्व कीर्तिमान बनेको खुसियालीमा त्यतिबेला फ्रान्समा तीन दिन राष्ट्रिय उत्सव मनाइएको थियो ।

अन्नपूर्ण प्रथम हिमाल आरोहणबाट दुवै गोडा र दुवै हात गुमाएका हर्जोगलाई सहयोगीहरूले बोकेर हिमालबाट झारेका थिए । उनीसंगै लुइस लचेनल पनि थिए । फर्कने बेला मोहन शमशेरले भेट्न पत्र पठाएको जानकारी आएपछि सँगै आएका डाक्टर हुदो मार्सेलसहित उनी काठमाडौंतर्फ लागे । दरबारमा एउटा ठूलो समारोह गरेर तत्कालीन सरकारले उनलाई गोर्खा क्रस (ला ख्वा द ला गेर) पदक प्रदान गरेको थियो । आफू उक्त पदक पाउने एकमात्र विदेशी भएको मोरिसले आफ्नो पुस्तकमा उल्लेख गरेका छन् । उनले लेखेको पुस्तक सन् २००० अघिसम्म १ करोड १० लाख बढी विक्री भएको मानिन्छ । फ्रान्सेली भाषा 'लान्नापूर्ना फर्मिय उइ मिल' शीर्षकको उक्त पुस्तक कुनै समय अमेरिकी

पृष्ठ २७ मा



पृष्ठ २६ बाट

बजारमा क्रिश्चियन धर्मग्रन्थ बाइबल भन्दा बढी बिक्री भएको बताइन्छ। यो पुस्तक सम्भवतः विश्वमा सबैभन्दा बढी बिक्री भएको नेपालसम्बन्धी पुस्तक पनि हो। मोरिसले सन् १९५१ मा पेरिसको अस्पतालमा उपचारत रहँदा यो पुस्तक लेखेका थिए।

हिमाल चढ्दा के होला, के नहोला भनी अविवाहित बसेका मोरिस गहिरो चोटमा परेपछि दिल्लीमा उपचार गराउन थाले। नेपाल र भारतमा राम्रो उपचार नपाएपछि उनले केही समय फ्रान्स र लामो समय अमेरिकामा उपचार गरे। कृत्रिम हातखुट्टा प्रयोग गर्दै आएका मोरिसको ९३ वर्षको उमेरमा २०६९ मंसिर २९ गते निधन भयो। अन्नपूर्ण चढ्नुअघि उनले युरोप र दक्षिण अमेरिका क्षेत्रका ४ हजार ८ सय मिटर उचाईका हिमालहरू चढेका थिए।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) केन्द्रीय कार्यालय संरक्षण अधिकृत ऋषि बरालका अनुसार अन्नपूर्ण हिमालको सफल आरोहणसँगै नेपाल पर्वतीय पर्यटनको आकर्षणको केन्द्र बन्दै गएको छ। 'अन्नपूर्ण हिमाल सगरमाथाको तुलनामा आरोहणका दृष्टिले ज्यादै कठिन छ। जेठो हिमालको उपाधि पाएपनि अझै पनि धेरै पर्यटक अन्नपूर्ण प्रथम हिमालमा जान सकिरहेको छैनन्' उनले भने, 'पदयात्रामार्गको विस्तार भैरहेको छ। हिमालसम्मै पदयात्रामार्ग निर्माण भएको छ। अब सहज हुने अपेक्षा छ।' हिमाल आरोहण गर्ने सबैले सर्वोच्च शिखर सगरमाथा रोज्ने भएकाले अन्नपूर्ण प्रथमको आरोहण कम प्राथमिकतामा परेको उनको बुझाइ छ। 'अन्नपूर्ण प्रथमको आफ्नै महत्व छ। यसको प्रचारप्रसार अझै हुन् सकेको छैन। पदयात्रामार्गको व्यवस्थापन सबैभन्दा ठूलो चुनौतीको विषय छ' बरालले भने।

एक्याप आयोजना प्रमुख राजकुमार गुरुङका अनुसार अन्नपूर्ण हिमाल नेपालकै पहिलो र ठूलो संरक्षण क्षेत्रभित्र पर्छ। 'पहिले त्यति चासोको विषय थिएन। सन् १९५० मा मौरिसले अन्नपूर्ण प्रथम चढेपछि यस क्षेत्रमा पर्यटकले चासो दिन थालेका हुन्' उनले भने। गुरुङका अनुसार अन्नपूर्ण हिमाल र आसपासका ७ हजार ६ सय २९ वर्ग किलोमिटर क्षेत्रलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनामार्फत संरक्षण गरेर राखिएको छ।

लमजुङ हिमालदेखि निलगिरीसम्म अन्नपूर्ण हिमश्रृंखलाको भाग हो। हिमाल पारी र हिमाल वारीका ५ जिल्ला, साविक ५७ गाविसलाई समेटेर अन्नपूर्ण हिमालकै नामबाट अन्नपूर्ण संरक्षण क्षेत्र गठन गरिएको हो। संघीय संरचनाअन्तर्गत अहिले गण्डकी प्रदेशको ५ जिल्ला, १५ गाउँपालिकाका तथा ८७ वडामा अन्नपूर्ण संरक्षण क्षेत्र फैलिएको छ। २०४३ मा कास्कीको घान्द्रुकबाट अन्नपूर्ण संरक्षण क्षेत्र परीक्षणको रुपमा सुरु भएको थियो। अन्नपूर्ण क्षेत्रमा बर्सेनि करिब २ लाख पर्यटक पुग्छन्। तीमध्ये फ्रान्सका पर्यटकको संख्या टप ५ भित्र रहेको एक्यापले जनाएको छ।

## सम्झिँदैनन् मोरिसलाई

नेपाल र अन्नपूर्णलाई विश्वभर चिनाएका मोरिस हर्जोगलाई सरकारी तथा नीजि क्षेत्रबाट खासै सम्झिएको पाइँदैन। कहिलेकाहीं अन्नपूर्ण क्षेत्रमा औपचारिक कार्यक्रम हुँदै आएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) द्वारा गठित संरक्षण क्षेत्र व्यवस्थापन समिति नारच्याङ (अन्नपूर्ण गाउँपालिका ४, म्याग्दी) का अध्यक्ष तेजबहादुर गुरुङका अनुसार हिमाल आरोहणपछि मोरिस ३० पटक नेपाल आए। पछिल्लो समय सन् २००५ मा नारच्याङ आएका मोरिसले सरकारलाई जति भनेपनि अन्नपूर्ण प्रथमको विकासमा चासो नदिएको गुनासो गरेका थिए। 'मलाई सम्झनु पर्दैन। मैले चढेको हिमाल र यस क्षेत्रको विकास गरे पुग्छ भन्नुभएको थियो' मोरिसले गरेको गुनासो सुनाउँदै गुरुङले भने, 'राज्य र सरकारकै तर्फबाट उहाँलाई सम्झिएको छैन। हामीले मात्र के गर्न सक्छौं र?'

कास्कीको अन्नपूर्ण गाउँपालिकामा पर्ने अन्नपूर्ण बेसक्याम्पमा मोरिसको स्मृतिमा शालिक निर्माण गरिएको छ। मोरिस कास्कीबाटै चढेको प्रचारप्रसार हुँदा उनी हिँडेको बाटोको विकास नभएको म्याग्दीवासीको गुनासो छ। 'अन्नपूर्ण हिमाल र अन्नपूर्ण बेसक्याम्प भनेपछि कास्कीतर्फमात्र सबैको ध्यान केन्द्रीत भयो। मोरिस हिँडेको बाटो र चढेको हिमालमा कसैको ध्यान गएन' धौलागिरी पर्यटन परिषद् म्याग्दीका अध्यक्ष अमर बानियाँले भने। बानियाँका अनुसार अन्नपूर्ण प्रथमसम्मको पदमार्ग राम्रो, व्यवस्थित र सुरक्षित भए पर्यटकको आगमनमा वृद्धि हुनेछ।

## अन्नपूर्ण प्रथमसम्म पदमार्ग

अन्नपूर्ण प्रथम पुग्न बेसक्याम्पसम्म पदमार्ग निर्माण गरिएको पदमार्ग निर्माण उपभोक्ता समितिका अध्यक्ष चन्द्रजित पहरे पुनले बताए। पुनका अनुसार गएको वर्षदेखि पदमार्ग खुलेको छ र पर्यटकहरू आउन थालेका छन्। नारच्याङका अगुवा सुवास विकका अनुसार बेनीदेखि नारच्याङसम्म २४ किलोमिटर सडक छ। नारच्याङबाट छोटेपासम्मको १६ किलोमिटरमा निलगिरी जलविद्युत आयोजनाले सडक निर्माण गरेको छ। छोटे पादेखि हुमखोलासम्मको करिब ९ किलोमिटर सडक उक्त आयोजनाले निर्माण गर्ने तयारी गरेको छ। हुमखोलाबाट करिब ६ घण्टामा भुस्केट र भुस्केटबाट करिब ५ घण्टामा ४ हजार १ सय देखि ४ हजार ४ सय मिटरसम्मको अन्नपूर्ण बेस क्याम्प पुग्न सकिन्छ।

## पदयात्रामार्गका लागि संघर्ष

मुस्ताङको टुकुचे, ताक्लुङ हुँदै आउने पदमार्ग निकै डरलाग्दो छ। यो बाटो भएर आउँदा भीरबाट खसेर मृत्युसम्म हुने गरेको स्थानीय बासिन्दाहरू बताउँछन्। नारच्याङबाट आधार शिविर जाने बाटो पनि डरलाग्दो छ। यद्यपि जलविद्युत् आयोजनाले उक्त ठाउँ कट्ने गरी सडक निर्माण गर्दैछ। पदमार्ग निर्माण गर्दा आफूले 'पागल' को संज्ञा समेत पाएको अध्यक्ष गुरुङले बताए। उनका अनुसार नारच्याङबाट अन्नपूर्ण प्रथमको आधार शिविर जाने पदमार्ग थिएन। 'मेरै नेतृत्वमा २०६७ मा अध्ययन अनुसन्धान गरिएको थियो। नचाहिने काम गरेको भन्दै मैले पागलको बिल्ला भोग्नुपर्‍यो,' उनले भने, 'मोरिस हर्जोग चढेको हिमाल पुग्ने छोटो बाटो खोज्यौं। हामी मिस्त्री खोलाको तिरैतिर खोलाकै मुहानसम्म पदमार्गको ट्र्याक खोल्न सफल भयौं।' सुरुमा अनुसन्धान गर्दा मिस्त्री खोलामा ४४ पटक फड्के (काठको भर्‍याङ) बनाएर वारपार गरी अध्ययन गरिएको उनले बताए।


२०६८ मा पदमार्ग निर्माणका लागि प्रपोजल लेखेर पर्यटन मन्त्रालयमा दिएको र त्यसपछि ०७२ सम्म हरेक वर्ष १० लाखका दरले सहयोग पाएको उनले बताए। ०७३ र ०७४ मा १५/१५ हजार र ७५ मा २० लाख प्राप्त भएको थियो भने एक्यापले अघिल्लो वर्ष १५ लाख र अहिले १० लाख दिएको छ। गण्डकी प्रदेश सरकारले यस वर्ष १५ लाख स्वीकृत गरेको छ। वडाले ३ लाख सहयोग गरेको छ। 'हामी पदमार्ग निर्माण गरिरहेका छौं। बास बस्ने ठाउँ बनाएका छौं। मिस्त्री खोला-२ ठाउँमा झोलुंगे पुल निर्माण गरेका छौं, धेरै ठाउँमा काठे फड्के बनाएका छौं' गुरुङले भने।

गुरुङका अनुसार कास्कीबाट अन्नपूर्ण हिमालको काखमा जाने पदमार्ग र बेसक्याम्पले म्याग्दीको बेसक्याम्प छायाँमा परेको हो। कास्कीबाट बेसक्याम्पसम्म जान मिल्ने भए पनि हिमाल चढ्न मिल्दैन। हिमाल चढ्न म्याग्दीमा पर्ने अन्नपूर्ण प्रथम बेसक्याम्प नै आउनुपर्छ। कास्कीको बेसक्याम्पमा वर्षौंदेखि पर्यटक गए पनि म्याग्दीतर्फको अन्नपूर्ण बेसक्याम्पमा गत वर्षदेखि मात्र पर्यटक जान थालेको उनले बताए। गुरुङका अनुसार नारच्याङभन्दा माथि मानव बस्ती नहुँदा र वनजंगल मात्र भएकाले यो क्षेत्रको पूर्वाधार निर्माणमा ढिलाइ भएको हो। यो क्षेत्रको पदयात्रामा उच्च हिमाली दृश्यावलोकन, हिमताल, विभिन्न वनस्पति तथा चराचुरुङ्गीहरू अवलोकन गर्न सकिन्छ।

## हेलिकप्टरकै भर

अन्नपूर्ण प्रथम पुग्ने पदमार्ग नहुँदा र भएको पदमार्ग पनि उच्च जोखिममा रहँदा हिमाल चढ्ने तथा घुम्ने पर्यटकहरू हेलिकप्टरमार्फत त्यहाँ पुग्ने गरेका छन्। गत अप्रिल २३ मा अन्नपूर्ण प्रथम आरोहण गरेका बेलायती सैनिक म्याग्दीका निर्मल पुर्जा बेसक्याम्पसम्म हेलिकप्टरमै गएका थिए। उनी उक्त क्षेत्रमा ८ हजार माथिको हिमाल चढ्ने पहिलो स्थानीय बासिन्दा हुन्। पुनलाई बेलायती सैनिकमा हिउँचितुवाको नामले चिनिन्छ। एक्याप पोखराका अनुसार अन्नपूर्ण प्रथम चढ्न वा घुम्न जानेहरूले हेलिकप्टर नै प्रयोग गर्ने गरेका छन्। यो वर्ष मात्र करिब २० पटकभन्दा बढी हेलिकप्टर अन्नपूर्ण बेसक्याम्प पुगेको छ। नेपाली विकिपिडियाका अनुसार सन् २०१२ सम्ममा अन्नपूर्ण प्रथम हिमाल आरोहण गर्नेहरूको संख्या १ सय ९१ छ।

## को हुन् मोरिस ?




सन् १९१९ जनवरी १५ मा फ्रान्सको लियोमा जन्मिएका मोरिस हर्जोग आमा-बावुका ८ सन्तानमध्ये सबैभन्दा जेठा थिए। नेपालमा अन्नपूर्ण आरोहणअघि उनले युरोपको सबैभन्दा अग्लो मानिएको मो ब्लँ हिमाल आरोहण गरिसकेका थिए। पेरिसका नाम चलेका व्यापारी थिए उनी। हिमाल आरोहण गर्न नेपाल आउँदा ३१ वर्षका मोरिस आफ्नो ९ सदस्यीय टोलीमा सबैभन्दा जेठा थिए।

अन्नपूर्ण हिमालमा हातगोडा गुमाएका उनी आजीवन उपचारमा रहे। हिमाल चढेर गएपछि उनी ८ वर्षसम्म फ्रान्सका युवा तथा खेलकुद मन्त्री रहे। उनी १७ वर्षसम्म सांसद चुनिए। त्यसअघि सामोनी नगरको मेयर समेत भए। हर्जोग २५ वर्षभन्दा लामो समय अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको सदस्य पनि रहे। फ्रान्सका तत्कालीन राष्ट्रपति चार्ल्स द गोलले हर्जोगलाई हिमाल आरोहणको साहसका सम्बन्धमा युवाहरूलाई बताउन मन्त्री बनाएको बताइन्छ।

जनताको विचार

# चर्को गर्मी छल्ने उपाय के होला ?



तस्बिर : नवराज वाग्ले

नागाबाबा भएर बस्ने ।

**कुबेर सुवेदी**

ओढारमा बास बस्ने कान्छा ।

**शोभाकर तिमिल्सिना**

यसको दिगो समाधान भनेकै रुख रोप्नु हो ।

**हरि तिवारी**

ब्लाङकेट ओढेर घाममा बस्ने ।

**सरोज केसी**

चिसो वियर पिउने ।

**निलेन्द्र प्याकुरेल**

सप्तकोसीको चिसो पानीमा छलाङ लगाउने ।

**विशाल गौतम**

दामन-पालुङ जाने ।

**विमल मगर**

तमोर नदीको माझिङटार या त मूलघाटमा पौडी खेल्ने ।

**कमलप्रसाद बाँस्कोटा**

डबल ब्लाङ्कोट ओढेर सुत्ने ।

**हरिप्रसाद तिवारी**

त्रिशूलीमा झ्याम्म हामफाल्ने ।

**चन्द्र उदासी**

हिमालतिर लाग्ने ।

**राज आरसी**

सूर्यलाई दुई-चार महिना छुट्टीमा पठाउने ।

**होल ब्ल्याक**

अन्डरग्राउन्ड कोठाबाट कतै ननिस्कने ।

**जगत बम्जन**

पोखरीमा गएर बस्ने ।

**गोकर्ण सिटौला**

काठमाडौं बस्नेहरू १५ दिनका लागि चितवन जाने अनि काठमाडौं फर्कने । त्यसपछि थाहा हुन्छ काठमाडौंमा कति गर्मी छ भन्ने कुरा ।

**लक्ष्मणराज अधिकारी**

गर्मी हटाउने जति नै आधुनिक साधन भए पनि गाउँको चौतरीको वरपीपलको छहारीमा बस्नुको मज्जा बेग्लै ।

**दीपेन्द्रप्रसाद भुवाई**

हिमालतिर एउटा घर बनाउनुपर्छ । गर्मीमा उता, जाडोमा त झापा जिन्दावाद छँदैछ ।

**तुलसा बन्जारा**

पौडी खेल्ने ।

**शिवप्रसाद शर्मा रेग्मी**

भेडेटार जाने ।

**श्रेष्ठ रविन**

दैनिक नुहाउने ।

**जीपी भट्टराई**

घर आकारको फ्रिज बनाएर त्यसभित्र बस्ने ।

**बाबु श्री**

ज्याकेट लगाउने ।

**सुशील पौडेल**

एसी चलाएर सुत्ने ।

**दिनेश काफ्ले**

श्रीमती लिएर इलामको चियाबगान घुम्न जाने ।

**दुर्गा चम्लागाईं**

पानी तताएर नुहाउने, शित्तल हुन्छ ।

**लक्ष्मीकान्त जोशी**

नेपालका सुन्दर पहाडी भेगतिर घुम्न जाने ।

**राज गोर्खाली**

आगो ताप्ने ।

**सूर्य सापकोटा**

आइसक्रिम खाने ।

**प्रिन्स राजकुमार लामा**

चिसो पिउने ।

**सुखाचन्द्र ठाकुर**

गर्मी छल्न साथमा मनदेखि मन पराएका प्रेमी-प्रेमिका हुनुपर्छ । पूरै शीतल फिलिङ हुन्छ ।

**थापाकी छोरी**

एसीमा बसेर ट्विटर चलाउँदै सरकारलाई गाली गर्ने ।

**कुल रिम्स**

विश्वव्यापी तापमान भयावह ढंगमा बढिरहेको छ । कार्बन उत्सर्जन रोक्नुको विकल्प छैन, यदि दीर्घकालीन रूपमा समाधान खोज्ने हो भने ।

**पुण्य भण्डारी**

रूखको छहारीमा बसेर गर्मी छल्ने ।

**रमन पोखरेल**

विवाह गरेपछि तीन महिनासम्म घरबाट निस्कनु हुँदैन अनि चर्को गर्मी छलिन्छ ।

**विल्सन राई**

रूख रोप्नेतिर सोचौं, शीतल त्यसमै छ ।

**अशोक सुस्केरा अंशु**

गर्मी छल्न त फ्रिजमा पस्नुपर्छ अनि त ठन्डा-ठन्डा कुल-कुल भैहालिन्छ नि ।

**अनिल खरेल**

पुसमा जाडो हुन्छ भनेर सम्झने ।

**बालमुकुन्द कृष्ण**

गर्मीमा काठमाडौं जाने, जाडोमा चितवन आउने ।

**आशिका बर्तौला**

प्रेमिका नजिक नजाने ।

**सर्सिज**

सबैभन्दा सहज र सरल तरिका : सम्झनुहोस् यो जाडो मौसम चलिरहेको छ ।

**डटपेन होल्डर**

छल्ने होइन । बरु डटेर सामना चाहिँ गर्ने हो ।

**मी कृष्ण**


## नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको व्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९


# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

## यो साता

जेठ २९ गते
बालश्रमविरुद्ध दिवस

जेठ ३० गते
निर्जला एकादशी, तुलसी बीज रोपण

### मेष

सातामा सुरुका दिनमा घरायसी तथा अफिसयल जिम्मेवारी आइलाग्न सक्छ । परिवारका सदस्यसहितको भ्रमणमा कसैको चित्तदुखाइ हुनसक्छ, जसप्रति हेक्का राखी काम गर्नु उचित हुन्छ । सवारी साधन खरिद गर्ने अवसर छ । साताको अन्त्यमा चिसोबाट टाढै रहनु बेस हुन्छ ।

### वृष

खर्च गरेअनुरूप भविष्यका लागि जग बसाउने अवसर जुट्नेछ । मनोरञ्जनमा सहभागी हुँदा समयको ख्याल राख्नुहोला । नयाँ अवसर हात लाग्ने सम्भावना नजिकिँदो छ । पैतृक सम्पत्ति उपयोग गरी थप फाइदा उठाउन सकिनेछ । प्रेमी-प्रेमिकाको आग्रह स्वीकार गर्दा घरायसी सरसामानको जोहो हुनेछ ।

### मिथुन

मित्रवर्गको सहयोगका कारण अरूको मन जित्न सकिनेछ, जसले जिम्मेवारी वहन गर्ने अवसर दिलाउनेछ । श्रृंगार तथा सजावटको काममा सफलता हात लाग्नेछ । गुलिया वस्तु कम सेवन गर्नुहोला । बुधबारपछिको समय प्रेरणादायक रहनेछ । खर्चिलो यात्राले मनमा दुविधा उत्पन्न गराउला ।

### कर्कट

शुभकार्यका लागि सामग्री किनमेल गर्दा विशेष सावधानी अपनाउनुहोला । सामानहरू छुट्ने-हराउने खतरा टरेको छैन । पहेंला धातु तथा विलासिताका सामान खरिद हुनसक्छ । पारिवारमा मांगलिक कार्य सम्पन्न गर्ने तिथि तय हुन सक्छ । यात्रामा सावधानी अपनाउनु होला ।

### सिंह

कर्मचारीवर्गले कार्य सम्पादन गर्दा विशेष संयम अपनाउनुहोला । स-साना त्रुटिले तपाईंको मर्यादामा चोट पुऱ्याउन सक्छन् । सोमबारपछिका दिनमा विशिष्ट व्यक्तिहरूसँग भलाकुसारी हुनेछ । भोजभतेरमा सहभागी हुने अवसर प्राप्त हुनेछ । सुनौलो रंग प्रयोग गर्दा तपाईंको मेहनत खेर जानेछैन ।

### कन्या

बेरोजगारहरूका निम्ति रोजगारीको अवसर फेला पर्ने सम्भावना छ । बलमिच्याइँ गरे काम बिग्रन सक्छ । मेहनतले कार्य सम्पन्न गर्दा सफल भइनेछ । खर्च बढी भए पनि विदेश जाने प्रक्रिया अघि बढाउँदा फलिफाप हुनेछ । साताको अन्त्यमा मनोरञ्जक कार्यक्रममा सहभागी भइनेछ ।

### तुला

सामूहिक लगानीको कार्य गर्दा अभिभावकहरूको सुझाव अनुसरण गर्नुहोला । विपरित लिंगी साथीबाट प्रेम-प्रस्ताव प्राप्त हुनसक्छ, ढिलो निर्णय दिँदा सुरक्षित भइनेछ । परिस्थिति पहिचान गरी सम्पन्न गरिएको कार्यले उचित स्थान पाउनेछ । आर्थिक कारोबारमा सेता तथा नीला वस्त्रले ऊर्जा प्रदान गर्नेछन् ।

### वृश्चिक

अग्रज अनुभवी सदस्यको सुझाव अवलम्बन गर्न सके व्यवहारिक नोक्सानबाट सुरक्षित भइनेछ । आलोचना गर्नेहरू बढी भए पनि पराजयको सामना गर्नुपर्नेछैन । विपरीत लिंगीले मन पराएर प्रस्ताव राख्न सक्छन्, हतारमा निर्णय नगर्नुहोला । साताको अन्त्यमा भोजभतेरमा सहभागी भइनेछ ।

### धनु

स्वार्थी साथीहरूका कारण मन खिन्न हुन सक्छ । कार्य सम्पन्न गर्ने क्रममा अपजसको सामना गर्नुपर्ला । मन पराउने साथीहरूको भावना मुताबिक चल्न सके विशेष फाइदा हुनेछ । नयाँ अवसरले थप मेहनतको अपेक्षा गरेको छ । बेसार रंगको प्रयोगले मानसिक राहत प्रदान गर्नेछ ।

### मकर

तपाईंको उन्नति देखेर ईर्ष्या गर्नेहरू छटपटाउनेछन् । तत्काल लगानी गर्न समस्या भए पनि दिगो आम्दानीको अवसर हात लाग्ने सम्भावना छ । प्रेममा दुविधा बढ्न सक्छ, हतारमा निर्णय नगर्नुहोला । भोजभतेर एवं मनोरञ्जनमा सहभागी हुँदा पैसा, प्रतिष्ठा तथा समयलाई नबिर्सनुहोला ।

### कुम्भ

नयाँ रोजगारी हात पार्न शक्तिशाली व्यक्तित्वहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन सक्छ । परिस्थितिको हेक्का राखी अवसरलाई चुनौतीका रुपमा शिरोधार्य गर्नुहोला । प्रतिभा प्रदर्शन गर्ने क्रममा नयाँ साथी फेला पर्ने सम्भावना छ । साताको अन्त्यमा मान-प्रतिष्ठा प्राप्त हुनुका साथै विदेश भ्रमण गर्ने अवसर जुट्न सक्छ ।

### मीन

राजनीति तथा विवादित विषयमा नेतृत्वदायी कार्य सम्पन्न गर्न अग्रसर भइनेछ । मनभित्र उब्जने चञ्चलताप्रति संयमित रहनुहोला । कुरा काट्नेहरू गुप्त रूपमा सलबलाउने सम्भावना छ । प्रेमी-प्रेमिकाबीचको तीतोपन उचाइमा पुगेर पुन: प्रेम तथा विश्वासमा परिणत हुनेछ । यात्रामा सावधानी अपनाउनुहोला ।

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा

म अविवाहित पुरुष हुं । मेरी केटी साथी छ । हामीबीच एक-दुई पटक यौनसम्पर्क भएको थियो । जब हामी यौनसम्पर्क गर्छौं, एकछिनमा मेरी साथी पीडामा हुन्छिन् अनि बेहोस हुन पुग्छिन्, दाँत बाँध्छिन् । पाँच-दस मिनेटपछि उनको होस आउँछ । यस्तो के भएको होला ? यो कुनै रोग हो कि ?

वि.





### अल्पकालीन बेहोसीपन

हाम्रो शरीरभरि भएका रक्तनसामा निरन्तर रूपमा एक निश्चित रक्तचाप हुन्छ र त्यसले गर्दा हाम्रा सबै कोशिकामा रगतका साथै प्राणवायु (oxygen) को निरन्तर प्रवाह गर्न सहयोग गर्छ । हामी सुतेको अवस्थामा टाउको र खुट्टाको उचाइ लगभग एउटै तहमा हुन्छ । हामी उभिएको स्थितिमा यो उचाइ व्यक्तिअनुसार फरक परे पनि ५ फिटभन्दा बढी हुन्छ, तर हाम्रो रक्त नसा खुम्चने तथा हृदयको गतिमा आउने परिवर्तनले हाम्रो मस्तिष्कमा रक्तचापलाई तुरुन्तै नियन्त्रण गर्दै रगतको प्रवाहलाई उहि गतिमा निरन्तरता दिन्छ । यस्तो स्थितिमा हामीले रिँगटा लागेजस्तो महसुस गर्छौं । केही व्यक्तिमा यसका लागि केही समय लाग्ने भएको हो, सुतेको वा बसेको स्थितिबाट जुरुक्क उठ्दा हल्का रिँगटा लागेजस्तो महसुस हुन्छ । बिस्तारै उठे समस्याको समाधान भैहाल्छ । यस्तो स्थिति विशेष गरेर vagus nerve (मस्तिष्कदेखि छाती तथा पेटमा आउने एक स्नायु नसा) अधिक उत्तेजित हुँदा अकस्मात् रक्तचाप कम हुन्छ र व्यक्ति छोटो समयका लागि बेहोस हुन्छ जसलाई हामी vasovagal syncope भन्छौं ।

छोटो समयका लागि होस हराउनु (बेहोस हुनु) लाई fainting भनिन्छ । बेहोस हुनुको मुख्य कारण भने एकाएक रक्तचापमा कमी आउनु हो । रक्तनसामा आउने परिवर्तन वा हृदयको गतिमा आउने परिवर्तन नै यसको मुख्य कारक हुन्छ । अल्पकालीन रूपमा रक्तचापमा कमी हुने तथा रक्तनसा खुकुलो हुने स्थितिमा विभिन्न कारणले बेहोसी आउन सक्छ, जसमा शारीरिक तथा भावनात्मक (तनाव) कारण पनि हुन सक्छ ।

### यौन र पीडा

तपाईंले यौनसम्पर्कमा केटीसाथीलाई पीडा हुने कुरा गर्नुभएको छ त्यसैले महिलालाई यौन सम्पर्कका बेलामा हुने पीडाका सन्दर्भमा पनि केही चर्चा गरौं ।

महिलामा यौनसम्पर्कका बेला अनेक कारणले पीडा हुन सक्छ । यसका पनि दर्जनौं शारीरिक कारण हुन सक्छन् भने मानसिक कारण पनि त्यति नै । यौनसम्पर्क पीडा युक्त हुने एउटा प्रमुख कारण योनि सुख्खा हुनु हो । एलर्जीको औषधीले मुखमात्र सुख्खा गराउने होइन, योनि पनि सुख्खा गराउन सक्छ । त्यसैगरी मधुमेह, योनिको संक्रमण वा शोथ वा महिला हार्मोनको कमी यसका कारण हुन सक्छन् । अन्य शारीरिक कारणमा योनिद्वार वा भगक्षेत्रको छालाको समस्या हुनसक्छ । त्यसैगरी भगाङ्कुरको संक्रमण वा शोथमा पनि यौन सम्पर्क पीडा युक्त हुनसक्छ । योनिद्वार वा Bartholin's Gland को संक्रमण पनि दुखाइको कारण हुनसक्छ । मूत्रनली वा मलद्वारमा कुनै समस्या छ भने पनि महिलाका लागि यौनसम्पर्क पीडादायक हुनसक्छ । योनिको संक्रमण वा कुनै रसायनका कारणले शोथ भएको छ भने पनि पीडा हुने नै भयो । त्यसैगरी पाठेघरको मुख वा पाठेघरको संक्रमण वा अन्य खराबी पनि यौन सम्पर्क गर्दा दुख्ने कारण बन्न सक्छ ।

अर्को एउटा महत्वपूर्ण कारण योनिको मांसपेशी कडा हुनु हो । अंग्रेजीमा यस किसिमको अवस्थालाई Vaginismus भनिन्छ । धेरैजसो अवस्थामा भय वा डर नै यसको कारण बनेको हुन्छ । कतिपय भावनात्मक कुराले यसलाई सुरुवात गर्न सक्छ, जस्ते कि दुख्ने वा गर्भ बस्ने भय, चिन्ता, ग्लानी, सम्बन्धमा भएको समस्या, बलात्कारजस्ता पीडायुक्त घटनाको अनुभूति । कसरी मानसिक समस्याले यौनसम्पर्कमा पीडाको समस्या निम्त्याउँछ यकिनका साथ भन्न गाह्रो छ तर पहिलो यौनसम्पर्क शारीरिक तथा मानसिक रुपमा पीडादायक भएको स्थितिमा लामो समयसम्म त्यसको असर रहन सक्छ । यस्तो यौनसम्पर्कमा पीडा केही असजिलोदेखि लिएर अति नै कडा किसिमको पनि हुनसक्छ ।

### यौन सम्पर्क र बेहोस हुने समस्या

सामान्यतः यस्तो नहुने भए पनि कसै-कसैले यौन सम्पर्कका दौरान अल्पकालीन बहोसीको अनुभव गर्न सक्छन् । यौन उत्तेजित हुँदा मुटु तथा सासको गति तीव्र हुन्छ । विशेष गरी सासको गति चाँडो-चाँडो अर्थात् hyperventilation हुँदा कार्बनडाईअक्साईड र अक्सिजनको सन्तुलनमा गडबडी आउन सक्छ र त्यसले रिँगटा लाग्नेदेखि बेहोस हुने स्थितिसम्म ल्याउन सक्छ । हामीले माथि नै चर्चा गरेको vasovagal syncope देखि बाहेक एउटा अर्को अवस्था छ, जसमा विशेष मुटुमा आवश्यक मात्रामा रगत मुटुमा फर्कन नसक्दा बेहोस हुने स्थिति आउन सक्छ जसलाई हामी postural orthostatic tachycardia syndrome भन्छौं । यौनसम्पर्क गर्दा अति नै चाँडो यौन आसन परिवर्तन गरिएको स्थितिमा यस्तो हुनसक्छ, जसमा अति उत्तेजनाका साथै मुटुको तीव्र गति पनि कारकका रूपमा सामेल हुन्छ ।

अर्को स्थिति जसमा शारीरिक परिश्रम युक्त क्रियाकलाप सकिएपछि मुटुको गति कम भए पनि मांसपेशीमा भएका रक्त नसा पुरानै नखुम्चिएको अवस्थामा रह्यो भने रक्तचाप अकस्मात कम हुनसक्छ र व्यक्तिले अल्पकालीन बेहोसीको अनुभव गर्न सक्छ, जसलाई हामी abdominal heart rhythm भन्छौं । यस्तो अन्य शारीरिक क्रियाकलापका साथै यौन क्रियाकलापको सन्दर्भमा पनि हुन सक्छ ।

### तपाईंकी केटी साथीलाई के भएको होला ?

हामीले यौन सम्पर्कमा पीडा अनि अल्पकालिन बेहोसीको चर्चा गरिसक्यौं । यसबाट के भएको होला भन्ने अनुमान गर्नुभयो होला नै । तर यो पनि पक्कै बुझ्नु भयो होला कि तपाईंले दिनु भएको सीमित जानकारीमा यो एउटा स्वास्थ्य समस्या हो भन्न सकिए पनि त्यो के कारणले भएको हो भन्न सकिने स्थिति छैन । यौन सम्पर्कबाहेक पनि तपाईंकी केटीसाथीलाई यस्तो किसिमको बेहोस हुने र दाँत बाँध्ने समस्या पहिलेदेखि नै थियो कि थिएन ? यो यौन सम्पर्कले बल्झाएको मात्र पनि हुनसक्छ । किनभने विवाहपूर्वको यौन सम्पर्क निकै तनावपूर्ण हुन्छ । त्यसबाहेक तपाईंले विचार गर्नुपर्ने अर्को कुरा के पनि हो भने कतै मुटु वा मस्तिष्कमा केही समस्या छ कि ? सम्पूर्ण परीक्षण गराउन चिकित्सकसँग सम्पर्क राख्नु नै बेस हुन्छ ।

### सूचना

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह




डा. सुमनराज ताम्राकार

कतिपयले मुख गन्हाउने समस्याबाट पीडित भै नमीठो अनुभव सँगालेको हुनुपर्छ । तपाईंले कुराकानी गर्दा नजिकै बसेको साथीले मुख खुम्च्याउन सक्छ । यो समस्याको नराम्रो पक्ष के हो भने आफूलाई आफ्नो मुख गन्हाइरहेको जानकारी नहुनसक्छ । नजिकैको अन्य व्यक्तिले गुनासो गरेपछि मात्र झसङ्ग भइन्छ । अंग्रेजीमा हेलिटोसिस वा फिटोर ओरिस पनि भनिने यो समस्या गिजा पाक्नाले, दाँतमा अड्किएको खानामा कीटाणुको चलखेल बढ्नाले तथा सल्फर नामक तत्व उत्पादन गर्ने खाद्य पदार्थ खानाले देखा पर्न सक्छ ।

कतिपय औषधि, पिनास, टन्सिल, जीर्ण खालको फोक्सोको समस्या (ब्रोङ्काइटिस, ब्रोङ्कियाक्टेसिस), मधुमेह, कलेजो तथा पेटसम्बन्धी एवं मिर्गौलाको समस्याले पनि सास गन्हाउने समस्या निम्त्याउँछ । कतिपय व्यक्तिलाई भने आफ्नो मुख गन्हाएको गलत भान हुनसक्छ तर वास्तविकतामा गन्हाएको भने हुँदैन । नियमित ब्रस नगर्ने तथा मुख कुल्ला नगर्ने व्यक्तिको मुखमा खाद्यकण अड्किई त्यसमा भएको सल्फरयुक्त प्रोटिनलाई दाँतमा भएका कीटाणुले टुक्राएपछि हाइड्रोजन सल्फाइड तथा मिथाइल मरक्याप्टेन नामक गन्हाउने ग्यासयुक्त पदार्थ उत्पादन गर्नका साथै दाँत र गिजाको समस्या उत्पन्न गराउँछ र सास गन्हाउँछ ।

कतिपय तरकारी, मसला तथा खाना (लसुन, प्याज) बाट वाष्पशील तेल निस्कन्छ, जुन फोक्सोमा गएर सासको माध्यमले बाहिर आउँदा दुर्गन्ध फैलिन्छ । च्यालले मुख रसिलो बनाउने र मुख सफा राख्न मद्दत गर्ने हुनाले मुखमा च्यालको कमीले मुख सुक्खा भै मुखमा नष्ट भएको कोष जिब्रो तथा गिजामा जम्मा भएर पनि मुखमा दुर्गन्ध फैलिन्छ । त्यसैले पनि राति सुत्ने बेला वा खाना बीचको समयमा मुख सुक्खा हुने कारणले अधिकांश व्यक्तिको मुख बिहान उठ्दा गन्हाउन सक्छ । धूमपान एवं मद्यपानले पनि मुख सुक्खा बनाउँछ । राति यस्तो गन्ध बढी उत्पादन हुन्छ ।

यसको मुख्य उपचार भने एनारोब्स प्रजातिको कीटाणु निराकरण गर्ने, ब्रस बढी गर्ने, दाँतको बीचमा राम्रोसँग सफा गर्ने, औषधियुक्त धागो (फ्लस) प्रयोग गर्ने तथा क्लोरहेक्सिडिनयुक्त झोल औषधिले कुल्ला गर्ने जस्ता काम गर्नुपर्छ । पटक-पटक खाइरहनु वा समय-समयमा चुइगम चपाइरहनुका साथै जिब्रोको पनि सफाइ गरेको खण्डमा दुर्गन्धबाट राहत मिल्छ । मुखको हेरचाह गर्ने जिंकयुक्त पदार्थको नियमित प्रयोगले पनि सास गन्हाउने समस्या कम हुन्छ । जिंकले सल्फरसँग मिलेर गन्धको उत्पादन घटाउँछ ।



# सबैभन्दा लोकप्रिय को ?












खेलकुदमा सफल हुनु एउटा कुरा हो भने लोकप्रिय हुनु अर्कै कुरा हो । सबै सफल खेलाडी लोकप्रिय हुनुपर्छ भन्ने पनि छैन । न त सबै लोकप्रिय खेलाडी सफल हुन्छन् भन्ने ग्यारेन्टी छ । नेपाली खेलकुदमा सर्वाधिक लोकप्रिय खेलाडी को हो ? कम्तीमा वर्ष ०७५ का सबैभन्दा लोकप्रिय खेलाडी को रहे त ? हामीसँग यसको ठ्याक्कै उत्तर छैन, तर एउटा तथ्य के निश्चित छ भने हामी त्यसको नजिक भने चाँडै पुग्न सक्छौं । एनजेस्फ पल्सर स्पोर्ट्स एवार्ड-२०७५ यसपटक असार १७ मा आयोजना हुँदैछ ।

नेपाल खेलकुद पत्रकार मञ्चले आयोजना गर्ने यो एवार्ड कार्यक्रमको पिपुल्स च्वाइस एवार्डका लागि मनोनयनमा पर्ने खेलाडीको सूची जारी भैसकेको छ र जति बेला यो एवार्ड जित्ने खेलाडीको नाम घोषणा गरिनेछ, हामी भन्न सक्छौं, यो वर्ष यिनै खेलाडी सबैभन्दा बढी लोकप्रिय रहे, अझ भनौं चर्चित रहे । यो विधामा विजयी हुने खेलाडीहरूको चयनमा सबैभन्दा ठूलो हात खेलाडीहरूका प्रशंसकको हुन्छ अनि त्यसपछि खेल पत्रकार तथा प्रशिक्षकहरूको ।

मनोनयनमा परेका खेलाडीको उत्कृष्टताको छनौट एसएमएस भोटिङ, फेसबुक लाइक, नेपाल खेलकुद पत्रकार मञ्चका सदस्यहरूको मत एवं राष्ट्रिय खेल संघका मुख्य प्रशिक्षकको मतलाई आधार मानिनेछ । एसएमएस भोटिङको मतभार ५० प्रतिशत, फेसबुकमा ४ लाइकको १ मत सहितको मतभार २५ प्रतिशत, मञ्चका सदस्य तथा विभिन्न खेलका मुख्य प्रशिक्षकको मतभार २५ प्रतिशत रहनेछ ।

### मनोनयनमा पर्ने पाँच खेलाडी

वर्ष ०७५ मा सबैभन्दा बढी चर्चा बटुल्ने खेलाडी त क्रिकेटका सन्दीप लामिछाने नै हुन् । उनले इन्डियन प्रिमियर लिग (आईपीएल) लगायत केही प्रमुख फ्रेन्चाइज लिग खेले र विश्व क्रिकेटमै चर्चा कमाए । लामिछानेले यसक्रममा प्रसस्त आम्दानी समेत गरे । नेपाली खेलकुदमा उनी जत्तिको कमाउने खेलाडी छैनन् पनि । उनी अहिले पनि अस्ट्रेलिया छन् र आफ्नो खेल जीवनलाई कसरी अझ सफल र स्तरीय बनाउने त्यसको व्यवस्थापन गर्ने क्रममा छन् ।

ब्याडमिन्टनका प्रिन्स दाहाल दुबई जुनियर इन्टरनेसनल सिरिजको यू-१५ उमेर समूहमा स्वर्ण पदक जितेर एकाएक चर्चामा आएका खेलाडी हुन् । उमेर समूहमा नेपाली ब्याडमिन्टनलाई अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक दिलाउने पहिलो खेलाडी हुन् उनी । वर्ष ०७५ मा उनले अरू पनि धेरै सफलता पाए । खेलाडी मनोनयन घोषणा कार्यक्रममा उनले पनि बोल्ने मौका पाएका थिए, तर बोल्न सकेनन्, आत्तिए । कार्यक्रममा उनको परिवारका सदस्यहरूको पनि उपस्थिति थियो । उनीहरूले पनि माने, खेलाडीले खेलेर मात्र पुग्दैन, बोल्न पनि सक्नुपर्छ ।

बोलिरहनुपर्ने बानी भएकी भलिबलकी रेशमा भण्डारी पनि उक्त मनोनयनमा थिइन्, तर त्यस दिनको कार्यक्रममा उनले पनि खासै बोल्न सकिनन् । कारण उनी पनि आत्तिइन् । रेशमा टिकटकमा खुबै सक्रिय छिन् । सामाजिक सञ्जालमा उनको सक्रियता हेर्नुपर्छ, उनी कुनै नायिकाभन्दा कम देखिन्नन्, सुन्दरताका आधारमा पनि । मैदानमा पनि उनी उत्तिकै सफल खेलाडी हुन् । वर्ष ०७५ मा एपीएफले वर्षमा १० वटा उपाधि जित्दा विशेष भूमिका निर्वाह गर्ने खेलाडी हुन्– रेशमा ।

वर्ष ०७५ मा निकै चर्चामा रहन सफल अर्की महिला खेलाडी हुन्– फुटबलकी साबित्रा भण्डारी । साबित्रा पनि यो मनोनयनमा छिन् । केही समय भयो, साबित्रा भने बोल्न सिपालु भएकी छिन् । भण्डारी भन्छिन्, 'मैले देशका लागि अझै धेरै गर्नु छ, नेपाललाई साफ च्याम्पियनसिपमा स्वर्ण दिलाउनु छ । यो कामलाई सजिलो बनाउने यस्ते एवार्डले हो ।'घरेलु तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सानदार प्रदर्शन गर्दै उनी वर्षभरि नै चर्चामा रहिन् । साबित्रा भारतमा भएको अन्तर्राष्ट्रिय हिरो गोल्डकपमा नेपाललाई उपविजेता बनाउन योगदान दिने महत्त्वपूर्ण खेलाडी हुन् । यस्तै महिला साफ च्याम्पियनसिपमा उनी उपविजेतासहित सर्वाधिक गोलकर्ता बन्न सफल भइन् ।

वर्ष ०७५ मा चर्चामा रहने अर्का खेलाडी हुन्– बडी बिल्डिङका महेश्वर महर्जन । उनी हुन्, वर्ष ०७५ मा शारीरिक सुगठनमा नेपाललाई अन्तर्राष्ट्रिय ऐतिहासिक उपाधि दिलाउने खेलाडी ।

महर्जनले थाइल्यान्डको च्याङमाईमा सम्पन्न १०औं विश्व शारीरिक सुगठन तथा फिजिक च्याम्पियनसिपको पुरुष ७५ किलो तौल समूहमा स्वर्ण पदक जिते । यस्तै १५औं राष्ट्रिय धर्मश्री शारीरिक सुगठन च्याम्पियनसिपको ओभरअलमा उपविजेता समेत भए । अबको एक महिना यी खेलाडी आफ्ना लागि भोट मागिरहेका हुनेछन् । उनका प्रशंसकहरू पनि यही काममा व्यस्त छन् । जति बेला यो एवार्ड विजेताको घोषणा हुनेछ, त्यतिबेला ती खेलाडीले गर्वसँग भन्नेछन्– म नै यो वर्षको सर्वाधिक चर्चित र लोकप्रिय नेपाली खेलाडी हुँ ।

# अब पटवालको जिम्मा



अन्ततः नेपाली क्रिकेटले नयाँ प्रशिक्षक पाएको छ । नेपालमाथि रहेको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को निलम्बनको स्थिति कहिले हट्ने हो, टुंगो छैन तर पनि नेपाली क्रिकेट टिमको अन्तर्राष्ट्रिय सहभागिता जारी छ । कम्तीमा टिमको तयारी त राम्रो हुनु पर्‍यो नि, यसैक्रममा नेपालले नयाँ प्रशिक्षक पाएको छ, उमेश पटवालका रूपमा । आईसीसीले नै हेरिरहेको स्थिति छ, अहिलेको नेपाली क्रिकेटलाई । यसअघि नेपाली टिम जगत टमाटाको जिम्मामा थियो ।

यद्यपि उक्त जिम्मेवारी काम टार्ने नीति मात्र थियो । अब भने पूरा जिम्मेवारी बोक्ने प्रशिक्षक पाएको छ नेपालले । पटवाल नेपाली क्रिकेटका लागि नयाँ नाम होइनन्, विश्व क्रिकेटमै पनि उनी सुन्नमा आइरहने पात्र हुन् । यी भारतीय प्रशिक्षक यसअघि नेपाली टिमका ब्याटिङ कन्सल्यान्ट थिए, अब मुख्य प्रशिक्षक भएका छन् । यसका लागि पहल गर्ने पनि आईसीसी नै हो, यसलाई नतिजाको तहमा कार्यान्वयन गर्ने काम भने राष्ट्रिय खेलकुद परिषद्ले गरेको छ ।

पटवालले एक वर्षको जिम्मेवारी पाएका छन्, अहिले तत्कालका लागि । यो अवधिमा उनको मुख्य लक्ष्य के हो त ? परिषद्लाई नै आधार मान्ने हो भने अबको केही महिनामा नेपालमा दक्षिण एसियाली खेलकुद (साग) हुँदैछ, त्यसैलाई ध्यानमा राखेर उनलाई नियुक्त गरिएको हो । सागको एउटा खेल क्रिकेट पनि हो, त्यसकै लागि टिम तयार पार्न उनलाई ल्याइएको हो । महिनाको ७ हजार डलर पारिश्रमिक थाप्ने पटवाललाई तलब दिने काम पनि आईसीसीले नै गर्नेछ ।

विश्व क्रिकेटमा पटवालको खास चर्चा भने अफगानिस्तानको उदयसँगै भएको हो । अफगानिस्तानको एसोसियट देशदेखि टेस्ट मान्यता प्राप्त टिमसम्मको यात्रामा पटवाल पनि जोडिएका थिए । उनी अफगान टिमका ब्याटिङ कन्सल्यान्ट पनि रहे । मुम्बइका पटवाल खेलाडीका रूपमा खासै चम्कन सकेनन्, तर प्रशिक्षकका रूपमा भने उनी उपयोगी साबित भएका छन् । मुम्बईको रणजी टिमसम्म हेरेको उनको अनुभव छ, जसलाई राम्रै मान्नुपर्छ ।

नेपाललाई लिएर प्रशिक्षक पटवालको आफ्नै अलग लक्ष्य छ । पटवाले भनेका छन्, 'मेरो उद्देश्य भनेको नेपाललाई अबको ट्वान्टी-२० विश्वकपमा छनौट गराउनु हो ।' नेपालले छिट्टै ट्वान्टी-२० विश्वकपको छनौट खेल्दैछ । अस्ट्रेलियामा हुने विश्वकपको उक्त छनौटको तयारीमै उनले विशेष ध्यान दिनेछन् । पटवालले यसका लागि छिटटै आफ्नो कार्यक्रम पनि ल्याउने छन् । उनी मान्छन्– नेपाली खेलाडी पनि कम छैनन्, विश्वस्तरीय नै छन् ।

नेपाली क्रिकेटलाई पटवालको आवश्यक किन पर्‍यो त ? यसमा खेलाडीहरूको पनि आफ्नै दृष्टिकोण पनि छ । कप्तान पारस खड्काको भनाइमा, नेपाली क्रिकेट अब पहिले जस्तो रहेन । नेपालले वान डे टिमको मान्यता पाइसकेको छ र नेपाली क्रिकेटको स्तर पनि बढेको छ । यस्तोमा प्रशिक्षक पनि उही स्तरको हुनुपर्छ । लामो समयदेखि नेपाली खेलाडीको माग थियो, राम्रो प्रशिक्षक ल्याउनुपर्ने, सके विदेशी नै । पटवाल त्यो मागको उत्तर पनि हुन् । यद्यपि अहिलेको मुख्य चासो पटवालले यी सबै अपेक्षा कति पूरा गर्छन् भन्ने नै हो ।




## शेक्सपियरको वियोगान्त कथा


दक्षिण अफ्रिकी क्रिकेटसँग विश्वस्तरीय खेलाडीको कुनै कमी छैन । अझ भनौं, सबैभन्दा बढी राम्रा खेलाडीको बाहुल्य दक्षिण अफ्रिकामै हुन्छ, तर टिमले विश्वकप जस्ता ठूला प्रतियोगितामा कहिल्यै राम्रो प्रदर्शन गर्न सक्दैन । त्यसैले पनि दक्षिण अफ्रिकी क्रिकेटलाई चोकर्स पनि भनिन्छ- अर्थात निर्णायक चरणमा खेल्नै नसक्ने । विश्वकपको इतिहासमा यस्ता धेरै घटना छन्, जहाँ दक्षिण अफ्रिका जित्ने अवसर नजिक पुगेर हारेको छ ।

सन् १९९१ मा विश्व क्रिकेटमा पुनरागमन गरेयता दक्षिण अफ्रिकाले अरू ठूला प्रतियोगितामा पनि यस्तै नियति भोगेको छ । यसपटकको विश्वकपमा पनि दक्षिण अफ्रिका सुरुवाती दुई खेल गुमाएर दबाबमा आएको छ । त्यही आधारमा टिमका प्रमुख खेलाडी कगिसो रबाडाले आफूहरूको प्रदर्शनलाई शेक्सपियरको वियोगान्त कथासँग तुलना गरेका छन् । जसरी शेक्सपियरका सबै कृतिको अन्त्य वियोगान्त हुन्छ र त्यसको पीडा अथाह हुन्छ, त्यस्तै छ, दक्षिण अफ्रिकी क्रिकेटको नियति भनौं वा यात्रा पनि ।

## ताहिरको प्रेमकथा

विश्वकप-२०१९ का क्रममा चर्चामा रहेका खेलाडी हुन्– दक्षिण अफ्रिकी स्पिनर इमरान ताहिर । आईपीएलसँगै अन्य फ्रेन्चाइज क्रिकेटमा खुबै माग हुने यी खेलाडी खासमा पाकिस्तानमा जन्मिएका हुन्, तर उनले क्रिकेट खेले, दक्षिण अफ्रिकाका लागि । विश्वकपकै बेला धेरैले यसको कारण खोज्ने प्रयास गरेका छन् र यसको उत्तर हो, उनको प्रेम कथा । उनले उमेर समूहको क्रिकेट पाकिस्तानकै लागि खेले । पाकिस्तानकै प्रतिनिधित्व गरेर यू-१९ विश्वकप खेल्ने ताहिर सन् १९९८ मा दक्षिण अफ्रिका पुगे ।

यही क्रममा उनी भारतीय मूलकी युवती सुमैयाको प्रेममा परे । प्रतियोगिता खेलेर पाकिस्तान फर्किएपछि पनि उनले सुमैयालाई बिर्सन सकेनन् र फेरि दक्षिण अफ्रिका पुगेर उनीसमक्ष प्रेम प्रस्ताव राखे । सुमैयाले त्यसलाई स्वीकार त गरिन्, तर सर्त राखिन्, यसका लागि ताहिरले दक्षिण अफ्रिकामै बस्नुपर्नेछ । ताहिरले आफ्नो प्रेमका लागि उक्त प्रस्ताव स्वीकार गरे । त्यसपछि के भयो, त्यो त सबैलाई थाहै छ ।



## बक्सरको जिब्रो चिप्लियो




विश्वकप क्रिकेट सुरु हुनुभन्दा अघिदेखि नै यसपटक कसले जित्छ भन्ने लख काट्न सबैलाई हतार छ । यो कुराको भविष्यवाणी क्रिकेटका पण्डितहरूले त हत्तपत्त गर्न नसक्ने अवस्थामा अरू खेलका जानकारदेखि खेलाडीसम्म भविष्यवेत्ता भएर निस्कन थालेका छन् । व्यवसायिक बक्सिङको क्षेत्रमा ख्याति कमाएका पाकिस्तानी मूलका बेलायती बक्सर आमिर खानले पनि यसपटकको विश्वकप कसले जित्छ भनेर अनुमान गर्न लगाउँदा उनको जिब्रो चिप्लियो र अन्ट सन्ट उत्तर आयो । उनले पाकिस्तानले अरूले जस्तै विश्वकप जित्ने सम्भावना उत्तिकै छ, तर पाकिस्तानले विश्वकप क्रिकेट जित्ने कुरा म्याच फिक्सिङमा निर्भर गर्छ भने । उनले त्यसो भनेलगत्तै आफूले गलत बोलेको महसुस गर्दै आफूले खेलको रणनीतिअनुसार योजना बनाएर खेले पाकिस्तानले जित निकाल्न सक्छ भनेर कुरा सच्याए । खानको यो भनाइ अहिले सामाजिक सञ्जालमा भाइरल भैरहेको छ ।

## दुई हेल्मेटको सुझाव

सचिन तेन्दुलकरको भनाइ मान्ने हो भने अबको विश्व क्रिकेटमा लामो समय एक जना बलरले आधिपत्य जमाउनेछन् र उनी हुन्– इंग्ल्यान्डका जोफ्रा आर्चर । उनको जन्म बारबाडोजमा भए पनि उनले वेस्ट इन्डिजका लागि खेल्नु भन्दा इंग्ल्यान्डका लागि खेल्नु राम्रो माने । यी फास्ट बलर इंग्ल्यान्डका लागि खेल्न योग्य भएको पनि केही समय मात्र भएको छ । इंग्ल्यान्डले पनि उनलाई विश्वकप टिममा राख्न कुनै कन्ज्युस्याइँ गरेन् ।

इंग्ल्यान्डले दक्षिण अफ्रिकामाथि प्रतियोगिताको पहिलो दिन प्राप्त गरेको जितमा जोफ्रा एकपटक फेरि चर्चामा आए । उक्त खेलका क्रममा उनले गरेको बलिङमा दक्षिण अफ्रिकाका अनुभवी ब्याट्सम्यान हसिम अमला घाइते भए । बल उनको टाउकोमा लागेको थियो । अमलाले हेलमेट लगाएको हुनाले त्यसले उनलाई ठूलो चोट पुर्‍याउन सकेन । यही बेला धेरैले जोफ्राको एउटा पुरानो ट्विट सम्झिए । उनले छ वर्षअघि लेखेका रहेछन्- मेरो बलिङको सामना गर्ने हो भने दुईवटा हेलमेट लगाउनु ।






## बियरस्टोको फरक कथा

जोनी बियरस्टो अहिले विश्वकप खेलिरहेका इंग्लिस टिमका प्रमुख खेलाडी हुन् । उनी जस्तै खेलाडीको प्रदर्शनका आधारमै त इंग्ल्यान्डले यसपटकको विश्वकप जित्ने अपेक्षा गरिएको छ । केही दिनअघि सम्पन्न इन्डियन प्रिमियर लिगमा पनि उनको प्रदर्शन माथिल्लो दर्जाको रह्यो । यिनै खेलाडीको खेल जीवन केही समयअघि अन्त्यको सँघारमा थियो । उनी स्वयंलाई समेत लागेको थियो, अब उनले दोहोर्‍याएर क्रिकेट खेल्न पाउने छैनन् ।

पछिल्लो एसेज शृंखलाका क्रममा उनी अस्ट्रेलिया गएका थिए र त्यहाँ उनले केही अस्ट्रेलियाली खेलाडीसँग झगडा गरे । विशेषतः क्यामरुन ब्रेनकाफ्टसँग टाउको जुधाएर झगडामा उत्रिए । त्यसपछि त उनी कारबाहीमा पर्ने भैहाले । अहिले इंग्ल्यान्डका लागि विश्वकप खेलिरहका बेला उनलाई लाग्दो रहेछ- के विश्वकपमा उनको सहभागिता सत्य हो त ? बियरस्टो मान्छन्– उनी निकै भाग्यमानी छन् र अहिले पनि क्रिकेट खेलिरहेका छन् अन्यथा त्यो मूर्खतापूर्ण झगडाका कारण उनी अहिले विश्वकपको दर्शक पो हुनुपर्ने थियो ।

जाँदा-जाँदै



अमृत क्षेत्री, गायक तथा संगीतकार

# आयुष र प्रितमले इतिहास रचिसके

**जी टिभीको गायनमा आधारित रियालिटी शो 'सारेगम लिटिल च्याम्पस' को ग्रान्ड फिनालेसम्म पुग्न सफल दुई बालप्रतिभा प्रितम आचार्य तथा आयुष केसीलाई उक्त प्लेटफर्मसम्म पुर्‍याउन गायक तथा संगीतकार अमृत क्षेत्रीको सबैभन्दा बढी योगदान छ । संगीतकार क्षेत्रीले झम्सिखेलमा सञ्चालन गरिरहेको सूरशाला म्युजिक एकेमेडीमा संगीतको प्रशिक्षण लिइरहेका तथा दुई वर्षअघि सूरशालाले नै आयोजना गरेको सूरशाला आइडलका विजेता प्रितम र आयुषको परीक्षा पर्सि आइतबार हुँदैछ । लिटिल च्याम्सको आइतबार हुने ग्रान्ड फिनालेको पूर्वसन्ध्यामा प्रितम र अमृतलाई लामो समयदेखि संगीत सिकाइरहेका गुरु क्षेत्रीसँग साप्ताहिकका *कृष्ण भट्टराई*को कुराकानी :**

**आफ्ना दुई शिष्य प्रितम आचार्य र आयुष केसीको उपलब्धिलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

उनीहरूको उपलब्धि मूल्यांकन गर्ने भन्दा पनि प्रशंसा गर्ने बेला भएको छ । भारतजस्तो विशाल देशका लाखौं प्रतिभाशाली प्रतिस्पर्धीलाई उछिनेर उत्कृष्ट ६ मा पर्न सफल हुनु आफैंमा ऐतिहासिक उपलब्धि हो ।

**ग्रान्ड फिनालेमा उनीहरूबाट कस्तो अपेक्षा गर्नुभएको छ ?**

झन्डै पाँच महिनादेखि उनीहरू मुम्बईमा रहेर सफलताको सिँढी उक्लिरहेका छन् । यो अवस्थामा उनीहरूले ग्रान्ड फिनालेमा अझ उत्कृष्ट प्रस्तुति दिँदै उपाधि नै जित्न सक्ने अनुमान गरेको छु । यद्यपि, उनीहरू अन्तिम चरणमा प्रवेश गर्नुलाई नै हामीले सबैभन्दा ठूलो उपलब्धिका रूपमा लिइसकेका छौं ।

**उनीहरूको गायकीलाई कसरी हेर्नुहुन्छ ?**

प्रितम र आयुष दुवै प्रतिभाशाली गायक हुन् । दुई वर्षअघि हामीले सञ्चालन गरेको सूरशाला आइडलमा उनीहरू विजेता तथा उपविजेता भएका थिए । त्यही प्रतियोगितामै उनीहरूले आफ्नो गायन कलामार्फत निर्णायकहरूलाई मात्र होइन, नेपालीदर्शक तथा श्रोताहरूलाई प्रभावित तुल्याएका थिए । तुलनात्मक रूपमा हेर्दा दुवैको गायकीको आ-आफ्नै विशेषता छ । प्रितम हरेक गीत खुलेर अनि हाँसी-हाँसी गाउन सक्छन् । आयुषको गायकीमा भने एक प्रकारको माधुर्यता छ, मिठास छ । दुवै भिन्न शैलीका गीत गाउन खप्पिस भएकै कारण आज यो स्थानमा पुग्न सकेका हुन् ।

**अलिकति विगततर्फ फर्कौं, उनीहरूलाई यो प्रतियोगितामा कसरी सहभागी गराउनुभयो ?**

त्यसका लागि करिब ९ महिनाअघि फर्कनुपर्छ । सूरशाला आइडलका विजेता र उपविजेतामात्र होइन, टप टेनमा पर्न सफल प्रतियोगीहरूलाई नै हामीले सारेगमप लिटिल च्याम्समा सहभागि गराउने प्रयास गरेका थियौं । जी टिभीले त्यसका लागि अनलाइन अडिसन लिने अनुमति दियो । हामीले २५ जना बाल गायक-गायिकाको भिडियो क्लिप्स बनाएर पठायौं । हामीले पठाएको भिडियो क्लिप्सका आधारमा दस जनालाई उनीहरूले दोस्रो चरणको अडिसनका लागि दिल्ली बोलाए ।

**त्यसपछि के भयो ?**

दिल्लीको अडिसनमा सहभागिता जनाउन प्रितम आचार्य र आयुष केसीसहित श्रजल महर्जन, ममता गुरुङ, अधिश्री कसपाल, निशु शर्मा, कृष्टिना श्रेष्ठ, सरोबर चौलागाई, मोनालिसा कार्की आदिलाई मैले नै गत नोभेम्बरमा दिल्ली लिएर गएँ । त्यसक्रममा उनीहरूले प्रतियोगिताको लेभल टु र लेभल थ्रिका लागि अडिसन दिए । दिल्ली अडिसनमा मात्र झन्डै २० हजार बालबालिका सहभागी थिए । अडिसन दिएर नेपाल फर्किएको केही हप्तापछि उनीहरूले प्रितम आचार्य र आयुष केसी अघिल्लो चरणका लागि छनौट भएको खबर पठाए । त्यसपछि प्रितम र आयुषले आफ्ना अभिभावकसहित (करिब पाँच महिनाअघि) मुम्बई गएर प्रतियोगिताको स्टुडियो राउन्डमा प्रतिस्पर्धा गरे ।

**अडिसन दिएकामध्ये कति जना छनौट हुने अपेक्षा गर्नुभएको थियो ?**

हामीले कम्तिमा दुई जनाले चाहिं अघिल्लो चरणको यात्रा तय गर्ने अनुमान गरेका थियौं । हाम्रो अनुमानमा पनि आयुष र प्रितम नै थिए, किनभने उनीहरूले पहिलेदेखि नै जोडी बनाएर गीत गाउँथे ।

**स्टुडियो राउन्डमा उनीहरूको प्रस्तुति कस्तो रह्यो ?**

उक्त राउन्डमा उनीहरू उत्कृष्ट प्रस्तुतिसँगै मेगा अडिसनमा पुगे । मेगा अडिसनमा पनि उनीहरूले उत्कृष्ट प्रस्तुतिलाई निरन्तरता दिएकाले त्यसलाई पनि पार गरे । त्यसपछि मात्र उनीहरूलाई टेलिभिजनको पर्दा देख्न थालिएको हो ।

**पाँच महिनादेखि मुम्बईमा रहँदा उनीहरूको गायकीमा कतिको सुधार आएको पाउनुभएको छ ?**

एकपछि अर्को गर्दै खुड्किलाहरू उक्लने क्रममा उनीहरूको गायकीमा शतप्रतिशत सुधार आएको छ । उनीहरूले दैनिक कठोर अभ्यास गर्न पाएका छन्, रियाज गर्न पाएका छन् । उनीहरू वास्तवमै कलाकार भैसकेका छन् ।

**मेघा राउन्डपछिको उनीहरूको यात्रा कसरी अघि बढ्यो ?**

मेघा राउन्डमा उनीहरूसहित ६० जना बालबालिका थिए । उक्त राउन्डको प्रस्तुतिपछि उनीहरू सोझै टप ३० मा पर्न सफल भए । टप ३० मा पनि उनीहरूको उत्कृष्ट प्रस्तुतिको क्रम जारी रह्यो । टप ३० पछि उनीहरू टप १६ मा पर्न सफल भए । हाम्रो अपेक्षा पनि उनीहरू टप १६ सम्म त पुग्छन् नै भन्ने थियो । त्यसभन्दा अघि बढ्नु भनेको चाहिं उनीहरूकै भाग्य, परिश्रम र समयको कुरा थियो ।

**त्यसपछिको उनीहरूको प्रस्तुति कस्तो रह्यो ?**

टप १६ का लागि उनीहरूले अझ बढी मेहनत गरे । फलस्वरूप उनीहरू टप १२ मा प्रवेश गर्न सफल भए । टप १२ पछि टप नाइन भयो, उनीहरू त्यसमा पनि पर्न सफल भए । टप ९ मा पनि उनीहरूले उत्कृष्ट प्रस्तुत दिएर आफ्नो स्थान सुरक्षित गरे । टप ९ मा पुगेपछि कार्यक्रमको फाइनलिष्ट छान्ने कुरा भयो । टप ९ मा यस्ता-यस्ता प्रतिभाशाली बालबालिका छन्, हाम्रा केटाहरू फाइनलका लागि छनौट होलान् कि नहोलान् जस्तो भयो । फालिएका बालबालिकाहरू नै यति प्रतिभाशाली थिए कि हाम्रा केटाहरूमा अद्भुत कला रहेछ भन्ने कुरा प्रमाणित भयो । टप ९ पछि एकैपटक गत शनिवार उत्कृष्ट ६ को छनोट भयो ।

**ग्रान्ड फिनालेका लागि आयुष र प्रितमको तयारी कस्तो छ ?**

ग्रान्ड फिनालेका लागि उनीहरू दिनरात मेहनत गरिरहेका छन् । उनीहरूले ग्रान्ड फिनालेमा गाउनुपर्ने गीत समेत पाइसकेका छन् । अहिले उनीहरू त्यही गीतमा अभ्यास गरिरहेका छन् ।

**ग्रान्ड फिनाले कसरी सञ्चालन हुने रहेछ ?**

ग्रान्ड फिनाले पर्सि आइतबार राति नेपाली समय अनुसार सवा ८ बजे प्रारम्भ हुने भनिएको छ । ग्रान्ड फिनालेमा १ सय जना संगीतकर्मीमाझ आयुष र प्रितमसहित ६ जना फाइनलिस्टहरूले आ-आफ्नो प्रस्तुति दिनेछन् । फिनालेमा बलिउडका थुप्रै सुपरस्टारले सहभागिता जनाउने कुरा सुनेको छु । त्यो प्लेटफर्ममा हाम्रा केटाहरूले कस्तो प्रस्तुति दिनेहुन्, आफूलाई कसरी अब्बल साबित गर्ने हुन् भन्ने कुराको प्रतीक्षा व्यग्र रूपमा गरिरहेको छु ।

**ग्रान्ड फिनालेमा आयुष र प्रितमबाट कस्तो नतिजाको आशा गर्नुभएको छ ?**

मेरा लागि त उनीहरू टप छ अर्थात् फाइनलमा पुग्नु नै आफैंमा एउटा ऐतिहासिक उपलब्धि भैसकेको छ । उनीहरू अथाह मेहनत गरेर आज यो स्थानसम्म पुग्न सफल भएका छन् । मलाई लाग्छ, आयुष र प्रितममध्ये एक जना कम्तीमा टप थ्रिसम्म चाहिं पुग्नैपर्ने हो । मन भित्रबाट त उनीहरू दुवै उपाधि नै जितेर नेपाल फर्किउन् भन्ने छ । यद्यपि त्यो एउटा वृहत प्रतिस्पर्धा हो ।

**उनीहरूलाई के शुभकामना दिन चाहनुहुन्छ ?**

उनीहरू दुवैले कुनै पनि एपिसोडमा नेपाली ढाकाटोपी छाडेका छैनन् । हरेक श्रृंखलामा उनीहरूले ढाकाटोपी वा नेपालको झण्डा भएको ब्याजमा सजिएर आफ्नो प्रस्तुति दिइरहेका छन् । पर्सि आइतबारको कार्यक्रममा पनि म उनीहरूलाई मौलिक नेपाल पहिरनमै प्रस्तुत भएर आफ्नो गीत प्रस्तुत गरेको हेर्न चाहन्छु र एउटा प्रशिक्षकको नाताले भन्छु– 'विजयी भवः ।'

## लिटिल च्याम्प्सको फाइनलमा

जी टिभी च्यानलबाट प्रसारण भैरहेको बाल रियालिटी गायन शो सारेगमपा लिटिल च्याम्प्सको सन् २०१९ को संस्करणमा सहभागी नेपाली बालप्रतिभा आयुष केसी तथा प्रितम आचार्य फाइनलमा पुग्न सफल भएका छन् ।

भारतभरका २० हजारभन्दा बढी बालप्रतिभालाई उछिन्दै उनीहरूले आगामी आइतबार फाइनलको सामना गर्नेछन् । दिल्लीमा भएको सारेगमपाका लागि अडिसन दिन आयुष र प्रितमसँगै अरु ८ जना नेपाली बालबालिका त्यहाँ पुगेका थिए ।

प्रितम र आयुष दिल्लीको छनौटपछि स्टुडियो राउन्डका लागि मुम्बई गएका थिए । त्यसपछि 'कलिङ राउन्ड' अनि 'मेगा अडिसन'राउण्ड हुँदै उनीहरू टप ११, टप ९ (सेमिफाइनल) मा पर्न सफल भएका थिए । गत शनिबार र आइतबार भएको सेमिफाइनलबाट उनीहरू फाइनल राउन्डमा पुग्न सफल भएका छन् । उनीहरूको गायनलाई ग्रान्ड जुरी तथा निर्णयकहरूले अत्यधिक रुचाउँदै आएका छन् ।



कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**